



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३४ अंक १२६ काठमाडौं | १० असार २०८३ बुधबार ज्येष्ठ शुक्लपक्ष दशमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, June 24, 2026 | पृष्ठ १० | १० रुपैयाँ

## ५ दिनभित्र होल्डिङ सेन्टर खाली गर्न सरकारको 'अल्टिमेटम'

विस्थापित सुकुमवासी भन्नै अन्योलमा, भन्छन्, 'सरकारबाट जग्गा पाइएला भन्ने आस गरिरहेका बेला बसिरहेको ठाउँसमेत छाड्नुपर्ने भयो, कहाँ जाने ? के गर्ने ? चिन्तामा पर्‍यौं'



कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा रहेका विस्थापित सुकुमवासी । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**समर्पण श्री** (काठमाडौं) **र ज्योती श्रेष्ठ** (काभ्रे)

सरकारले विस्थापित सुकुमवासीलाई १२ असारभित्र होल्डिङ सेन्टर खाली गर्न 'अल्टिमेटम' दिएको छ । अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले मंगलबार सूचना जारी गर्दै १२ असारभित्र सुकुमवासीलाई होल्डिङ सेन्टर खाली गर्न भनेको हो ।

समितिद्वारा जारी सूचनामा विस्थापितलाई सरकारले राहत रकम २५ हजार रुपैयाँ दिने निर्णय गरेकाले सोहीअनुसार होल्डिङ सेन्टर छाड्न निर्देशन दिइएको छ । सूचनामा घरभाडाका लागि ३ महिनाका निम्ति तोकिएको रकम मासिक रूपमा किस्ताबन्दीमा बैंक खातामा उपलब्ध गराइने उल्लेख छ ।

सरकारको 'अल्टिमेटम'ले विस्थापित सुकुमवासी थप अन्योलमा परेको गुनासो गरिरहेका छन् । होल्डिङ सेन्टरहरूमा बसिरहेका विस्थापित सुकुमवासी सरकारले स्थायी व्यवस्थापन गर्ने अपेक्षामा रहेका बेला नयाँ सूचनाले थप चिन्ता र अन्योल बढाएको बताउँछन् ।

भक्तपुरको नगरकोटस्थित होल्डिङ सेन्टरमा बसिरहेका इन्द्रबहादुर थापाका अनुसार मंगलबार त्यहाँ सरकारी कर्मचारीले राहत रकमका लागि निवेदन दिन र शिविर छाड्नका लागि दबाबस्वरूप फाराम भराइएको छ । 'फाराम भर्ने बेलामा विवाद पनि भयो, प्रशासनबाट कर्मचारी आउनुभएको थियो, उहाँहरूले असार १२ भित्र आफ्नो व्यवस्था गरिसक्नुपर्ने अल्टिमेटम दिनुभएको छ,' थापाले भने, 'तीन महिनापछि हाम्रो बिचल्ली होला भन्ने डर छ ।'

काठमाडौंको कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा रहेकी गिर्वाणिका थापा यो सूचना पाएपछि फेरि बिचल्लीमा पर्ने चिन्ता बढेको बताउँछिन् । 'भन्नेबित्तिकै कोठा पाउन पनि गाह्रो छ, डेरा पाइहाले पनि मासिक १५ हजारले अहिलेको अवस्थामा हामीलाई व्यवस्थापन गर्न गाह्रो छ, तीन महिनापछि फेरि बिचल्ली भइयो भने के गर्ने ? चिन्तित र त्रसित छौं,' उनले भनिन् ।

काभ्रेको बनेपा नगरपालिका-६ बुडोलस्थित नेपाल रेडक्रस सोसाइटी प्रशिक्षण केन्द्रको होल्डिङ सेन्टरमा बस्दै आएका सुकुमवासीले तत्कालै होल्डिङ सेन्टर छाडेर अर्को बसोबासको व्यवस्था गर्न कठिन हुने बताएका छन् । बनेपामा ४५ परिवार बस्दै आएका छन् । तीमध्येकै कृष्णकुमारी सुब्बाले पाँच दिनभित्र कोठा खोज्न असम्भवजस्तै रहेको बताइन् ।

'हामीलाई कम्तीमा एक-दुई साताको समय दिनुपर्छ । आज सूचना आयो, भोलिदेखि कोठा खोज्न निस्किनुपर्ने अवस्था छ, कहाँ जाने भन्ने टुंगो छैन,' उनले भनिन् । सरकारले जग्गा उपलब्ध गराउने आशामा बसिरहेका आफूहरू अहिले भाडाको कोठा खोज्न बाध्य भएको दुखेसो उनले पोखिन् ।

बनेपाकै होल्डिङ सेन्टरमा बसिरहेका तोयनाथ घिमिरेले आफूहरू सरकारकै व्यवस्थापनको भरमा बसेकामा अहिलेको सूचनाले थप अन्योल सिर्जना गरेको बताए । **बाँकी पृष्ठ ८**

### रास्वपाको प्रस्ताव

# प्रत्यक्ष निर्वाचित कार्यकारी, गैरदलीय राष्ट्रिय सभा

- मूल राजनीतिक सिद्धान्त सामाजिक लोकतन्त्र
- उपराष्ट्रपति राष्ट्रिय सभा अध्यक्ष हुने व्यवस्था प्रस्ताव

**गौरव पोखरेल** (भरतपुर)

राष्ट्रिय स्वतन्त्र पार्टीले राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाएर त्यसको अध्यक्ष उपराष्ट्रपति हुने व्यवस्थामा जानुपर्ने प्रस्ताव ल्याएको छ । चितवनको भरतपुरमा जारी महाधिवेशनको बन्दसत्रमा राजनीतिक प्रतिवेदन पेस गर्दै पार्टी सभापति रवि लामिछानेले रास्वपा प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा समेत रहेको बताएका छन् ।

सरकारले संविधान संशोधनका लागि प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा कार्यदल बनाएर छलफल गरिरहेका बेला सभापति लामिछानेले तयार पारेको दस्तावेजमा भनिएको छ, 'रास्वपा स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारीसहितको प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा छ ।' तर संविधान संशोधन कुनै दलको घोषणा नभई राष्ट्रको साझा दस्तावेज भएको उल्लेख गर्दै उनले संशोधन राष्ट्रको दीर्घकालीन आवश्यकता, जनताको अनुभव र लोकतान्त्रिक अभ्यासबाट निर्देशित होस् भन्ने चाहेको बताएका छन् ।

सभापति लामिछानेले २०७२ सालमा संविधान लेखिँदा नै एक दशकको अवधिमा कार्यान्वयनको समीक्षा र परिमार्जनको ढोका खोलिएको जनाएका छन् । रास्वपा संविधानका उपलब्धि र कमजोरी अनि नागरिकले चाहेका सुधारबारे खुला, इमानदार र जिम्मेवार बहसको पक्षमा रहेको उनको भनाइ छ । 'संविधान संशोधनको अबको आधार सुशासन, स्थायित्व, प्रतिनिधित्व र नागरिकको हित हुनुपर्छ, हामी व्यापक राष्ट्रिय संवाद, विज्ञहरूको सुझाव, नागरिकको सहभागिता र सम्भव भएसम्म सर्वदलीय सहमतिका पक्षमा छौं,' उनले भने ।

रास्वपा सभापति लामिछानेले महाधिवेशनमा पेस गरेको प्रतिवेदनमार्फत रास्वपाको विचार के हो भन्दै लामो समयदेखि उठ्ने गरेका प्रश्नको जवाफसमेत दिने प्रयास गरेका छन् । एकथरी आलोचकले दस्तावेज नहेरी 'रास्वपासँग विचार छैन' भन्दै आएकामा आफ्नो प्रतिवेदनले त्यस्तो सवाललाई खारेज गर्ने उनले बताए ।

'हामी परम्परागत वामपन्थी वा दक्षिणपन्थी होइनौं र जानीबुझी त्यो राजनीतिक ध्रुवीकरणमा सीमित छैनौं । कुनै पनि कठोर वैचारिक चौघेरालाई होइन, हामी व्यावहारिक, विवेकसम्मत, आवश्यकता तथा यथार्थतामा आधारित दृष्टिकोणलाई प्राथमिकता दिन्छौं,' उनले भने, 'पुराना वैचारिक ढाँचाहरूले मानव समाजलाई दिएको ऐतिहासिक योगदान, अनुभव र सकारात्मक अभ्यासलाई हामी सम्मान गर्छौं, तर तिनलाई व्यावहारिक उपयोगिता र सामाजिक न्यायको तुलोमा जोख्छौं ।'

निजी क्षेत्रको प्रोत्साहन, लगानीमैत्री वातावरण र प्रतिस्पर्धामा 'दक्षिणपन्थी' र आधारभूत स्वास्थ्य सेवा र शिक्षा सबै नागरिकका लागि राज्यले सुनिश्चित गर्नुपर्छ भन्दा 'वामपन्थी' देखिन सक्ने भन्दै लामिछानेले आफूहरू कुनै एकल वैचारिक ढाँचाबाट अघि बढ्नुपर्ने मान्यता नराख्ने धारणा राखेका छन् । **बाँकी पृष्ठ २**

## सभापतिमा लामिछाने निर्विरोध

९९ केन्द्रीय सदस्यको निर्वाचन आज, मतदान सकिएको दुई घण्टामा परिणाम दिने निर्वाचन आयोगको भनाइ



रास्वपा सभापतिमा मंगलबार साँझ मनोनयन दर्तापछि उम्मेदवार रवि लामिछाने र प्रस्तावक वालेन्द्र शाह बार्दलीबाट पार्टीका नेता-कार्यकर्तालाई हात उठाएर खुसी साट्दै । सभापतिमा लामिछाने निर्विरोध भएका छन् । तस्बिर : अंगद ढकाल/कान्तिपुर

**जयसिंह महरा** (भरतपुर)

राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो महाधिवेशनले सभापतिमा रवि लामिछानेलाई निर्विरोध निर्वाचित गरेको छ । ७ असार २०७९ मा घोषणा गरिएको रास्वपाका संस्थापक सभापति लामिछाने चितवनमा जारी पहिलो महाधिवेशनबाट निर्विरोध निर्वाचित भएका हुन् ।

रास्वपा केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले पार्टी सभापतिका लागि मनोनयन दर्ता गर्ने अवधिभरमा लामिछानेको मात्रै उम्मेदवारी परेकाले निर्विरोध निर्वाचित भएको घोषणा गरे । लामिछानेलाई सभापतिमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव पार्टी नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहले राखेका थिए । प्रस्तावमा पार्टीका संस्थापक सदस्य तथा प्रदेश सभापतिसँगै यसअघिको केन्द्रीय सचिवालयमा रहेका नेताहरूले समर्थन जनाएका थिए । रास्वपा सभापतिका लागि १ प्रस्तावक र ५१ समर्थक आवश्यक पर्ने कार्यविधि निर्वाचन आयोगले तोकेको थियो ।

सभापतिमा लामिछानेको प्रस्तावक शाह बन्नुले पार्टीमा समायोजनको प्रक्रिया सार्थक भएको नेता शिशिर खनालले बताए । 'चुनावअघिको समायोजन प्रक्रियाबाट विभिन्न राजनीतिक समूहलाई रास्वपामा लिएर आएका थियौं । यो ऐतिहासिक महाधिवेशनले सबैलाई एउटा पार्टीभित्र एकीकृत गरेर लाने वातावरण सिर्जना भएको छ,' उनले भने, 'रवि लामिछाने पार्टी सभापति निर्विरोध हुनुभएको छ । उहाँले सुरु गरेको यात्रामा हामी सबै अटाएका छौं भन्ने सबैलाई परेको छ ।' शाहले सभापतिमा लामिछानेलाई प्रस्ताव गरेपछि महाधिवेशनको बन्दसत्र स्थलबाहिर बार्दलीमा आएर दुवैले हात हल्लाएका थिए ।

प्रतिनिधि छनोटमा देखिएको विवादका कारण सोमबारका लागि तय गरिएको बन्दसत्र मंगलबार मात्रै सुरु भएको थियो । **बाँकी पृष्ठ २**

2026
FOOTBALL WORLD CUP
UNITED STATES - CANADA - MEXICO

### खेल तालिका

| | |
|---|---|
| स्विट्जरल्यान्डविरुद्ध क्यानडा | १० असार, २३:४५ बजे |
| बोस्नियाविरुद्ध कतार | ११ असार, ००:४५ बजे |
| मोरक्कोविरुद्ध हाइटी | ११ असार, ०३:४५ बजे |
| स्कटल्यान्डविरुद्ध ब्राजिल | ११ असार, ०३:४५ बजे |
| दक्षिण अफ्रिकाविरुद्ध दक्षिण कोरिया | ११ असार, ०६:४५ बजे |
| चेक गणतन्त्रविरुद्ध मेक्सिको | ११ असार, ०६:४५ बजे |

XTREME ENERGY DRINK

### भित्र

- प्रधानमन्त्री कार्यालयको निर्देशनपछि राष्ट्रिय परिचयपत्रको विदेशी ठेक्का रद्द, सरकार आफैंले छाप्ने
- भारतमा गर्मीको कहर: स्वास्थ्य, शिक्षादेखि रोजगारीमा असर
- वैदेशिक रोजगारीमा संकुचन, नयाँ श्रम स्वीकृति लिने १९ प्रतिशतले घटे

### गजब छ बा ! अविन




उम्मेदवारी ? खै, दिम् कि नदिम् ?... सांसदमा जिते जस्तो सजिलै जित्न सकिएला र, मानन्यज्यू ?



# रास्वपाको अर्थनीति: उदार अर्थतन्त्रसहितको लोककल्याणकारी राज्य




**चितवनमा जारी रास्वपा महाधिवेशनको मंगलबारको बन्दसत्रमा पदाधिकारीहरू ।** **तस्बिर : अंगद ढकाल**/कान्तिपुर

**यज्ञ बञ्जाडे** (काठमाडौं)

दुईतिहाइ निकटको बहुमतसहित सरकारमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले उदार अर्थतन्त्रसहितको लोककल्याणकारी राज्य निर्माण गर्ने मूल नीति अंगीकार गरेको छ । नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी रहेको रास्वपाले प्रस्ट्याएको छ ।

चितवनमा जारी रास्वपाको पहिलो महाधिवेशनमा पार्टी नेता तथा अर्थमन्त्री स्वर्णिम वाग्लेद्वारा प्रस्तुत अर्थराजनीतिक दस्तावेजमा वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्नु रहेको जनाइएको छ । लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोतसाधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्ने रास्वपाको नीति छ ।

रास्वपा सभापति रवि लामिछानेले पार्टीको मूल राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र' हुने बताएका छन् । मंगलबार महाधिवेशनको बन्दसत्रमा पेस गरेको राजनीतिक प्रतिवेदनमा सभापति लामिछानेले संविधानलाई नै 'वाद' वा सिद्धान्तका रूपमा अंगीकार गर्न उपयुक्त नहुने निष्कर्षमा पुगेको बताएका हुन् । रास्वपा परम्परागत 'वामपन्थी' वा 'दक्षिणपन्थी' होइन र जानीबुझी त्यो राजनीतिक ध्रुवीकरणमा सीमित नरहेको लामिछानेले बताए । 'कुनै पनि कठोर वैचारिक चौघेरालाई होइन, हामी व्यावहारिक, विवेकसम्मत, आवश्यकता तथा यथार्थमा आधारित दृष्टिकोणलाई प्राथमिकता दिन्छौं,' उनले भने । पुराना वैचारिक ढाँचाहरूले मानव समाजलाई दिएको ऐतिहासिक योगदान, अनुभव र सकारात्मक अभ्यासलाई सम्मान गर्ने, तर तिनलाई व्यावहारिक उपयोगिता र सामाजिक न्यायको तुलोमा जोख्ने पनि उनको भनाइ छ ।

'निजी क्षेत्रको प्रोत्साहन, लगानीमैत्री वातावरण र प्रतिस्पर्धामा हामी कसैलाई दक्षिणपन्थी लागौंला । आधारभूत स्वास्थ्य सेवा र शिक्षा सबै नागरिकका लागि राज्यले सुनिश्चित गर्नुपर्छ भन्दा वामपन्थी देखिऔंला,' लामिछानेले थपे, 'स्टार्टअप, निजी उद्यम र बजार स्वतन्त्रतालाई प्रोत्साहनले हामीलाई नदेखाएको वामपन्थी श्रमिक अधिकार, न्यूनतम ज्याला र सामाजिक सुरक्षा ग्यारेन्टीले देखाउला ।' राज्य, समाज र अर्थतन्त्रलाई कुनै एकल वैचारिक ढाँचाबाट होइन, मिश्रित, सन्तुलित र परिस्थिति अनुकूल दृष्टिकोणबाट अघि बढाउनुपर्छ भन्ने मान्यता आफूहरूले राख्ने पनि उनको भनाइ छ । हालसम्म प्राप्त उपलब्धिको स्थायित्व र सुदृढीकरण, नेपालको वर्तमान आर्थिक, सामाजिक परिस्थिति र नागरिकले आस गरेको राज्यको आधारभूत चरित्रको विश्लेषणका आधारमा आफूहरूले 'सामाजिक लोकतन्त्र'लाई पार्टीको मूल राजनीतिक सिद्धान्तका रूपमा अंगीकार गर्ने निष्कर्ष निकालेको पनि उनले उल्लेख गरेका छन् । सामाजिक लोकतन्त्रबाट सामाजिक न्याय सुनिश्चित गर्न रास्वपाको दर्शन पाँच मूल आधारस्तम्भमा आधारित रहेको पनि लामिछानेको भनाइ छ । उनका अनुसार पाँच आधारस्तम्भमा प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र, विधिको शासन, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य र समन्यायिक समावेशी समाज छन् ।

रास्वपाले लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको पक्षमा रहेको र त्यसको कुनै विकल्प नसोचेको स्पष्ट पारेको छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली नेपालको मौलिक राजनीतिक अनुभव र विश्व राजनीतिकको ऐतिहासिक विकासक्रम दुवैसँग गाँसिएको भन्दै रास्वपाले यसको सुदृढीकरणलाई जोड दिएको छ । साथै, प्रदेश खारेजीसहितको संघीयताको पुनःसंरचना, दलविहीन स्थानीय तह एवं स्थानीय तहको संख्या एकतिहाइ कटौतीसहितको विषयलाई बहसको एजेन्डा बनाएको छ ।

प्रस्तावनामा रास्वपा उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी रहेको भनिएको छ । वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनको पक्षमा रास्वपाले आफूलाई उभ्याएको छ । साथै समन्यायिक समावेशी समाजको निर्माणको उद्देश्य पार्टीको रहेको जनाएको छ । रास्वपाले नेपालको संविधान २०७२ को संशोधन वा पुनर्लेखनमा जोड दिएको छ । 'हाम्रो संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्नेछौं,' वाग्लेले प्रस्तावनामा भनेका छन्, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह, प्रदेशसभाको खारेजीसहितको संघीयताको पुनःसंरचना एजेन्डालाई रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ ।'

लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोतसाधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजारप्रति प्रतिबद्ध रहेको वाग्लेले बताए । श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलनको प्रतिबद्धता र नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान प्रस्तावनामा उल्लेख छ ।

### रास्वपाको आम्दानी सवा १२ करोड

चालु आर्थिक वर्ष २०८२/८३ मा रास्वपाले १२ करोड २४ लाख १५ हजार रुपैयाँ आम्दानी प्राप्त गरेको छ । पार्टीकी कोषाध्यक्ष लिमा अधिकारीले प्रथम महाधिवेशनमा पेस गरेको प्रतिवेदनले यस्तो देखाएको हो । आर्थिक वर्ष २०७८/७९ मा मात्र ४ लाख १० हजार आयबाट पार्टी स्थापना भएको थियो । प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०८२/८३ को कुल आम्दानीमध्ये चन्दा तथा सहयोगको हिस्सा ५१.४३, प्रत्यक्ष तथा समानुपातिक सांसदका उम्मेदवारबाट प्राप्त शुल्कको हिस्सा २६.६१ र सदस्यता शुल्कको हिस्सा १७.९८ प्रतिशत छ । बाँकी २.५२ प्रतिशत हिस्सा लेबीबाट प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ ।

## शक्तिकेन्द्रित कूटनीतिभन्दा 'विकास कूटनीति' लाई प्राथमिकता

काठमाडौं (कास)- रास्वपाले 'विकास र वैश्विक मञ्चमा जीवन्त उपस्थिति' मा केन्द्रित परराष्ट्र नीति लिने भएको छ ।

मंगलबार भरतपुरमा जारी प्रथम महाधिवेशनको बन्दसत्रमा पेस गरेको राजनीतिक प्रतिवेदनमा सभापति लामिछानेले नेपालको संविधानले परिभाषित गरेका राष्ट्रिय हित- स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान, सीमाको सुरक्षा, नागरिकको हकहित तथा आर्थिक समुन्नतिलाई परराष्ट्र नीतिको आधारभूत मार्गदर्शक मान्दै रास्वपा स्वतन्त्र, सन्तुलित र राष्ट्रिय हितकेन्द्रित परराष्ट्र नीतिप्रति प्रतिबद्ध रहेको बताएका हुन् ।

संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त, असंलग्न आन्दोलनको भावना, अन्तर्राष्ट्रिय कानुन तथा विश्वशान्तिका सार्वभौम मान्यताप्रति प्रतिबद्ध रहँदै बदलिँदो विश्व व्यवस्थाको यथार्थलाई समेत आत्मसात् गर्ने सभापति लामिछानेले बताएका छन् । प्रतिवेदनमा उनले भनेका छन्, 'हाम्रो दृष्टिमा परराष्ट्र नीति केवल कूटनीतिक सम्बन्ध व्यवस्थापनको विषय होइन, बरु राष्ट्रिय विकास, आर्थिक रूपान्तरण, लगानी आकर्षण, व्यापार विस्तार, प्रविधि हस्तान्तरण र अन्तर्राष्ट्रिय साझेदारीको माध्यम पनि हो । त्यसैले रास्वपाले परम्परागत शक्तिकेन्द्रित कूटनीतिभन्दा विकास कूटनीतिलाई परराष्ट्र नीतिको केन्द्रमा स्थापित गर्ने लक्ष्य राखेको छ ।'

नेपाल भूराजनीतिक दृष्टिले विश्वका दुई उदाउँदा आर्थिक तथा रणनीतिक शक्तिहरू भारत र चीनको बीचमा अवस्थित रहेको उल्लेख गर्दै सभापति लामिछानेले भनेका छन्, 'यो भौगोलिक अवस्थालाई कमजोरी होइन, अवसरका रूपमा उपयोग गर्नुपर्छ र गर्न सकिन्छ भन्नेमा रास्वपा विश्वस्त छ । हामी नेपाललाई प्रतिस्पर्धी प्रभाव क्षेत्रको निष्क्रिय मैदान होइन, दक्षिण एसिया र हिमालय क्षेत्रलाई जोड्ने आर्थिक, सांस्कृतिक, व्यापारिक तथा मानवीय सम्पर्कको 'जीवन्त पुल' का रूपमा विकास गर्ने दीर्घकालीन दृष्टिकोण राख्छौं ।'

छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध पारस्परिक सम्मान, समानता, विश्वास र साझा हितमा आधारित हुने पनि सभापति लामिछानेले जनाएका छन् । उनले अगाडि भनेका छन्, 'भारत र चीन दुवैसँग सन्तुलित, स्थिर र व्यावहारिक सम्बन्ध कायम गर्दै व्यापार, पूर्वाधार, ऊर्जा, पर्यटन, शिक्षा, प्रविधि तथा क्षेत्रीय कनेक्टिभिटीका क्षेत्रमा सहकार्य विस्तार हाम्रो प्राथमिकता हो । सीमा व्यवस्थापन, सीमा विवाद तथा ऐतिहासिक सन्धि-सम्झौताका विषयलाई भावनात्मक बहस होइन, तथ्य, प्रमाण, अन्तर्राष्ट्रिय अभ्यास र संस्थागत संवादमार्फत समाधान खोज्न हामी कटिबद्ध छौं ।'

रास्वपा विश्वका सबै मित्रराष्ट्रहरूसँग राष्ट्रिय हित, पारस्परिक लाभ र सार्वभौमिक समानताका आधारमा सम्बन्ध विस्तार गर्ने पक्षमा रहेको पनि सभापति लामिछानेको भनाइ छ । 'कुनै पनि शक्तिकेन्द्रप्रति अनावश्यक झुकाव वा निर्भरता होइन, बरु साझेदारी, रणनीतिक सन्तुलन र स्वायत्त निर्णय क्षमतामार्फत नेपालको अन्तर्राष्ट्रिय भूमिका सुदृढ गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ । बदलिँदो विश्व परिवेशमा जलवायु परिवर्तन, ऊर्जा सुरक्षा, आपूर्ति शृंखला, प्रविधि शासन, साइबर सुरक्षा र आप्रवासनजस्ता नयाँ अन्तर्राष्ट्रिय मुद्दामा नेपाललाई सक्रिय र प्रभावकारी आवाजका रूपमा स्थापित गर्न हामी प्रतिबद्ध छौं,' उनले भनेका छन् ।

विश्वभर फैलिएका नेपालीहरू नेपालको सौम्य शक्तिका सबैभन्दा महत्त्वपूर्ण स्रोत रहेको सभापति लामिछानेले प्रतिवेदनमा उल्लेख गरेका छन् । 'रास्वपा नेपाली डायस्पोरालाई केवल रेमिट्यान्सको स्रोतका रूपमा होइन, ज्ञान, सीप, नवप्रवर्तन, लगानी, अन्तर्राष्ट्रिय अनुभव र विश्वव्यापी सञ्जालको वाहकका रूपमा हेर्छ । विदेशस्थित नेपालीहरूको बौद्धिक, आर्थिक र सामाजिक पुँजीलाई राष्ट्रिय विकाससँग जोड्न विशेष कूटनीतिक तथा नीतिगत संयन्त्र निर्माण हाम्रो प्राथमिकता हुनेछ,' उनले भनेका छन् ।

गैरआवासीय नेपालीहरूको नेपालसँगको सम्बन्धलाई अझ मजबुत बनाउँदै उनीहरूको ज्ञान, प्रविधि, लगानी र अनुभवलाई राष्ट्रिय समृद्धिको अभियानमा परिचालन गर्न रास्वपाले पुलको काम गर्ने पनि लामिछानेको दाबी छ । उनले अगाडि भनेका छन्, '२१ औं शताब्दीको सफल परराष्ट्र नीति केवल सीमाको रक्षा गर्ने नीति होइन । अवसरको खोजी गर्ने, साझेदारी निर्माण गर्ने र विश्वमञ्चमा राष्ट्रको सम्मान तथा प्रभाव विस्तार गर्ने नीति हो ।'

रास्वपाको परराष्ट्र नीति राष्ट्रिय स्वाभिमान र आर्थिक यथार्थवादको संयोजनमा आधारित हुने पनि सभापति लामिछानेको भनाइ छ ।

## प्रत्यक्ष निर्वाचित कार्यकारी...

**राजनीतिक प्रतिवेदनका मुख्य बुँदा**

- संविधान संशोधनमा व्यापक राष्ट्रिय संवाद, विज्ञहरूको सुझाव, नागरिक सहभागिता र सम्भव भएसम्म सर्वदलीय सहमतिका पक्षमा
- राष्ट्र निर्माणको राजनीतिमा दलहरू एकअर्काका शत्रु होइनन्, बढीमा विचार, कार्यक्रम र प्राथमिकता फरक भएका प्रतिस्पर्धी हुन्
- जनमतबाट सानदार संसदीय आकार त तय भएको छ, तर दीर्घकालीन राजनीतिक शक्तिको आधार लोकप्रियता मात्र हुन सक्दैन
- संगठन विधिभन्दा व्यक्तिमा निर्भर होला कि भन्ने चिन्ता बढेको छ
- रास्वपा 'क्षणिक लोकप्रियताको शक्ति नभई दीर्घकालीन संस्थागत र परिवर्तनकारी राजनीतिक शक्ति' भएको सावित गर्नुपर्नेछ

'स्टार्टअप, निजी उद्यम र बजार स्वतन्त्रतालाई प्रोत्साहनले नदेखाएको वामपन्थी श्रमिक अधिकार, न्यूनतम ज्याला र सामाजिक सुरक्षा ग्यारेन्टीले देखाउला,' उनले भने, 'हामी राज्य, समाज र अर्थतन्त्रलाई कुनै एकल वैचारिक ढाँचाबाट होइन, मिश्रित, सन्तुलित र परिस्थितिअनुकूल दृष्टिकोणबाट अघि बढाउनुपर्छ भन्ने मान्यता राख्छौं । हामी आँखा जँचाएर चस्मा बनाउनुपर्छ भन्छौं, चस्माअनुसारको आँखा होइन ।'

महाधिवेशनउप्रान्त रास्वपाको मूल राजनीतिक सिद्धान्त सामाजिक लोकतन्त्र हुने लामिछानेको भनाइ छ । रास्वपाको प्रस्तावित विधानमा संवैधानिक समाजवाद उल्लेख छ । तर उनले प्रतिवेदनमा संविधानलाई नै वाद वा सिद्धान्तका रूपमा अंगीकार गर्न उपयुक्त नहुने निष्कर्षमा पुगेको जनाएका छन् । प्रतिवेदनमा उनले लेखेका छन्, 'यसको अर्थ संविधानप्रतिको अस्वीकार्यता कदापि होइन, देशको संविधान र दलको नीति, विचार, सिद्धान्त दुई अलग विषय हुन् ।' संविधानलाई तत्कालीन राजनीतिक सम्झौताको दस्तावेज भन्दै लामिछानेले समयअनुसार संशोधन अपरिहार्य हुने अवस्थामा त्यसलाई नै वाद बनाउँदा लक्ष्यमा कसरी पुगिन्छ भन्ने प्रश्न उठाएका छन् ।

### अरू राजनीतिक दलसँगको सम्बन्ध

रास्वपाले अरू दललाई एकअर्काको शत्रुका रूपमा नहेर्नेसमेत सभापति लामिछानेले बताएका छन् । 'दशकौंसम्म राजनीति को मित्र, को शत्रु भन्ने चस्माबाट हेरियो, तर राष्ट्र निर्माणको राजनीतिमा दलहरू एकअर्काका शत्रु होइनन्, बढीमा विचार, कार्यक्रम र प्राथमिकता फरक भएका प्रतिस्पर्धी हुन्,' उनले प्रतिवेदनमा उल्लेख गरेका छन्, 'लोकतन्त्रमा चुनावी प्रतिस्पर्धाको अर्थ राष्ट्रका आधारभूत प्रश्नहरूमा पनि मतभेद होइन ।'

आफूहरूको साझा शत्रु गरिबी, भ्रष्टाचार, कुशासन, अशिक्षा र कमजोर स्वास्थ्य सेवा भएको जनाउँदै लामिछानेले भने, 'युवाको पलायन, आर्थिक परनिर्भरता, उत्पादनहीन अर्थतन्त्र, राज्यप्रतिको घट्दो विश्वास अनि सामाजिक विभाजन र असहिष्णुता हुन् यो देशका शत्रु ।'

लामिछानेले अहिलेसम्म भागबन्डाका कारण सर्वदलीय सहमति एकदमै बदनाम रहेको उल्लेख गर्दै त्यो सहमतिलाई राष्ट्रहितमा लगाएर त्यसको गरिमा फर्काउन चाहने बताएका छन् । 'जस्तो हामीलाई कस्तो नागरिक चाहिन्छ ? कस्तो शिक्षा प्रणाली चाहिन्छ ? यो प्रश्न केवल सरकारको होइन, समाजको भविष्यको हो, त्यसैले शिक्षा नीति राष्ट्रिय सहमतिको विषय हो,' उनले भने ।

लामिछानेले रास्वपा स्थापना भएको चार वर्ष पुगे पनि विभिन्न कारणले पार्टी राजनीतिक अभियानबाट संस्थागत राजनीतिक दलमा रूपान्तरण भइरहेको संक्रमणकालमै रहेको बताएका छन् । 'जनमतबाट सानदार संसदीय आकार त तय भएको छ, तर दीर्घकालीन राजनीतिक शक्तिको आधार लोकप्रियता मात्र हुन सक्दैन,' उनको आत्ममूल्यांकन छ, 'निजी फाइदाका लागि पार्टीभित्र नयाँ र पुरानाका नाममा खेल्ने प्रवृत्ति, गुटगत मानसिकता, व्यक्तिगत प्रभाव विस्तारको प्रवृत्ति र व्यक्तिकेन्द्रित सोच संगठनमा रहेको छ, त्यसले संगठनात्मक एकता र विश्वासलाई चुनौती दिइरहेको छ ।'

मुहान जे भए पनि एउटै नदीका हिस्सा हौं भन्ने भावनासाथ सहकार्य र सम्मानको संस्कार विकासमा पनि कमजोरी देखिएको लामिछानेको भनाइ छ । 'समूहगत संरक्षणवादले योग्य तथा प्रतिबद्ध सदस्यहरूलाई निरुत्साहित बनाएको गुनासो पनि छ, प्रारम्भिक योगदानका आधारमा विशेष अधिकार खोज्ने र आफूमाथि चुनौती हुन सक्छ भनेर राम्रा व्यक्तिलाई पार्टीमा आउन रोक्ने प्रवृत्ति पनि छ,' उनले भने । लामिछानेले नियमित सम्पर्क, संवाद र क्षमता विकासको अभावमा सदस्यहरूमा निराशा र निष्क्रियता बढ्ने जोखिम रहेको समेत उल्लेख गरेका छन् । उनले भनेका छन्, 'संगठन विधिभन्दा व्यक्तिमा निर्भर होला कि भन्ने चिन्ता पनि बढेको छ ।'

आलोचकले भनेजस्तो रास्वपा 'क्षणिक लोकप्रियताको शक्ति नभई दीर्घकालीन संस्थागत र परिवर्तनकारी राजनीतिक शक्ति' भएको सावित गर्नुपर्ने आवश्यकता रहेको समेत लामिछानेले प्रतिवेदनमा उल्लेख गरेका छन् । 'हामीले प्राप्त गरेको जनमत अन्तिम उपलब्धि होइन, ठूलो यात्रा प्रारम्भको आधार मात्र हो,' प्रतिवेदनमा भनिएको छ, 'त्यसलाई दीर्घकालीन जनविश्वासमा रूपान्तरण गर्न विधि, पारदर्शिता, अनुशासन र समर्पण आवश्यक छ । पार्टीमा वास्तविक सुधार त्यतिबेला मात्र सम्भव हुन्छ, जतिबेला व्यक्तिभन्दा विधि, मभन्दा हामी र स्वार्थभन्दा साझा उद्देश्य राख्ने संस्कार विकसित हुन्छ ।'

सभापति लामिछानेले रास्वपा परिपक्व र परिष्कृत हुँदै जाँदा जनसमर्पणको आकार पनि निरन्तर फराकिलो हुँदै गएको बताएका छन् । 'हाम्रो दृढ संकल्प, निरन्तरको प्रयास र जनतासँगको अटुट सम्बन्ध नै सबैभन्दा ठूलो शक्ति हो, त्यसैले आत्तिनुपर्ने वा निराश हुनुपर्ने कारण छैन । हामीले आलोचना र निन्दालाई हाम्रो शक्तिको बढोत्तरीको परिणाम मान्नुपर्छ,' उनले भनेका छन् ।



> निजी क्षेत्रको प्रोत्साहन, लगानीमैत्री वातावरण र प्रतिस्पर्धामा 'दक्षिणपन्थी' र आधारभूत स्वास्थ्य सेवा र शिक्षा सबै नागरिकका लागि राज्यले सुनिश्चित गर्नुपर्छ भन्दा 'वामपन्थी' देखिन सक्छ, हामी कुनै एकल वैचारिक ढाँचाबाट अघि बढ्नुपर्ने मान्यता राख्दैनौं
>
> **रवि लामिछाने**
> रास्वपा सभापति

## सभापतिमा लामिछाने...

मंगलबार दिउँसो ३:१५ बजे मात्रै बन्दसत्र सुरु भएको थियो । बन्दसत्रमा सभापति लामिछानेले राजनीतिक प्रतिवेदन, उपसभापति स्वर्णिम वाग्लेले अर्थ राजनीतिक प्रस्ताव र महामन्त्री कवीन्द्र बुर्लाकोटीले संगठनात्मक प्रतिवेदन पेस गरेका थिए । यस्तै सहमहामन्त्री विपिन आचार्यले विधान संशोधन प्रतिवेदन, कोषाध्यक्ष लिमा अधिकारीले लेखा प्रतिवेदन प्रस्तुत गरे । अनुशासन आयोगको प्रतिवेदन रमाकान्त रिमालले पेस गरे ।

बन्दसत्र सम्पन्न भएसँगै निर्वाचन आयोगले निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो । पार्टी सभापति पदको मनोनयन फाराम वितरण र दर्ताका लागि साँझ ७ देखि ७:३० बजेसम्मको समय तोकिएको थियो । निर्वाचनबाट आउने ९९ केन्द्रीय सदस्यहरूको निर्वाचन प्रक्रिया पनि सुरु भएको छ । केन्द्रीय सदस्य पदको फाराम वितरण तथा दर्ता मंगलबार राति साढे ७ देखि साढे ९ सम्म तोकिएको थियो ।

उम्मेदवारविरुद्ध दाबी विरोध तथा जाँचबुझ गरेर राति ११:४५ बजे नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ । केन्द्रीय सदस्यको उम्मेदवारी दर्ताका लागि २१ हजार शुल्क तोकिएको छ । केन्द्रीय सदस्यको उम्मेदवारले १ प्रस्तावक र २१ समर्थकको विवरण पनि पार्टीको निर्वाचन आयोगमा बुझाउनुपर्ने कार्यविधि छ ।

बुधबार बिहानै मतदान सुरु हुने निर्वाचन आयोगले जनाएको छ । केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले भने, 'केन्द्रीय सदस्यका लागि बुधबार बिहान ८ बजेदेखि मतदान गर्ने तयारी गरेका छौं । मतदानमा ८ घण्टा समय लाग्छ ।'

रास्वपा केन्द्रीय सदस्य र पदाधिकारीको मतदानमा इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम) सँगै मोबाइल एप प्रयोग गर्ने तयारी छ । 'मतदानस्थलमा रहेका प्रतिनिधिले ईभीएम र प्रवासमा रहेका प्रतिनिधिले रास्वपाको मोबाइल एपबाट मतदान गर्नेहुनेछ । मतदान सकिएको दुई घण्टामा मतपरिणाम आउँछ,' निर्वाचन आयोग प्रमुख केसीले भने ।

रास्वपाको महाधिवेशनमा दुई चरणमा निर्वाचन हुने पार्टी विधानको व्यवस्था छ । पहिलो चरणमा सभापति र ९९ केन्द्रीय सदस्यको निर्वाचन हुनेछ भने दोस्रो चरणमा पदाधिकारीको निर्वाचन हुने विधानको प्रावधान रहेको छ । केन्द्रीय सदस्यमा निर्वाचित व्यक्ति मात्रै पदाधिकारीको उम्मेदवार बन्न पाउनेछन् ।

यसपालि विधान संशोधन गरेर पदाधिकारीको संख्या १९ पुऱ्याइएको छ । यसअघि पदाधिकारी संख्या १२ थियो । यस पटक रास्वापमा सभापति १, वरिष्ठ नेता १, उपसभापति ३ (१ महिला र १ मनोनीत), महामन्त्री २ (१ मनोनीत), सहमहामन्त्री ५ (१ महिला, २ मनोनीत), प्रवक्ता १, सहप्रवक्ता ३ (१ महिला), कोषाध्यक्ष १ र सहकोषाध्यक्ष २ (१ महिला) हुने व्यवस्था राखिएको छ ।

वरिष्ठ नेता वालेन्द्र शाह बन्ने पक्का भएको छ । खुला उपसभापतिमा स्वर्णिम वाग्लेको मात्रै उम्मेदवारी पर्ने नेताहरूले बताउँदै आएका छन् । महिला उपसभापतिमा भने सोविता गौतम, लिमा अधिकारी, प्रतिभा रावललगायतको उम्मेदवारी पर्न सक्ने नेताहरूको भनाइ छ । त्यस्तै खुला महामन्त्रीमा मनीष झा, विपिन आचार्य, कवीन्द्र बुर्लाकोटी, गणेश पराजुली, शिशिर खनालगायतका नेताहरूले दाबी गरिरहेका छन् । डा. तोसिमा कार्कीले महिला उपसभापति वा महामन्त्रीमा उम्मेदवारी दिने तयारी गरिरहेको चर्चा छ । सहमहामन्त्रीमा दीपक बोहरा, अशोक चौधरी, क्रान्तिशिखा धिताल, निशा डाँगी, निशा मेहतालगायतलाई उम्मेदवारका रूपमा हेरिएको छ । केन्द्रीय सदस्यमा निर्वाचित भए मात्र यी नेताले पदाधिकारीमा उम्मेदवारी दिन पाउनेछन् ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

भक्तपुर कटुन्जेमा राम्रो घर, ९८६२४३५९०२

ग्वार्को लामाटार 22m-हाइवेमै बसपार्कछेवैमा दक्षीण-मोहडाभएको दुइतल्ले ब्रान्डन्युघर तिनआना रु-2,2000000, घरधनी, 9851068701, 9810193273,

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८५१०४५२१८

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

धितोफुकुवा, बैंकलोन, चाहिएमा 9851065811, 9841007757

**विविध बिक्रीमा**

क्याफे बिक्रिमा पुतलीसडक 9845985435

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

नयाँबानेश्वर थापागाउँमा एकरोपनी भन्दाबढी जग्गामारहेको एउटै कम्पाउण्डभित्र तिनवटा घरहरूभाडामा सम्पर्क: ९८०१०००३२६ (अफिसियल प्रयोजनकोलागि मात्र)

अफिस तथा कार्यालय प्रयोजनका लागि फ्ल्याटभाडामा दरबारमार्गको मुख्यसडकमा, सालिककोनजिकै अवस्थितभवनको तेस्रोतल्लामा रहेको करिब ३७०बर्गफुट क्षेत्रफलको व्यवस्थित फ्ल्याट तुरुन्तभाडामा उपलब्धछ, सुविधाहरू: सम्पूर्ण फर्निचर सहित ए.सी.जडान गरिएको आकर्षक इन्टेरियल तथा डेकोरेसन सहजपहुँच तथा व्यावसायिक वातावरण सम्पर्क: ९८४१६४४६५६ (सुरज)

**चाहियो**

पुल्चोकको रेष्टुरेण्टमा कुक, हेल्पर 9841412622

क्यान्टिनकोलागी कुक वेटर हेल्फर चाहियो ९८६१६६६०१२

मासुपसलकोलागि बाईकको लाइसेन्सभएको कामदार चाहियो खानेबस्नेसुविधा ९८४१९४५१२१

कोल्ड स्टोरकोलागि मासुको मार्केटिङ्ग गर्ने स्टाफ चाहियो मोटरसाईकल आफनो भएको अनुभवी तलब ३५,०००/- बुढानिलकण्ठ 9824711121

सेक्युरिटी गार्ड तु.अर्जेन्ट २००००/२४००० ९८२३००५३८४

घरायसीकामको लागि महिला कामदार सितापाईला समय १० देखि ६ सम्म 9802364485

हेल्पर तथा डेलिभरिब्वाई आवश्यक खानबस्नको ब्यवस्था ९८४००५७४२६

आकाशेपुल गेष्ट हाउसको लागि अलराउण्डर कुक चाहियो खान बस्न सहित २०,०००/- सेलरी सम्पर्क ९८२४४४४६३३

फास्टफुड कुक चाहियो 9823490339

Willim Group 9808853004 /9806900505 RS25000/-

# प्रधानमन्त्री कार्यालयको निर्देशनपछि राष्ट्रिय परिचयपत्रको विदेशी ठेक्का रद्द, सरकार आफैंले छाप्ने

### सरकारी काममा परिचयपत्र अनिवार्य गरिए पनि छपाइमा ढिलासुस्तीले सर्वसाधारणले सास्ती खेप्दै

**सुदीप कैनी** (काठमाडौं)



**राष्ट्रिय परिचयपत्र बनाउन तस्बिर खिचिँदै ।** **फाइल तस्बिर** : कान्तिपुर

सरकारले राष्ट्रिय परिचयपत्र छपाइसहित सूचना प्रणालीको व्यवस्थापन र मर्मतसम्भारका काम आफैं गर्ने भएको छ । यसअघि विदेशी कम्पनीको सहयोगमा राष्ट्रिय परिचयपत्रका लागि व्यक्तिको विवरण संकलन, त्यसको व्यवस्थापन, भण्डारणलगायत परिचयपत्र छपाइको काम हुँदै आएको थियो ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको सहयोग तथा मर्मत (एनआईडीएमआईएस सपोर्ट एन्ड मेन्टनेन्स) का लागि आह्वान गरेको ठेक्का रद्द गर्दै ती काम आफैंले गर्ने जनाएको हो । त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सहयोग लिने जनाइएको छ । विभागका सूचना अधिकारी तथा निर्देशक नीराजन श्रेष्ठले २५ वैशाखमा सूचना प्रकाशित गरेर ठेक्का रद्द गरिएको बताए ।

विभागले सूचना जारी गरेर राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको मर्मतसम्भार र सहयोगका लागि आह्वान गरिएको परामर्श सेवाको खरिद प्रक्रिया रद्द गरिएको जनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्थाअनुसार ठेक्का रद्दको निर्णय लिइएको सूचनामा उल्लेख छ । ठेक्का प्रक्रियामा फ्रान्स, मलेसिया र दुबईका तीन वटा अन्तर्राष्ट्रिय परामर्शदता कम्पनीहरू सहभागी थिए । खरिद ऐनको दफा २६ र ३६ का उपदफामा बोलपत्र प्रभावग्राही नभएमा र कुनै पनि प्रस्ताव प्राविधिक वा आर्थिक रूपमा उपयुक्त नभएका खरिद प्रक्रियालाई रद्द गर्न सकिने व्यवस्था छ । विभागले सोही व्यवस्थाअनुसार ठेक्का प्रक्रिया रद्द गरिएको बताएको छ ।

ठेक्काका लागि २ पुस २०८२ मा सूचना प्रकाशित भएको थियो । 'तीन वटा कम्पनीले आवेदन दिएका थिए । आर्थिक प्रस्ताव अध्ययनका क्रममा थियौं । प्राविधिक प्रस्ताव खोलेर हेरिएको पनि थिएन,' विभागका एक अधिकारीले भने, 'फेरिएको परिस्थितिमा नेपाल सरकारबाट उक्त काम आफैं गर्ने आदेश प्रधानमन्त्री कार्यालयबाट आयो । त्यसैअनुसार ठेक्का रद्द गर्ने निर्णय लिएका हौं ।' २५ वैशाखमा ठेक्का रद्द गर्ने निर्णय लिएलगत्तै विभागका तत्कालीन महानिर्देशक नमराज घिमिरेको २८ वैशाखमा मुस्लिम आयोगमा सरुवा भएको थियो । उनले ठेक्का रद्द गरेर प्राविधिक काम विभागले नै गर्न असम्भव रहेको भन्दै अडान लिएको विभागका एक निर्देशकले बताए । घिमिरे सरुवा भएपछि १८ जेठमा सहसचिव कृष्ण पौडेललाई गृह मन्त्रालयले महानिर्देशकका रूपमा खटाएको छ । 'प्रधानमन्त्री सचिवालयबाटै ठेक्का रद्दका लागि दबाबसहित निर्देशन भएको थियो,' ती निर्देशकले भने । प्रधानमन्त्री सचिवालयका एक सदस्यले पनि राष्ट्रिय परिचयपत्रसम्बन्धी सबै काम आफैंले गर्ने गरी ठेक्का रद्द गरिएको जनाए । 'सरकारले आवश्यक प्राविधिक जनशक्ति नियुक्त गरेर राष्ट्रिय परिचयपत्रको काम गर्ने गरी ठेक्का तोडिएको हो,' उनले कान्तिपुरसित भने ।

विभागका अनुसार एनआईडीएमआईएस सपोर्ट एन्ड मेन्टिनेन्स ठेक्काका लागि दुबईको ग्राभिटी गुप्र आईएनडी एलएलसी, मलेसियाको आइरिस कर्पोरेसन र फ्रान्सको इन स्मार्ट आइडेन्टिटी फ्रान्स एसएएस (आइडेमिया) प्रतिस्पर्धामा थिए । यसअघि फ्रान्सेली कम्पनी आइडेमियाको नेपाली एजेन्ट एड्भान्टेज इन्टरनेसनल प्रालिले राष्ट्रिय परिचयपत्रसम्बन्धी काम गर्दै आएको थियो । बायोमेट्रिक स्मार्ट कार्ड छपाइ तथा व्यक्तिगत विवरण समावेश गर्न फ्रान्सेली कम्पनी र सरकारबीच २०१८ मा सम्झौता भएको थियो । उसले नागरिकको बायोमेट्रिक दर्ता प्रणाली, स्मार्ट कार्ड उत्पादन तथा कार्डका विवरण छाप्ने प्रणालीको जिम्मा पाएको थियो । उक्त सम्झौता सकिएपछि नयाँ ठेक्का प्रक्रिया अघि बढाइएको हो ।

'हाम्रो आन्तरिक जनशक्तिले लेभल १ र २ सम्बन्धी काम गर्न सक्छ । लेभल ३ भन्दा माथि उच्च तहको प्राविधिक काम गर्न अन्तर्राष्ट्रियस्तरको परामर्शदाता नियुक्त गर्न सूचना जारी गरेका थियौं,' विभाग निकट स्रोतले भन्यो, 'प्रधानमन्त्री कार्यालयबाट स्वदेशी विज्ञहरूबाटै उक्त काम गर्न सकिन्छ । अब परामर्शका लागि विदेशी कम्पनी तथा जनशक्ति नियुक्त गर्नु पर्दैन । विभागले नसकेको काम प्रधानमन्त्री कार्यालयले हेर्छ, त्यसका लागि आवश्यक सहयोग गर्ने व्यहोरा ठेक्का रद्दको निर्णयमा उल्लेख छ ।' प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार बनेको केही साताभित्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको क्षेत्राधिकारमा सूचना प्रविधि र डिजिटल सुशासनसम्बन्धी जिम्मेवारी थप गरिएको थियो ।

यसैबीच सरकारले छुट्टै विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय पनि गठन गरेको छ । सरकारले संगठन संरचना तथा व्यवस्थापन कार्यविवरण सर्वेक्षण (ओएनएम) को काम पनि गरिरहेको छ । उक्त सर्वेक्षणमा विभागलाई प्राविधिक रूपमा सघाउने काम जुन निकायको पर्छ, त्यही निकायबाट सहयोग लिने विभागका अधिकारीहरू बताउँछन् । 'प्रधानमन्त्री कार्यालय मातहत भए त्यहीँबाट मद्दत लिन्छौं । सूचना, प्रविधि विभाग गठन भए त्यसबाट पनि मद्दत लिन सकिन्छ,' उनीहरूले भने ।

विभागका सूचना अधिकारी श्रेष्ठले अहिलेसम्म २ करोड नागरिकको बायोमेट्रिकसहितको विवरण संकलन गरिएको जानकारी दिए । उनका अनुसार ७८ लाख प्रति परिचयपत्र छपाइ भइसकेको छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०८३ ले कार्ययोजनाअनुसार समयमा नै परिचयपत्र छपाइ र वितरणको काम हुन नसकेको औंल्याएको छ । सरकारको २०८०/८१ को नीति तथा कार्यक्रममा नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी १ वर्षभित्र सबै नागरिकलाई परिचयपत्र वितरण गर्न अभियान सञ्चालन गर्ने उल्लेख थियो । गृह प्रशासन सुधार कार्ययोजना २०७८ अनुसार २ करोड नागरिकको विवरण संकलन र १ करोड नागरिकको परिचयपत्र वितरण २ वर्षभित्र सक्ने लक्ष्य राखिएको थियो ।

विभागमा रहेका दुई प्रिन्टरमध्ये एउटा पूर्ण रूपमा बिग्रेको र अर्कोले आंशिक रूपमा मात्र काम गर्ने हुँदा अपेक्षाकृत रूपमा परिचयपत्र छपाइ हुन सकेको छैन । विभिन्न सरकारी काममा परिचयपत्र अनिवार्य गरिए पनि छपाइमा ढिलासुस्तीले नागरिकले सास्ती खेप्दै आएको गुनासो छ । 'फ्रान्सेली कम्पनीले राष्ट्रिय परिचयपत्र छाप्न २ वटा प्रिन्टर उपलब्ध गराएको थियो । ती दुवै प्रिन्टर दुई सिफ्टमा सञ्चालन हुँदा दैनिक १६ देखि १८ हजार थानसम्म राष्ट्रिय परिचयपत्र छपाइ हुन्थ्यो,' विभागका एक प्राविधिक कर्मचारीले भने, 'अहिले एउटा प्रिन्टर बिग्रेर बसेको छ । अर्कोले पनि पूर्ण क्षमतामा काम गर्न सक्दैन । दैनिक ३ हजार मात्रै छपाइ हुन्छ ।'

विभागसँग दक्ष जनशक्ति नभएकाले प्राविधिक समस्या देखिँदा पुराना फ्रान्सेली कम्पनीकै प्राविधिकसँग सहयोग र सल्लाह लिनुपर्ने अवस्था रहेको उनले गुनासो गरे । 'पुरानो कम्पनीले पनि छाड्यो । नयाँ कम्पनीको पनि सहयोग नलिने कुरा भएको छ,' उनले थपे, 'सिस्टम डाउन भएपछि हामीले चलाउन सक्दैनौं । राष्ट्रिय परिचयपत्रको काम भगवान् भरोसामा चलिरहेको छ ।' राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (एनआईडीएमआईएस) मा पटक-पटक प्राविधिक समस्या देखिएर सेवा आंशिक र पूर्ण रूपमा बन्द हुँदै आएको छ । 'नयाँ इनरोल गर्दा आउने एनआईडी नम्बरलाई प्रणालीले प्रमाणीकरण गर्ने सेवा घरीघरी अवरुद्ध हुन्छ । यसले सेवाग्राही मर्कामा पर्ने गरेका छन्,' उनले भने ।

विभागले २३ वैशाखमा सूचना जारी गरेरै परिचपत्रसम्बन्धी सेवा आंशिक रूपमा अवरुद्ध हुँदा सर्वसाधारण नागरिकलाई असुविधा पुगेको जनाएको थियो । त्यतिबेला परिचयपत्रको विवरण सच्याउने, जन्म दर्ता गर्दा परिचयपत्र नम्बर प्राप्त गर्ने, सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्दा रुजु हुने र सूचना प्रणालीसँग अन्तरआबद्धता भएका अन्य सार्वजनिक सेवाहरू अवरुद्ध भएका थिए । विभागका अधिकारीहरूका अनुसार यी समस्या आइरहने र मर्मतसम्भारपछि सञ्चालन हुँदै आएको छ ।

राहदानी, नागरिकता, सवारी लाइसेन्स, सामाजिक सुरक्षा भत्ता, बैंक तथा वित्तीय संस्था, पेन्सन, व्यक्तिगत घटना दर्ता, कम्पनी दर्ता, स्थायी लेखा नम्बर, बिमा, सामाजिक सुरक्षा कोष, कम्पनी दर्ता, स्वास्थ्य बिमा, टेलिफोन तथा सिमकार्ड, सवारी दर्ता, जग्गा किनबेच, वैदेशिक अध्ययन अनुमतिपत्र, एमबीबीएससहितका शैक्षिक कार्यक्रमको एकीकृत प्रवेश परीक्षामा परिचयपत्रमा उल्लिखित बायोमेट्रिक विवरणलाई आधिकारिक मान्यता दिने सरकारको तयारी छ ।

# राहदानी मौज्दात घट्दै, केही सातामै संकट हुने

### राहदानीका लागि दैनिक औसत ६ हजार आवेदन पर्ने गरेकामा ३ हजारदेखि ३५ सयसम्म मात्र वितरण

**अनिल गिरी** (काठमाडौं)

राहदानी खरिदसम्बन्धी ठेक्कामा अनियमितता भएको आशंकामा अनुसन्धान सुरु भएसँगै राहदानी विभागमा पासपोर्टको मौज्दात सकिँदै गएको छ । पासपोर्टको मौज्दात घट्दै गएपछि राहदानी विभागले दैनिक वितरण गर्दै आएको पासपोर्टको संख्या पनि घटाएको छ ।

राहदानी खरिदसम्बन्धी ठेक्कामा अनियमितता गरेको अभियोगमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएपछि पासपोर्ट वितरणमा समस्या देखिन थालेको हो । विभागका अनुसार अहिले राहदानीका लागि दैनिक औसत ६ हजार आवेदन पर्ने गरेको छ । तर दैनिक ३ हजारदेखि ३ हजार ५ सयसम्म मात्रै राहदानी वितरण हुँदै आएको छ । नाम उल्लेख नगर्ने सर्तमा एक कर्मचारीले भने, 'अब दैनिक वितरण हुने राहदानीको संख्या झन् घट्न सक्ने सम्भावना छ ।' विभागकै अर्का एक उच्च अधिकारीले भने अहिलेकै गतिमा निरन्तर छपाइ गर्दा मौज्दात पासपोर्टले केही दिन मात्रै माग धान्न सक्ने र अभाव चुलिन सक्ने बताए ।

'सामान्य पासपोर्टको स्टक घटेर ४७ हजारभन्दा कममा झरेको छ र अब केही सातासम्म मात्रै माग धान्ने अवस्था छ । यो अवस्थालाई चाँडै कसरी सम्हाल्ने भन्ने चिन्ता छ,' मन्त्रालयका एक सहसचिवले भने, 'एकातर्फ दुई जर्मन कम्पनीसहित हाम्रा अधिकारीहरूविरुद्ध मुद्दा चलाइएको छ, जसले परराष्ट्र मन्त्रालयमै रिक्तता सिर्जना गरेको छ । यस्तो अवस्थामा राहदानी विभागको नेतृत्व गर्ने जोखिम कसले मोल्न चाहन्छ भन्ने पनि स्पष्ट छैन ।'

परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार आगामी सातादेखि पासपोर्ट संकट थप गहिरिन सक्छ । उनले दुई जर्मन कम्पनीसँग कसरी काम गर्ने वा के गर्ने भन्ने विषय टुंगो नलागेकाले नयाँ समस्या निम्तिन सक्ने बताए । 'अहिलेको समस्या समाधानका लागि हामी फ्रान्सेली कम्पनीसँग केही पासपोर्ट खरिद गर्नेछौं,' प्रधानमन्त्री कार्यालयका एक अधिकारीले भने, 'त्यसपछि फ्रान्सेली कम्पनीसँग सहमति गर्ने वा नयाँ टेन्डर आह्वान गर्नेबारे निर्णय हुनेछ ।' अख्तियारले १ असारमा राहदानी विभागका महानिर्देशक अर्याल, विभागकै सूचना प्रविधि निर्देशक केसी तथा ठेकेदार कम्पनीमध्ये एक म्युहलबाउरका नेपाल प्रतिनिधि मल्ललाई प्रधानमन्त्री कार्यालयबाट नियन्त्रणमा लिएको थियो ।

महानिर्देशक अर्याललाई नियन्त्रणमा लिनुअघि प्रधानमन्त्री वालेन्द्र शाहका सल्लाहकार तथा स्वकीय सचिवालयका कर्मचारीले अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईसहित आयोगका पदाधिकारीलाई सिंहदरबारमै बोलाएर राहदानी अनियमितता प्रकरणमा छिटो अनुसन्धान गर्न दबाब दिएका थिए । अख्तियारले सोमबार १६ व्यक्ति र दुई कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । खरिद प्रकरणमा पूर्वपरराष्ट्रमन्त्री आरजु राणा देउवा पनि अनुसन्धानमा तानिएकी थिइन् । त्यही प्रयोजनका लागि बयानमा उपस्थित हुन भन्दै अख्तियारले बूढानीलकण्ठस्थित जेन-जी आन्दोलनका क्रममा जलेको घरमै पुगेर आरजुका नाममा तीनदिने सूचना टाँसेको थियो ।




सम्पादकीय

# रेबिजविरुद्धको खोपका लागि सरकारको सक्रियता अनिवार्य

रेबिज संक्रमित जनावरले टोके पनि समयमै पूर्ण खोप लगाइयो भने मानिसको ज्यान जोगिने सम्भावना 'शतप्रतिशत' नै हुन्छ तर खोप लगाइएन भने ज्यान जाने सम्भावना पनि 'शतप्रतिशत' नै। त्यसैले रेबिज संक्रमणलाई एक अर्थमा घातक रोग मानिन्छ, अर्को अर्थमा सहजै बच्न सकिने रोग पनि। यी दुई सम्भावनाका बीचमा भूमिका खेल्ने काम भने रेबिजविरुद्धको खोपले गर्छ। यतिबेला नेपालमा यही खोपको अभाव छ। राजधानीकै सरकारी अस्पतालमै खोपका लागि पुग्नेहरूको चाप छ तर खोप पाइने वा नपाइने निश्चित छैन। विभिन्न जिल्लाका ठूला अस्पतालमा पनि यस्तै अवस्था छ। खोप नलगाउँदा ज्यान जाने निश्चितजस्तै भएकाले मानिस आत्तिएका छन्। वा, महँगो शुल्क तिरेर निजी औषधि पसल (फार्मेसी) बाट खोप किन्न बाध्य भएका छन्। सरकारले देशभर निम्तिएको त्रासलाई सम्बोधन गर्नुपर्छ। खोपको अभाव हुन नदिनका लागि विकल्पहरूको प्रयोग गर्नुपर्छ।

रेबिज एक घातक भाइरल रोग हो। रेबिजबाट संक्रमित कुकुर र स्यालजस्ता जनावरको र्‍यालमार्फत यो रोग फैलिन्छ। नेपालमा भने रेबिजको समस्याका लगभग सबै घटना कुकुरको टोकाइबाट सिर्जित छन्। नेपालमा सरकारी स्वास्थ्य संस्थाहरूबाट मात्रै वार्षिक ६० हजारभन्दा बढीले रेबिजविरुद्धको खोप लगाउने गरेका छन् भने हजारौँले निजीमा उपचार गराउँछन्। नेपालमा बर्सेनि एक सयभन्दा बढी मानिसको रेबिजका कारण मृत्यु हुने गरेको अनुमान छ। अझै पनि मानिसमा कुकुर र स्यालजस्ता जनावरले टोकेमा खोप लगाउनैपर्छ भन्ने चेतना वा सुविधा विस्तार नभएको तथ्यांकबाट देखिन्छ। अर्कोतर्फ, खोपको सहज पहुँच पनि नरहेको देखिन्छ, जसलाई अहिले देशभर देखिएको खोप अभावको समस्याले पनि पुष्टि गर्छ। यद्यपि, विश्व स्वास्थ्य संगठनको लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने प्रतिबद्धता जनाएको छ। तर स्वास्थ्य मन्त्रालयकै तथ्यांकले भने कुकुरले टोक्ने घटना बर्सेनि बढिरहेको देखाउँछ। जसले प्रतिबद्धता पूरा गर्नका लागि चुनौती कायमै रहेको प्रस्ट्याउँछ।

काठमाडौंको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा हरेक दिन कुकुरले टोकेका ५ सयभन्दा बढी मानिस खोपका लागि आउने गरेका छन्। अस्पतालका अनुसार सिन्धुपाल्चोक, धादिङ, काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवालगायत जिल्लाबाट समेत मानिस आउन थालेपछि यो संख्या झनै बढेको छ। तर, अस्पतालका अधिकारीहरूले मौज्दात खोपको मात्रा घट्दै गएको बताएका छन्। यस अस्पतालले रेबिज खोपको सेवा चौबिसै घण्टा उपलब्ध गराउँथ्यो तर अभाव बढ्दै गएपछि खोपको दोस्रो मात्रा आकस्मिक कक्षबाट दिन बन्द गरिएको छ। त्यस्तै, दैनिक एक सय जनासम्म कुकुरले टोकेका बिरामी आउने लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा तीन महिनादेखि रेबिजविरुद्धको खोप अभाव छ। वीरगन्जस्थित नारायणी अस्पतालमा दैनिक २० देखि ३० जना रेबिज खोप लगाउन आउने गरेका छन्। अस्पतालले उनीहरूलाई एक महिनादेखि रित्तै फर्काइरहेको छ। यस्तै अवस्था देशभर छ।

रेबिज खोपको समस्या हुन थालेको गत मंसिरमै हो। तर, खोप खरिदका लागि टेन्डर प्रक्रिया सुरु नहुँदा अभाव चर्किंदै गएको हो। अहिले देखिएको अभाव केही समयपछि अन्त्य होला नै। तर, यो एउटा पाठ हो। अति आवश्यक औषधि वा खोपको अभाव पूर्ति हुन नदिनका लागि माग र मौज्दातबीच सन्तुलन कायम गरिनुपर्छ। त्यसका लागि यी दुई पक्षमाथि सूक्ष्म विश्लेषण र प्रक्षेपण अपरिहार्य हुन्छ। सरकार भने यहीँ चुकेको छ। यो रेबिज खोपको मात्रै विषय होइन, अन्य औषधिको हकमा पनि लागू हुन्छ।

रेबिज संक्रमणबाट विशेषतः समाजमा निम्न वर्ग वा खुला क्षेत्रमा काम गर्ने श्रमजीवी वर्ग बढी प्रताडित हुने गर्छन्। कामका लागि जुनसुकै समयमा पनि हिँडडुल गर्नुपर्ने भएकाले उनीहरूलाई विशेषतः सडकका कुकुरले टोक्ने जोखिम बढी रहन्छ। टोक्ने सम्भावना बढी भएजस्तै खोप पाउने सम्भावना पनि यही वर्गको कम हुन्छ। किनकि, निःशुल्क खोप पाइने सरकारी अस्पतालसम्मको यात्रा सबैका लागि सहज नहुन सक्छ। दुर्गममा मानिसलाई कुकुरले टोकेमा अस्पताल पुगेर फरक-फरक डोजको खोप लगाउन कठिन हुन्छ। दोस्रो, सरकारी अस्पतालबाट निःशुल्क खोप लिन असहज भएको अवस्थामा निजीबाट महँगो शुल्क तिरेर खोप लगाउने आर्थिक सामर्थ्य कतिपयको नहुन सक्छ। जसले गर्दा उनीहरूको ज्यान जोखिममा पर्ने गर्छ। नेपालको मात्रै सन्दर्भ होइन, विश्वव्यापी तथ्यांकले पनि त्यही नै देखाउँछ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार विश्वभर प्रति ९ मिनेटमा एक जनाको रेबिजका कारण मृत्यु हुन्छ, जसमा अधिकांश बालबालिका र विपन्न वर्ग पर्छन्। उल्लिखित सन्दर्भहरूको सार के हो भने, सरकारले रेबिज खोपलाई निःशुल्क र सहजै पाउने सुनिश्चित गर्नुपर्छ।

रेबिज खोपको बढ्दो अभावका कारण केही पक्षमा विशेष सचेत हुन जरुरी छ। पहिलो, कुकुर वा स्यालजस्ता जनावरको टोकाइबाट बच्न व्यक्तिगत रूपमा सचेत हुनुपर्छ। हुन त यस्ता टोकाइ धेरैका निम्ति आकस्मिक हुने गर्छन्। घरमा पालिएका कुकुरको टोकाइ भने सामान्यतया हेलचक्र्याइँबाट हुने गर्छन्। त्यसैले यथाशक्य जोगिने र यस्ता जनावरसँग नजिस्किने गर्नुपर्छ। सार्वजनिक स्थानका कुकुरलाई सरकार वा सम्बन्धित संस्थाहरूले खोप लगाउने र घरमा पालिएका कुकुरलाई व्यक्तिगत रूपमा खोप लगाउने गर्न सकिन्छ, यसले जोखिम न्यूनीकरण हुन्छ। त्यस्तै, यदि कुकुर तथा स्यालजस्ता जनावरले टोकेमा प्राथमिक उपचार गर्ने र यथाशक्य छिटो रेबिजविरुद्धको खोप लगाउनुपर्छ, पूर्ण डोज लगाउनुपर्छ। रेबिज संक्रमणको लक्षण तत्काल नदेखिन सक्छ, त्यसैकारण धेरैले खोप लगाउनेतर्फ बेवास्ता गर्छन्। जब लक्षण देखिन्छ, तब ढिलो भइसकेको हुन्छ। तसर्थ, यसमा विशेष सावधानी अपनाउनैपर्छ। दोस्रो, जीवनदायी मानिने रेबिजविरुद्धको खोपको आपूर्तिमा सरकारको सक्रियता अनिवार्य छ। सरकारले चाहँदा विकल्पहरूको प्रयोग वा शीघ्र उपलब्ध गराउन सकिने विधि स्थापित गर्न सक्छ। यतिबेला सरकारको त्यस्तै कदम अपेक्षित छ।

# सन्ध्याकालको सुनौलो उदासी



शब्द साक्षी

सीके लाल

(राजनीतिक विश्लेषक लाल कान्तिपुरका स्तम्भकार हुन्)

सेप्टेम्बर ८ र ९, २०२५ को हरितपीत विद्रोह र विध्वंसको लहर चढेर झन्डै दुईतिहाइ बहुमतसहित सत्तामा पुगेको रास्वपाको तीनदिने पहिलो महाधिवेशनमा देखिएको तडकभडक, तामझाम र जयजयकारमा नयाँ केही छैन। खासमा यो नेपाली सत्ता राजनीतिको पुरानो नाटक हो, जसले केवल नयाँ मञ्च र नयाँ पात्रहरू फेला पारेको छ। ससुरालीको वंश विनाश, गोत्रहत्या वा दाजुभाइलाई देशनिकाला गरेर 'नयाँ राजा' बन्न सफल भएकाहरूको दरबारमा सबैभन्दा पहिले पुगेर 'महाराजको जय होस्' भन्दै उदाउँदो घामलाई ढोग्ने र बलेको आगो ताप्ने प्रवृत्ति शाह-राणा शासनकालदेखि नै नेपालको एक 'महान् र गौरवशाली' परम्परा बनेर पुस्तौँदेखि निरन्तर चलिआएको छ।

सन् १९९० मा 'चैते कांग्रेसी' भनिनेहरूको बोझ थाम्न नसकेर गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाजस्ता प्रजातान्त्रिक संघर्षका महारथीहरूलाई समेत केही कालका लागि थचारिनुपरेको थियो। आधा शताब्दीभन्दा बढी राणा र शाहहरूमध्ये कुनै शासकले झुकाउन नसकेको 'लौहपुरुष' सिंहलाई आफ्नै दलको आन्तरिक कलहले जीवनको उत्तरार्द्धमा 'लौहभष्म' बनाएर विष्णुमती खोलामा सेलाएको यथार्थ नेपाली कांग्रेसको इतिहासमा अभिशप्त घाउ बनेर दर्ज छ। तत्कालीन एमालेमा 'मण्डलेहरू' हाबी भएपछि माओवादीको अवतारमा 'मशालेहरू' को भाग्य चम्केको थियो। राजा ज्ञानेन्द्रले तन्त्र र मन्त्रद्वारा राजा महेन्द्रको राजनीतिक प्रेत ब्युँताउन खोज्दा सन् २००८ पछि शाह शासनलाई नै नेपाली मतदाताले इतिहासको पानामा थन्क्याइदिए। त्यसपछि उत्पन्न माओवादीहरूको विजयोन्माद दुई वर्ष पनि टिक्न सकेन।

इतिहासबाट सिक्नु त परको कुरा, आफ्नै अनुभवलाई समेत नपत्याएका सुशील कोइरालाले आफ्नो दलको निर्वाचन चिह्न रुखलाई तराई-मधेश क्षेत्रबाट जरैदेखि काटेर, त्यसैको काठबाट एमालेका खड्गप्रसाद शर्मा ओलीको सत्तारोहणका लागि एउटा बलियो 'नृजातीय सिंहासन' बनाइदिएका थिए। सन् २०१५ को तेस्रो मधेश विद्रोहको निर्मम दमन र नाकाकस्सीको असफलतापछि खस-आर्यको सामुदायिक मुख्तियार बनेर उदाएका तिनै शर्मा ओलीको सम्भाव्य राजनीतिक अस्ताचलले नेपालको सत्ता राजनीतिको स्थापित मान्यतालाई फेरि एक पटक पुनर्पुष्टि गर्छ- सत्ता कसैको पनि सधैंका लागि रहँदैन। जुनसुकै तरिकाले सिंहासनमा बस्न पुग्ने अधिशासकले कम्तीमा दुइटा काम तत्कालै सुरु गर्नुपर्छ- संरचनाहरूको संस्थाकरण र योग्य उत्तराधिकारीको चयन, प्रशिक्षण, परीक्षण र सामाजिकीकरण। त्यसो किन पनि जरुरी हो भने सिंहासनमा उक्लिँदा घडी-पला हेरेर बटुकहरूको स्वस्तिवाचनका बीच चाटुकारहरूले जयजयकार गर्छन् तर सिंहासनबाट ओर्लिने बेला जस्तोसुकै अधिशासक पनि अन्ततः एक्लै रहन्छ। बलियो संस्था र सक्षम उत्तराधिकारी छ भने विरासत जीवन्त रहन्छ, होइन भने जीवनभरको योगदान मेटिन धेरै समय लाग्दैन। सुगौली सन्धिको प्रामाणिक प्रति खोज्नेहरू समसामयिक इतिहासप्रति निरपेक्ष रहनु अस्वाभाविक होइन तर सत्ता र शासनको प्रवृत्ति ठम्याउन भने निकट अतीतका घटनाहरूलाई सम्झिराख्नुपर्ने रहेछ।

हार्वर्ड विश्वविद्यालयका इतिहासका प्राध्यापक डेभिड आर्मिटेज इतिहास पठनको महत्त्वबारे बडो मार्मिक व्याख्या गर्छन्। इतिहास केवल शासकको भजन-कीर्तन होइन, जस्तो कि बेलायती राजनीतिज्ञ माइकल गोभले एउटै 'राष्ट्रिय अतीत' को नक्कली मिथक निर्माण गर्न खोजेका थिए। न त यो फगत 'मनोरञ्जन' को साधन मात्र हो, जसलाई मानिसहरूले फुर्सदमा स्वादका लागि रमाइलो मानेर पढून्। वास्तवमा इतिहास त अल्पकालीन र संकुचित दृष्टिकोणहरूमाथि प्रश्न उठाउने, घटनाका कारण र परिणामका सरल कथाहरूलाई जटिल र बहुआयामिक बनाइदिने र विगतमा 'हिँड्न छुटेका बाटाहरू' को खोजी गर्ने एउटा आलोचनात्मक विज्ञान हो। इतिहासले स्थापित भाष्य वा सम्झौताहरूलाई उल्ट्याइदिन सक्छ, संकुचित दृष्टिकोणको दिगन्तलाई फराकिलो बनाउन सक्छ र इतिहासकार साइमन शामाको शब्दमा भन्दा- 'शासक वा शक्तिशालीहरूलाई रातभर अनिँदो राख्न सक्छ।' इतिहासको यही प्रतिरोधी चेतभित्र नै अतीतको सार्वजनिक भविष्य सुरक्षित रहन्छ।

## सुकेको रुख

कतिपय आन्तरिक र बाह्य उतारचढावका बाबजुद कम्तीमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको सन् १९५० को एकीकरणदेखि नै नेपाली कांग्रेस प्रजातान्त्रिक संघर्ष र संस्थाकरणको पर्याय रहँदै आएको थियो। सन् १९९० मा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि आफ्नो राजनीतिक अभीष्ट सत्ता मात्र रहेको निष्कर्षमा पुगेको कांग्रेसको नैतिक स्खलन पनि त्यही विन्दुबाट सुरु भयो। निरन्तर परिवर्तनको साटो यथास्थितिको निरन्तरताका लागि सानोतिनो विचलन सहर्ष अंगीकार गर्ने व्यावहारिक राजनीतिकर्मीका रूपमा शेरबहादुर देउवाको उदयलाई सन् १९९१ पछिको महत्त्वपूर्ण राजनीतिक परिघटना मानिनुपर्छ। उनले एमालेको मानमर्दन गरेर त्यस सुधारवादी कम्युनिस्ट दलका कट्टर स्टालिनवादीहरूलाई माओवादीहरूसँग निकट हुन् र अन्ततः तिनकै अँगालोमा पुग्न बाध्य बनाइदिएका थिए।

१ जुन २००१ को नारायणहिटी राजदरबार हत्याकाण्डपछि केही कालसम्म नेपालको इतिहास उत्तेजक रसायन 'स्टेरोइड' सेवन गरेर बेतोडले कुदेको लोमहर्षक दृश्यजस्तो लाग्न सक्छ। त्यसै वर्ष जुलाईमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिन्छन् र शेरबहादुर देउवा दोस्रो पटक प्रधानमन्त्री बन्छन्। सन् १९९७ मा निर्वाचित स्थानीय निकायका पदाधिकारीको पाँचवर्षे कार्यकाल जुलाई २००२ मा सकिँदै थियो। देउवाको सरकारले कानुनअनुसार एक वर्ष म्याद थप्न सक्ने विकल्प हुँदाहुँदै गाउँ र जिल्ला तहका निर्वाचित पदाधिकारीहरूलाई पदमुक्त हुन दिएर माओवादीहरूका लागि राजनीतिक मैदान खाली गरिदिन्छन्।

माओवादीहरूले युद्धविराम तोड्दै नोभेम्बर २००१ मा दाङको घोराहीस्थित शाही नेपाली सेनाको ब्यारेकसहित विभिन्न सुरक्षा निकायमाथि समन्वित आक्रमण गर्छन्। परिचालित हुनका लागि कुनै कानुनी वा व्यावहारिक व्यवधान हुनु नपर्ने शाही सेनाको सर्त स्वीकार गरेर देउवा मन्त्रिमण्डलले देशव्यापी संकटकाल घोषणा गर्ने निर्णय गर्छ। संकटकाल लम्ब्याउने विषयमा पार्टीमा विवाद उत्पन्न भएपछि देउवाले प्रतिनिधिसभा विघटन गराउँछन्, पार्टी फुटाउँछन् र चरणबद्ध सत्तापलटमार्फत राजा ज्ञानेन्द्रको शाही-सैनिक शासनको सुरुवात हुन्छ। राजा ज्ञानेन्द्रको क्रमिक सत्ता-कब्जा देउवालाई 'अक्षम' घोषणा गर्दै उनको ४ अक्टोबर २००२ मा गरिएको खोसुवाबाट सुरु भएर १ फेब्रुअरी २००५ मा प्रत्यक्ष राजकीय शासनमा टुंगिएर उत्कर्षमा पुग्छ।

घना जंगलमा बाटो बिराएपछि प्रस्थानविन्दुमा फर्केर मात्र अगाडिको यात्रा तय गर्नु उपयुक्त हुन्छ भन्ने मान्यतामा अडिग रहेका कांग्रेस सभापति कोइराला आफ्नै दलका कतिपय वरिष्ठ पार्टी सहकर्मीहरूको असहमति र हिचकिचाहटका बाबजुद संसद् पुनःस्थापनाबेगर प्रजातान्त्रिक प्रक्रिया अगाडि बढ्न नसक्ने अडानबाट पछि हट्न तयार थिएनन्। सन् २००५ मा प्रत्यक्ष शाही-सैनिक शासन सुरु भएपछि त केही समयका लागि टेलिफोनसमेत बन्द भयो, सम्पादन कक्षहरूमा सेनाका 'सुपर एडिटर' खटाइए र अभिव्यक्तिको स्वतन्त्रतामा अंकुश नै लगाइयो। संकटकालले एक्लाइएका माओवादीहरूले शाही-सैनिक सत्ताका आलोचकहरूलाई मित्रशक्ति नै नभए पनि 'क्षम्य बुर्जुवा' ठहर्‍याउन सुरु गरेका थिए। सत्ताले एक हदसम्म पाच्य आलोचनालाई बेवास्ता गर्ने गर्थ्यो। यही कालखण्डमा हो, सार्वजनिक मञ्चहरूमा यस पंक्तिकारको प्रस्तुतिको सार हुने गर्थ्यो- संसद् पुनःस्थापना जति ढिलो हुन्छ, संविधानसभा निर्वाचनको सम्भावना त्यति नै बलियो हुँदै जान्छ। त्यसै सिलसिलामा तत्कालीन एमाले दलमा केही ओझेलमा रहेका उपल्लो तहका राजनीतिकर्मी शर्मा ओलीसँग नेपाल टेलिभिजनको एउटा छलफल कार्यक्रममा बहस गर्ने अवसर प्राप्त भएको थियो।

शर्मा ओलीको स्मरणशक्ति अझै पनि हात्तीको जस्तो (एलिफेन्टाइन मेमोरी) छ भन्ने गरिन्छ। सायद उनलाई तिथिमिति र वार्तालापको विवरण पनि सम्झना होला। पंक्तिकारलाई भने नेपाल टेलिभिजनको स्टुडियोबाट निस्किएपछि अनुभव गरेको उनको शालीन व्यवहार र अनौठो राजनीतिक मान्यताबीचको विरोधाभास मात्र याद छ। वार्तामा सहभागी पाहुनाहरूलाई नेपाल टेलिभिजनले टिप्ने र पुर्‍याउने यातायात सुविधा उपलब्ध गराउने गर्थ्यो। शर्मा ओलीसँग सायद आफ्नै यातायातको साधन थियो। नेपाल टेलिभिजनको मोटर कसैलाई पुर्‍याउन गएकाले पंक्तिकारसँग भने प्रांगणमा कुर्नुको विकल्प थिएन। शर्मा ओली सर्रर आफ्नो बाटो लाग्न सक्थे तर उनी पनि एकछिन पटांगिनीमा उभिए। नेपाल टेलिभिजनको गाडी आउन अलि ढिलो भएपछि मात्रै उनी हात मिलाएर हिँडेको सम्झना छ। उभिई-उभिई गफिने सिलसिलामा उनले एउटा अचम्मको कुरा गरे- 'तपाईंले अघि टेलिभिजनको पर्दामा भनेका सबै कुरा मैले काटें। यथार्थमा तपाईंसँग म पुरापुर सहमत छु। तर तपाईं टिप्पणीकार हो, वर्तमानका लागि बोल्नुहुन्छ। म राजनीति गर्छु। म त इतिहासका लागि बोल्ने हो। भोलि शासन सत्ता सम्हाल्ने हो। त्यसैले मैले तौलेर बोल्नुपर्छ।' झन्डै चौथाइ शताब्दी अगाडिको घटना भएकाले सम्झिएको वार्तालापमा भाषान्तर भएको हुन सक्छ तर निर्विकार भावले सौम्य स्वरमा गरिएको प्रतिबद्धता बिर्सिन भने कठिन छ।

सायद त्यसपछि नै पंक्तिकारले शर्मा ओलीका हरेक राजनीतिक कदमलाई सावधानीपूर्वक हेर्न थालेको हुनुपर्छ। आफ्नो कर्म इमान्दारीका साथ गर्दै जाँदा इतिहास बन्ने बेग्लै कुरा हो तर 'इतिहास बनाउँछु' वा 'इतिहासलाई देखाउँछु' जस्ता महत्त्वाकांक्षा राख्ने राजनीतिकर्मीहरू प्रायशः मूल्य, मान्यता वा संस्थागत बन्धनहरूलाई मान्दैनन् र व्यक्तिगत शिष्टता तिनको राजनीतिक व्यवहारमा प्रतिविम्बित हुँदैन। देउवा व्यवहारवादी हुनका लागि सिद्धान्त र निष्ठाको परित्याग गरेका थिए भने शर्मा ओली आफ्ना सिद्धान्त र निष्ठाको प्रयोगमार्फत व्यावहारिक उपलब्धि- शासक बनेर इतिहास बनाउने लक्ष्यप्रति पूर्णतः समर्पित थिए। त्यसले उनलाई सन् २००६ देखिका प्रधानमन्त्रीहरूमध्ये गिरिजापछिका सबभन्दा शक्तिशाली प्रधानमन्त्री त बनायो तर उनले आफ्नै जीवनकालमा आफ्नो विरासत जोगाउन नसकेको मात्र नभएर आफ्नै इतिहाससमेत स्वयंले नै मेटाउने अवस्थामा पुगेका छन्।

तीक्ष्ण व्यंग्य, विलक्षण बुद्धिचातुर्य र सूक्तिपूर्ण अभिव्यक्तिका लागि प्रसिद्ध साहित्यकार ओस्कर वाइल्डको एउटा उक्ति छ- 'जीवनका दुई वटा ठूला दुःख छन्। पहिलो, आफूले चाहेको कुरा नपाउनु। दोस्रो, आफूले चाहेको कुरा पाउनु।' चाहेपछि पाइएका शर्मा ओलीका 'दुःखहरूको सिलसिला' सायद मार्च २०१८ बाट सुरु भयो, जब उनी २७५ सदस्यीय प्रतिनिधिसभामा मतदानमा सहभागी २६८ मध्ये २०८ मत प्राप्त गरी दुईतिहाइ मात्र नभएर झन्डै तीन-चौथाइ सांसदले पत्याएका शक्तिशाली प्रधानमन्त्री भए। एमालेमा माओवादीहरूको विलयपछि अस्तित्वमा आएको नेपाल कम्युनिस्ट पार्टीमा पुष्पकमल दाहाललाई पत्रपर्ण (लेटरहेड) अध्यक्षमा सीमित गरेर उनले वैकल्पिक कम्युनिस्ट नेतृत्वलाई सुस्तरी स्वीकार्य बनाउने प्रक्रियालाई अवरुद्ध गरिदिए। त्यसपछि सायद उनले बिर्सिए- अत्यधिक जिम्मेवारी असीमित शक्तिसँग जोडिएर आउँछ। उनको 'गैंडा भनेको राइनो होइन', 'सगरमाथालाई एभरेस्ट भनिनु हुन्न' तथा 'किलोमिटरको हिसाबले भगवान् राम ठोरीमै जन्मेका हुनुपर्छ' जस्ता हल्का अभिव्यक्तिहरू फगत हास्यास्पद लाग्थे। दुई-दुई पटक संसद् विघटन गर्न लगाउनु राजनीतिक अपरिपक्वता र शपथग्रहण समारोहमा 'त्यो पर्दैन' भन्दै सम्मानित राष्ट्रपतिको खिल्ली उडाउनु अशोभनीय व्यवहार थियो। 'भारतीय भाइरस' र मित्र राष्ट्रको प्रतीक चिह्नको अपमान गर्नु गैरकूटनीतिक मात्र नभएर कटुतापूर्ण अभिव्यक्ति थियो। उनको 'नक्सा राष्ट्रवाद' ले नेपाल-भारत सम्बन्धलाई लामो कालसम्म पिरोलिरहने निश्चित छ। तर, उनको सबभन्दा ठूलो राजनीतिक गल्ती सायद आफ्नै दल र प्रतिपक्षसमेतलाई कमजोर तुल्याएर एकमना शासनको सुरुवात गर्नु थियो।

उनको दल फुटेर संगठन छिन्नभिन्न भयो। आफ्नै दलका राजनीतिकर्मीहरू स्वार्थबेगर एक पाइला चाल्न नसक्ने भए। कोभिड महाव्याधिदेखि सुरु भएको संस्थागत भ्रष्टाचारको जालो झन्-झन् कसिलो बन्दै गइरहेको थियो। सन् २०२२ को आमनिर्वाचनपछि राष्ट्रिय राजनीतिमा मञ्चन हुन थालेको 'तीन तिकडमबाजहरू' को कलाविहीन नाटकले नेपाली जनताको उल्लेख्य हिस्सा वाक्कदिक्क भइसकेको थियो। तीमध्ये शर्मा ओली सबभन्दा ठूलो खलपात्र किन पनि देखिन्थे भने, दुई दशक अगाडिको तौलेर बोल्ने राजनीतिकर्मीबाट उनी मनपरी बोल्ने र मनलागी गर्ने नृजातीय मुख्तियारमा रूपान्तरित भइसकेका थिए। कांग्रेसलाई सहयोगी भूमिकामा सीमित गर्न सफल भएपछि उनको खुट्टा भुइँमा रहेन। त्यसपछि सहरिया मध्यमवर्गीय परिवारहरूमा 'कंसबाट मुक्त गराउने कृष्णको प्रतीक्षा' जस्तो तीतो वितृष्णा फैलिन थालेको कुरा चाकडीदारहरूबाट घेरिएका मुख्तियारलाई सुनाउन सक्ने आँट भएको उनको दलभित्र कोही देखिएन। उनका भूल, गल्ती र राजनीतिक अपराधहरूको फेहरिस्त लामै होला तर 'अहम् ब्रह्मास्मी' पछि 'तत् त्वम् असि' भन्ने वाक्यको मर्म बुझेर वैकल्पिक नेतृत्व विकसित गर्नुको साटो 'मपछि प्रलय' को धारणामा उनी अन्तिम समयसम्म अडिग रहे। अन्ततः ९ सेप्टेम्बर २०२५ मा नेपाली सेनाले 'सुरक्षा' का नाममा उनलाई राजीनामा गराएर हेलिकोप्टरबाट उद्धार गर्दै प्रकारान्तरले बन्दी बनाउनुपर्ने अवस्था कसरी आयो होला भनेर सोध्ने हिम्मतसमेत आज उनको राजनीतिक चाकडीबाजहरूको जमातमा कसैले गर्न सकेको देखिँदैन।

## अस्ताचल सूर्य

पूर्वी पहाडको सामान्य परिवारबाट झापा हुँदै सत्ताको शीर्षसम्म पुग्न सफल राजनीतिकर्मी शर्मा ओलीको सम्भाव्य राजनीतिक बहिर्गमनमा सामान्यजन त के, उनकै पार्टीका समर्थकहरूले समेत दुःखमनाउ गर्नुपर्ने कुनै कारण छैन। उनले 'माका फुइँ' र 'झरेको आँप' भन्दै खिल्ली उडाएका समुदायहरूमा खुसियालीसमेत देखिन सक्छ। डडेलधुरा र कञ्चनपुर हुँदै तीन दशकभन्दा बढी समयसम्म राष्ट्रिय सत्तावृत्तको प्रमुख पात्र रहेका देउवाका व्यक्तिगत एवं सार्वजनिक जीवनका उपलब्धिहरूको लेखाजोखा पनि कम प्रभावशाली छैन। तर, ती दुई राजनीतिकर्मी मिलेर ध्वस्त पारेका राजनीतिक संरचना र छिन्नभिन्न बनाएका दलहरूले भने तिनका विरासतलाई कलंकित गरिरहने सम्भावना प्रबल छ।

सुकेको रुख एउटा रूपक हो। सुशील कोइरालाले काटेको रुखमा पात पलाउनुअगावै आफन्तवाद, स्वार्थवाद र अवसरवादको विष हालेर सुकाउने काम गरेका देउवाले कुनै बेला शक्तिशाली रहेको दललाई जीवन शक्ति, नवीनता वा जनसमर्थन गुमाइसकेको राजनीतिक धारमा झारिदिएका छन्। कतिसम्म भने, नेका विभाजित हुन्छ वा सग्लै रहन्छ भन्ने कुरामा समेत सामान्यजनको खासै रुचि छैन। एमालेको हालत त्यसभन्दा पनि खराब छ। आफ्नो प्रभाव, शक्ति र लोकप्रियताको अन्त्यतिर पुगेको नेतृत्व पंक्ति, पतनोन्मुख संगठन, निरीह राजनीतिक शक्ति, एक युगको समाप्तितिर लागेको समर्थन-आधार र अस्ताउँदै गएको विचारधाराका लागि 'अस्ताचल सूर्य' भन्दा उपयुक्त बिम्ब अरू केही हुन सक्दैन।

यसलाई 'सुनौलो उदासी' किन भनिनुपर्छ भने- बूढो र खोक्रो रुख सुक्नु थियो, सुक्यो। भोलि फेरि त्यसकै बीजबाट अर्को बिरुवा हुर्किनेछ। थकित र क्लान्त सूर्य अस्तायो, केही छैन- भोलि बिहान उदाउने सूर्य त्यही रहे पनि नयाँ ऊर्जा लिएर आउनेछ। चिन्ता के मात्र हो भने, देशको वर्तमान व्यवस्था इतिहासको साटो 'अल्गोरिदम' पढ्नेहरूको हातमा छ। तिनले पनि सक्षम विकल्पको महत्त्व ठम्याउन सकेको देखिँदैन। सायद जंगलमा जहाँबाट बाटो बिराएको हो- २८ मे २०१२, जुन बेला पहिलो संविधानसभाको अवसान भएको थियो- त्यहीँ फर्केर भविष्यका लागि नयाँ गोरेटो कोर्ने जिम्मेवारी 'जेन अल्फा' भनिने र अन्तर्जालको आकर्षणबाट सुस्तरी विरक्त हुँदै जाने 'जागरुक पुस्ता' ले निर्वाह गर्नेछ।



फाइल तस्बिर

'तीन तिकडमबाज' को कलाविहीन नाटकले नेपाली जनताको उल्लेख्य हिस्सा वाक्कदिक्क भइसकेको थियो। तीमध्ये शर्मा ओली सबभन्दा ठूलो खलपात्र किन पनि देखिन्थे भने, दुई दशक अगाडिको तौलेर बोल्ने राजनीतिकर्मीबाट उनी मनपरी बोल्ने र मनलागी गर्ने नृजातीय मुख्तियारमा रूपान्तरित भइसकेका थिए।

# स्वास्थ्यकर्मीको पारिश्रमिकमा उदासीन राज्य



डा. बालकृष्ण साह

(साह स्कुल अफ मेडिसिन, पूर्वाञ्चल विश्वविद्यालयका उपप्राध्यापक हुन्)

'शरीरं व्याधिमन्दिरं, वैद्यो नारायणो हरिः' भन्दै पूर्वीय दर्शनले मानव शरीरलाई रोगको घर र त्यसलाई निको पार्ने चिकित्सक वा स्वास्थ्यकर्मीलाई नारायण वा भगवान्का रूपमा मानेको छ। तर नेपालमा ती 'भगवान्' हरूले आफ्नै पसिनाको उचित मूल्य, श्रमको कदर र न्यूनतम आर्थिक सुरक्षा पाएका छैनन्। राज्यको उदासीनता, परम्परागत कर्मचारीतन्त्रको संकुचित मानसिकता र निजी क्षेत्रको चरम नाफामुखी प्रवृत्तिको चेपुवामा देशको स्वास्थ्य जनशक्ति परेको छ। लाखौं रुपैयाँ र वर्षौंको सुनौलो समय खर्चेर अध्ययन पूरा गरेका मेडिकल अधिकृत, विशेषज्ञ चिकित्सक, पारमेडिक्स वा नर्सहरूले कतिपय निजी अस्पतालमा सरकारले तोकेको न्यूनतम ज्यालाभन्दा पनि कममा श्रम बेचिरहेका छन्। आफ्नो विज्ञताअनुसारको पारिश्रमिक पाइरहेका छैनन्।

नेपालमा दर्ता भएका सबै डाक्टर र नर्सहरू नेपालमै कार्यरत छैनन्। विभिन्न अध्ययन तथा व्यावसायिक निकायहरूको अनुमानअनुसार उल्लेख्य प्रतिशत स्वास्थ्य जनशक्ति विदेश पलायन भइसकेको छ। यो 'ब्रेन ड्रेन' को मुख्य कारण रहर होइन, बरु देशभित्र व्याप्त चरम आर्थिक असुरक्षा र वृत्ति विकासको अभाव नै हो। हालको सरकारी व्यवस्थामा आठौं तह (मेडिकल अधिकृत) र एघारौं तह (विशेषज्ञ डाक्टर) को आधारभूत तलब पर्याप्त छैन। चौबीसै घण्टा बिरामीको प्रत्यक्ष सम्पर्कमा रहने नर्सिङ स्टाफ, प्रयोगशालालगायत स्वास्थ्य सेवामा खटिने पारामेडिक्सहरूको प्रतिघण्टाको श्रमको मूल्य त झनै न्यून छ। अन्तर्राष्ट्रियस्तरमा बेलायतको नेसनल हेल्थ सर्भिसेस वा अमेरिकी प्रणालीहरूमा कार्यघण्टा, जोखिम र विशिष्टीकरणका आधारमा पारिश्रमिक तोकिन्छ। त्यहाँ राम्रो तलब सुविधा भए पनि आकर्षक ओभरटाइम र शतप्रतिशत सामाजिक सुरक्षाको ग्यारेन्टी राज्यले लिन्छ। तर नेपालमा भने सबै विधालाई एउटै परम्परागत निजामती स्केलमा जोखेर अन्याय गरिएको छ। जबकि, एक जना विशेषज्ञ बन्न थप २३-२४ वर्षको कडा मानसिक र शारीरिक श्रम चाहिन्छ। त्यसैले नेपालको वर्तमान आर्थिक सूचकांक र बढ्दो महँगीलाई मध्यनजर गर्दै अब स्वास्थ्यकर्मीहरूको आधारभूत पारिश्रमिक संरचनालाई पुनःसंरचना गर्नु अनिवार्य भइसकेको छ।

पारिश्रमिक वृद्धि गर्दाको वित्तीय भार व्यवस्थापन गर्न राज्यसँग स्रोत नभएको होइन, इच्छाशक्तिको अभाव मात्र हो। स्वास्थ्य बिमाको दायरा बढाउन सकिन्छ। यसरी संकलन हुने प्रिमियम र राज्यको योगदानको रकमलाई 'प्रोभाइडर पेमेन्ट मेकानिजम' मार्फत अस्पतालको जनशक्ति व्यवस्थापनमा खर्च गर्न सकिन्छ। अस्पतालको कुल आम्दानीको न्यूनतम ४० प्रतिशत हिस्सा अनिवार्य रूपमा कर्मचारीको पारिश्रमिक र प्रोत्साहनमा छुट्याउन सकिन्छ। आन्तरिक राजस्व विभागको तथ्यांकअनुसार सुर्तीजन्य र मदिराजन्य पदार्थबाट वार्षिक अर्बौं रुपैयाँ स्वास्थ्य कर कोषमा जम्मा हुन्छ। यसलाई अन्य प्रशासनिक काममा खर्च नगरी सिधै स्वास्थ्यकर्मीको जोखिम भत्तामा मोड्न सकिन्छ। यो नयाँ अभ्यास होइन। नेपालमा राजस्व वा जरिवाना संकलनमा खटिने ट्राफिक प्रहरी, भन्सार वा राजस्वका कर्मचारीलाई संकलित रकमको निश्चित प्रतिशत प्रोत्साहन वा 'इन्सेन्टिभ' दिने कानुनी व्यवस्था लामो समयदेखि चलिरहेको छ। भन्सारमा चोरी-पैठारी समात्नेले पुरस्कार पाउने र ट्राफिकले चिट काटेबापत प्रोत्साहन पाउने ठीक हो। अस्पतालमा बिरामीको उपचार गरेर संस्थाका लागि वार्षिक करोडौंको 'उपचार शुल्क' संकलन गरिदिने स्वास्थ्यकर्मीलाई त्यही राजस्वबाट 'इन्सेन्टिभ' दिन किन नमिल्ने? चिकित्सा शिक्षा शिक्षण अस्पताल वा गंगालाल हृदय केन्द्रले 'पेइङ क्लिनिक' मार्फत निश्चित प्रतिशत रकम उपचारमा संलग्न टोलीलाई दिएर आफ्ना उत्कृष्ट डाक्टरलाई टिकाइराखेका सफल उदाहरण हाम्रै अगाडि छन्।

यद्यपि, यो व्यवस्थालाई देशव्यापी बनाउन खोज्दा नीतिगत तहमा मुख्य दुईवटा 'आपत्ति' र चिन्ता प्रकट गर्ने गरिन्छ। पहिलो आपत्ति 'नैतिक संकट' को हो। यदि डाक्टरको आम्दानी सिधै बिरामीले तिर्ने शुल्क वा 'टेस्ट' को संख्यासँग जोडियो भने धेरै कमाउने लोभमा अनावश्यक परीक्षणहरू वा शल्यक्रिया सिफारिस गर्ने (ओभर-प्रिसक्रिप्सन) विकृति बढ्न सक्छ। यसले बिरामीको खर्च झन् बढाउँछ। दोस्रो, कर्मचारीतन्त्र र कल्याणकारी राज्यको सिद्धान्त पक्षधरबाट आउँछ। भन्सार वा ट्राफिक जरिवाना विलासिता र सजायसँग जोडिन्छ तर अस्पताल आउने बिरामी रहरले नभई पीडाले आउने हुँदा नागरिकको स्वास्थ्यलाई राज्यले 'कमाइ खाने भाँडो' वा 'कमिसनको स्रोत' बनाउनु नैतिक रूपमा सुहाउँदैन। यी आपत्तिहरूलाई सम्बोधन गर्न एउटा मध्यमार्गी र वैज्ञानिक इन्सेन्टिभ मोडल अपनाउन सकिन्छ। जहाँ बिरामीले तिरेको उपचार शुल्क सिधै सोही डाक्टरको खातामा नदिने बरु त्यसलाई अस्पतालको कुल मासिक आम्दानीको एउटा कोष 'पुल फन्ड' मा जम्मा गर्ने र उक्त कोषबाट अस्पतालमा काम गर्ने डाक्टर, नर्स, ल्याब र सफाइ कर्मचारीसम्मलाई उनीहरूको कार्यघण्टा र कार्यसम्पादनका आधारमा न्यायोचित ढंगले प्रोत्साहन भत्ता बाँड्न सकिन्छ।

यो वैज्ञानिक प्रणाली कागजमा जति आकर्षक देखिए पनि नेपालको वर्तमान राजनीतिक र प्रशासनिक धरातलमा यसलाई लागू गर्नु 'फलामको च्युरा चपाउनु' सरह छ। अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालयको वार्षिक बजेट प्रतिवेदनअनुसार नेपालको कुल राष्ट्रिय बजेटमा स्वास्थ्य क्षेत्रको हिस्सा अझै पनि करिब ५.५ देखि ६ प्रतिशतको हाराहारीमा मात्रै सीमित छ। विश्व स्वास्थ्य संगठन तथा विभिन्न अन्तर्राष्ट्रिय स्वास्थ्य अर्थशास्त्रीहरूले स्वास्थ्य क्षेत्रमा पर्याप्त सार्वजनिक लगानी बढाउन जोड दिँदै आएका छन्। दोस्रो, ठूलो अवरोध कर्मचारीतन्त्रको परम्परागत 'समानताको सिद्धान्त' हो। एघारौं तहका सहसचिव र एघारौं तहका विशेषज्ञ डाक्टरको कार्यप्रकृति र पढाइको लगानी पूर्णतः फरक भए पनि उनीहरूलाई एउटै तराजुमा जोख्ने गरिन्छ। र, डाक्टरको तलब बढाउँदा अन्य प्रशासनिक निकायमा विद्रोह हुने डर राखिन्छ। त्यस्तै, निजी क्षेत्रमा न्यूनतम पारिश्रमिक बोर्ड तोकेर आकर्षक तलब अनिवार्य गर्दा निजी अस्पताल सञ्चालकको छाता संगठन (अफिन) बाट 'सञ्चालन खर्च धान्न नसकिने र उपचार महँगो हुने' भन्दै ठूलो राजनीतिक लबिइङ र व्यावसायिक प्रतिरोध हुने निश्चित छ। स्वास्थ्य क्षेत्रभित्रै पनि राजनीतिक दलनिकट युनियनहरूको बहुलता भएकाले विधागत भत्ता बाँडफाँटमा आन्तरिक द्वन्द्व हुने खतरा रहन्छ।

जबसम्म राज्यले स्वास्थ्य जनशक्तिमा गरिने लगानीलाई 'अनुत्पादक खर्च' ठान्न छोड्दैन र साहसिक निर्णय लिँदैन, तबसम्म देशको स्वास्थ्य क्षेत्र स्वयं 'आईसीयू' बाट बाहिर निस्कन सक्नेछैन। अब पनि राज्य नब्युँझिने हो भने भोलि अस्पतालका भव्य भवन र अत्याधुनिक उपकरण त होलान् तर तिनलाई चलाउने 'मन र मस्तिष्क' यो देशमा भेटिने छैनन्।

# राजनीतिक जोखिमको संघार



प्रकाशचन्द्र लोहनी

(लोहनी राष्ट्रिय प्रजातन्त्र पार्टीका निर्देशन समिति सदस्य हुन्)

प्रधानमन्त्री वालेन्द्र शाहको भ्रष्टाचार नियन्त्रण गर्ने अठोट स्वागतयोग्य छ। यस कदममा नेपालीहरूको समर्थन छ। वास्तवमा नेपाली अर्थतन्त्र भ्रष्टाचारले थलिएको छ। थलिएको मान्छे राम्रोसँग हिँड्न सक्दैन, दीर्घकालीन दृष्टिकोणले विचार पनि गर्न सक्दैन।

भ्रष्टाचारले भौतिक पुँजी निर्माणमा अपव्यय गराउँछ, बनाइएका पुँजीगत संरचनाको क्षय गराउँछ। र, समाजका विभिन्न तह-तप्काबीच अविश्वासको वातावरण सिर्जना गरी देशको सामाजिक पुँजी पनि नाश गर्छ। त्यसैले नेपाल पुँजी कमी भएको देश होइन, इमानदारी कमी भएको देश हो। यस्तो परिवेशमा 'देशमा इमानदारीको वातावरण सिर्जना गर्छु' भन्ने जोकसैको पनि प्रयास प्रशंसनीय हुन्छ।

भ्रष्टाचारीमाथि कडाइका साथ कारबाही गरिनुपर्छ। यस सन्दर्भमा अहिले देशमा पासपोर्ट काण्ड चर्चामा छ। यसको वास्तविकता बिस्तारै जनताले थाहा पाउलान् नै, तर एउटा नमिठो तथ्य के रहेछ भने पासपोर्टको सरकारी गोदाम रित्तिँदै गएको छ। युवाहरूलाई विदेश पठाएर विकासको सपना देख्ने देशमा पासपोर्ट नै सकिन लाग्यो भने के गर्ने ? यस्तो अवस्था कसरी सिर्जना भयो ? यो किन भयो ? र, कसरी भयो ? प्रश्न आउनु स्वाभाविक हो।

**निरीह अख्तियार**

सायद माथिका यी प्रश्नको उत्तर र समाधान खोज्ने क्रममा अख्तियार केन्द्रविन्दुमा आइपुग्यो। छापामा पढेअनुसार यो 'पासपोर्ट काण्डबारे अख्तियारमा उजुरी-मुद्दा परेको, तर अहिलेसम्म अलमल भएको' देखियो। यसैबारे सशंकित भएर प्र.म. कार्यालयबाट एक्सप्रेस खोज-अनुसन्धान सुरु भयो। राष्ट्रिय छापाका अनुसार, अख्तियारका हाकिम प्रेम राई बोलाइए, उनलाई दबाब दिइयो अनि पक्राउ पुर्जीको चिठी पनि लेख्न लगाइयो।

अब यहाँ प्रश्न आउँछ, संविधानतः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हैसियत के ? संविधानको के हैसियतले स्पष्ट पारेको छ, यो संस्था स्वतन्त्र छ र यसले संविधानले दिएको जिम्मेवारी पूरा गर्न कसैसँग निर्देशन लिनुपर्दैन ? संविधानवादको सिद्धान्तअन्तर्गत सन्तुलन र नियन्त्रणको एउटा स्वतन्त्र इकाइका उच्च अधिकारी र हाकिमसमेतलाई प्रधानमन्त्रीका सल्लाहकारले कार्यालयमा बोलाए। प्रकाशित खबरअनुसार, 'केरकार' गरे र 'घण्टौंसम्म थुनेर' केही निर्णय लिन बाध्य गराए। फेरि प्रश्न उठ्छ, अख्तियारको संवैधानिकस्तरमाथि धावा बोल्ने अधिकार सल्लाहकार समूहले कहाँबाट पाए ? अझ योभन्दा दुःखदायी विषय अख्तियारको निरीहतामा देखिएको छ। स्वतन्त्र संवैधानिक इकाइका हाकिमले आफ्नो संगठनमाथिको दबाब र अपमानलाई एक झोक प्रतिवाद पनि नगरी स्वीकार गर्नु आश्चर्यजनक देखिन्छ। आफ्नो संस्थाको संवैधानिक अस्तित्वमा धावा बोल्दा लुसुक्क केही नबोलीकन बस्नु देशका लागि शुभ संकेत होइन।

व्यक्तिगत रूपमा म प्रेम राईलाई चिन्दिनँ र प्रधानमन्त्रीका सल्लाहकारहरू पनि चिन्दिनँ। तर, उनीहरू दुवै (एकले सत्ता-मादको सहारा र अर्कोले दयनीय निरीहताको अनुहार देखाएर) ले नेपालको प्रजातान्त्रिक यात्रा अझ सुचारु हुने विषयमा गम्भीर शंकाको स्थिति सिर्जना गरेका छन्। यदि साँच्चै अख्तियारको नेतृत्वमाथि विश्वास छैन भने प्रधानमन्त्री वालेन्द्र शाहले संसद्मा प्रेम राईलाई महाअभियोग लगाई हटाउने आँट गर्नुपर्छ। बाटो त्यही नै हो, अन्यथा संविधानको मर्मअनुरूप खडा भएका संस्थाहरूको संस्थागत मर्यादा प्रधानमन्त्रीको कार्यालयले स्वीकार गर्नुपर्छ।



तस्बिर : अंगद ढकाल/कान्तिपुर

नेपालको संविधानले व्याख्या गरेको राजनीतिक व्यवस्था संवैधानिक, कल्याणकारी उदारवाद हो। चुनावले मात्रै प्रजातन्त्रको सफलता निर्धारण गर्दैन, यो शासकको नियतले गर्छ। हालसम्मका सरकारी कामकारबाहीले नेपालमा 'हुकुमी शैली' सुरु हुन थालेको झझल्को दिन्छ। प्रधानमन्त्री वालेन्द्र शाह समयमै राजनीतिक जोखिमवादबाट सतर्क हुनु जरुरी छ।

**एक्सप्रेस हाइवे**

'एक्सप्रेस हाइवेमा जाँदा कुद्नुपर्छ' भन्ने प्रधानमन्त्रीको भनाइ आफैंमा आकर्षक छ। द्रुत विकासको आकांक्षा बोकेको यो युगमा सबै विषय चाँडो होस् भन्नु स्वाभाविकै हो। आज पनि नेपालको राष्ट्रिय आय वृद्धिको गति सालाखाला चार प्रतिशत मात्रै छ। यसलाई द्रुत गतिमा लैजान लगानी बढाउनुपर्छ र लगानी बढाउन ऋणको भार राष्ट्रिय आयको अनुपातमा ४४ बाट ५४ पुर्‍याउने तर्क गर्न नसकिने होइन। तर, यो तत्परता कुनै अर्थमन्त्रीले देखाए त्यसलाई कसैले पनि स्वाभाविक र 'एक्सप्रेस विकास' भन्दैन, बरु रोमाञ्चकारी जोखिमवादको नमुना भन्नेछन्। बीसौं शताब्दीमा यस्तै 'एक्सप्रेस हाइवे' मोडलको खाल्डोमा ठूला नेताहरू पनि परेका छन्।

हाम्रै मित्रराष्ट्र चीनमा क्रान्तिकारी नेता माओले देशलाई '१५ वर्षमा समृद्ध देशको दाँजोमा पुर्‍याउने' लक्ष्य राखे। र, त्यसका लागि निजी स्वामित्व पूरापूर खारेज गरिदिए। उत्पादन ब्रिगेड र उत्पादन डिभिजनजस्ता अवधारणामा टेकेर द्रुत गतिको विकासको सपना देखे र सैनिक शैलीमा कृषि-संगठन निर्माण गरे। उद्योगको क्षेत्रमा द्रुत गतिले विकास गर्न हरेक टोलमा फलाम बनाउने कारखाना खोल्ने नीति अपनाए। पुरानो पुँजीवादी मनस्थितिबाट मुक्ति पाउन सांस्कृतिक क्रान्तिको अभियान सुरु गरे। तर, त्यो रफ्तारको गाडीले बीसौं शताब्दीमा सबैभन्दा ठूलो भोकमरीबाट लाखौं चिनियाँ जनताको मृत्यु भयो र देश भीरको स्थितिमा पुग्यो।

चाउ इन-लाईजस्ता व्यवहारवादीले माओको 'विकास एक्सप्रेस' रोक्न खोजे र चिनियाँ अर्थतन्त्र खतम हुनबाट बचाए। तर, वास्तविक विकासको क्रान्ति देङ स्याउ पिङको उदयपछि र विकासका नाममा 'क्रान्तिकारी एक्सप्रेस' मा रोक लागेपछि मात्रै सुरु भयो। सन् १९८० मा नेपाल र भारतको बराबर प्रतिव्यक्ति आय भएको चीनको अर्थतन्त्रमा आज संस्थागत निर्माण, उत्पादनबाट निजी क्षेत्रलाई प्रोत्साहन अनि विदेशी लगानीको व्यापकताबाट आमूल परिवर्तन भएको छ। यदि माओकै एक्सप्रेस मार्गमा कुद्ने प्रयास जारी राखेको भए चीनमा के हुन्थ्यो होला ? अतः देशमा शान्ति-सुरक्षा कायम गर्ने या भ्रष्टाचार अन्त्य गर्ने नाममा यससँग जोडिएका विधि र प्रक्रियालाई उपेक्षा गर्न मिल्दैन। 'मेरो नियत राम्रो छ' भन्नेमै गर्व गरिरहने, तर त्यो नियतको कार्यान्वयनसँग जोडिएका अंगहरूको उपेक्षा गर्ने या ध्यान नदिने हो भने 'प्रजातान्त्रिक तानाशाही' संस्थागत हुँदै जानेछ। र, राजनीतिक संकट झन् बढ्दै जानेछ। यदि यो प्रसंग 'पन्छाउने हो' भने प्रजातन्त्रका नाममा 'प्रजातान्त्रिक तानाशाही' फस्टाएर जाँदैन र ? अनि के हाम्रो लक्ष्य यही हो ? प्रधानमन्त्रीले विचार गर्नु उपयुक्त होला।

नेपालको संविधानले व्याख्या गरेको राजनीतिक व्यवस्था संवैधानिक, कल्याणकारी उदारवाद हो। यसको सफलता सरकारको नियतमा भर पर्छ। 'प्रजातन्त्र' कै कुरा गर्ने हो भने उत्तर कोरियादेखि क्युवा वा भेनेजुएला-सबैले आफूलाई 'प्रजातान्त्रिक' भन्छन्। तर, यथार्थ के हो भने चुनावले मात्रै प्रजातन्त्रको सफलता निर्धारण गर्दैन, यो शासकहरूको नियतले गर्छ।

हालसम्मका सरकारी कामकारबाहीले नेपालमा 'हुकुमी शैली' सुरु हुन थालेको झझल्को दिन्छ। प्रधानमन्त्री वालेन्द्र शाह समयमै राजनीतिक जोखिमवादबाट सतर्क हुनु जरुरी छ। हुन त यस्तो प्रयास योभन्दा अघि सरकारमा बस्नेहरूले पनि गरेकै थिए र ती नराम्ररी असफल पनि भए। यो राजनीतिक जोखिमवादको इतिहास फेरि नयाँ पुस्ताबाट देशमा नदोहोरियोस्।

# रास्वपा राम्रो हुने सर्त



डा. रामजी राम

(चिकित्सक राम सामाजिक अभियन्ता पनि हुन्)

देश रास्वपामय भएको छ। रास्वपाले आज जे मत पाएको छ, त्यो पाउनु त्यस पार्टीका नेताहरूले गरेको राम्रो कामको मात्रै फल होइन। वर्षौंदेखि सत्ता र सत्ता वरपर मात्रै रहेका ठूला दलहरूको चिन्तन, भाषण र शासनको कार्यशैली नमिलेकै कारण मत रास्वपातिर सोहोरिएको हो। एकातिर पुराना दल अकर्मण्य थिए, पुराना दलका पुरानै अनुहार थिए। अर्कोतिर रास्वपाको नयाँ शैली थियो, नयाँ उम्मेदवार थिए। यही यथार्थबीच मतदाता नयाँतिर तानिए।

रास्वपाले जुन मत पाएको छ, त्यो कुनै बेला बहुदलीय व्यवस्थामा कांग्रेससँग, कुनै बेला एमालेसँग, कुनै बेला माओवादीसँग थियो। उनीहरूले केही पनि गरेनन् भन्ने होइन तर समय र आवश्यकताको मागअनुरूप परिणामचाहिँ दिन सकेनन्। दलीय व्यवस्थामा दलहरू बदलिए पनि दलमा नेतृत्व गर्ने समूह कहिल्यै बदलिएन। र, नेतृत्वमा को थियो ? त्यो बुझ्न हामीले समाजको सफ्टवेयर बुझ्नुपर्छ। त्यो हो, धर्मको सफ्टवेयर। जसले धार्मिक व्यवस्था बनाए, शासन प्रणाली र नीतिहरू बनाए, तिनैले नीति-निर्माता पनि बनाए। त्यसैको उपज हो, समाजमा विद्यमान जात व्यवस्था। उनीहरूले जात व्यवस्था कमजोर नहुने शैली बनाए। अनि को सम्मानित हुने र को अपमानित ? भन्ने सामाजिक व्यवस्थालाई बलियो बनाए।

यसको मार अहिले पनि दलित, महिला र यौनिक अल्पसंख्यकले भोगिरहेकै छन्। कांग्रेस हेर्नुस् कि माओवादी वा एमाले- सबैभित्र जात व्यवस्थाको सोपान छ। उनीहरूले जात व्यवस्थाकै शासन बलियो बनाए, जसबाट समाजको एउटा तप्काले सधैं हेपिएको र दमनको महसुस गर्‍यो। पुराना दलका नेताले गरेका वाचा, व्यवहार र दिएका परिणाम (देशमा बेरोजगारी, विभेद, नेपो बेबी, नातावाद-कृपावादको चरम अवस्था, भ्रष्टाचार काण्ड, अख्तियार दुरुपयोग) को उनीहरूले भेउ पाए अनि असन्तुष्टि झाँगियो। आक्रोश बढ्दै गयो। यस्तो आक्रोश सामाजिक सञ्जालमा पनि फैलियो। क्रमशः यही कुरा जेन-जी विद्रोहमा पनि मिसिएर प्रकट भयो। यही पृष्ठभूमिमा नयाँ दल रास्वपा उदायो। अहिले नयाँ र वैकल्पिक भन्ने दलहरूले पुराना नेताप्रति पोखेको द्वेषले 'अरू खराब छन्, त्यसैले हामी अहिलेका राम्रा' भन्ने सामाजिक भाष्य निर्माण भएको छ।

विवेकशील नेपाली दलका संस्थापक नेता उज्ज्वल थापाले वैकल्पिक राजनीतिको बाटो कोरेका थिए। उनीसँग केही विषयमा प्रस्ट विचार थियो- राजनीति किन गर्ने ? गर्दा कसरी गर्ने ? के परिणाम ल्याउन गर्ने ? उनीसँग केही राजनीतिक मूल्य थियो। त्यो थियो- जे गरेर पनि नजित्ने ? इमान्दार र स्वस्थ प्रतिस्पर्धा गरेरै जित्ने। आफ्नै व्यवहारले नै राम्रो हुने, अरूले गरेका राम्रा कुराप्रति कृतज्ञ हुने। उनी लोकतन्त्रका निमित्त ज्यान गुमाएका प्रति कृतज्ञ थिए। तर, के अहिलेका वैकल्पिक भनिएका दलमा थापाले देखाएको राजनीतिक मूल्यको ज्ञान छ ?

मधेश जहिल्यै विभेदमा पर्दा उनले मधेशप्रति पहाडका साथीले देख्ने दयाको दृष्टि अर्थात् 'सहानुभूति' चिर्दै मानवीय समवेदना र आफ्नोपन अनुभूति गराउने नयाँ शब्द थपे- 'समानुभूति'। अब सहानुभूति होइन, समानुभूति चाहियो। आजका वालेन्द्र शाह र रवि लामिछाने त्यही आन्दोलनका प्रभाव हुन्।

रास्वपा महाधिवेशनले दिएको एउटा सन्देश हो- गाउँघरमा मानिस दलदलमा विभाजित हुने होइन, साझा उद्देश्यका लागि एकै ठाउँमा जम्मा हुने हो, एकअर्काको सहयात्री बन्ने हो। देशमा जति दल छन्, ती सबै देश बनाउनै खुलेका हुन्। उनीहरूको असन्तुष्टि हेर्ने हो भने थाहा लाग्छ- कहीँ न कहीँ उनीहरू तीन कुरामा फरक भेटिन्छन्। ती तीन कुरा जान्न प्रख्यात उद्यमी र अमेरिकन लेखक साइमेन सिनेकको 'गोल्डेन सर्कल' अवधारणा बुझ्नुपर्छ। त्यसमा तीन घेरा छन्, जसमा भित्रबाट बाहिर जाँदा पहिलो घेराभित्र छ- ह्वाई ? दोस्रोमा छ- हाउ ? र, तेस्रोमा छ- ह्वाट ? पहिलो घेराको मुख्य आशय हो, के-का लागि राजनीति गर्ने ? र, त्यसमा क्लियर हुने। दोस्रो घेराको आशय छ- जेका लागि गर्छौं, त्यो प्राप्तिका माग र रणनीति के हुन् ? के गरे त्यो प्राप्ति हुन्छ र त्यसका लागि कति मूल्य चुकाउनुपर्छ ? कसले के-के गुमाउनुपर्छ ? कति समय लाग्छ ? तेस्रो घेराको आशय हो- के भएमा स्तुति हुने ? स्तुतिको चेकलिस्ट के हो ? को-को सन्तुष्ट हुने ? सफलताको इन्डिकेटर के हुने ? यी परिणाम पूरा गर्ने क्रममा के-के गर्दैनौं ? न्यूनतम आचारसंहिता के हुने ?

पहिलो, दोस्रो र तेस्रो कुरा रास्वपाका नेताहरूको भाषणमा, व्यवहारमा र चिन्तनमा देखा पर्छ कि पर्दैन ? यति कुरामा स्पष्टता चाहिन्छ। हाम्रो देशमा नीतिहरूमा आधारित नेता होइन, नेतामा आधारित नीति र कार्यक्रम हाबी छ। देशको तथ्यांकले जुन-जुन इन्डिकेटरमा काम गर्न र पैसा खन्याउन भन्छ, त्यसमा त्यो कामै नगरी आफू जसरी 'पपुलर' भइन्छ, त्यसैमा पैसा खन्याउने अवस्था निर्माण गरिन्छ।

नयाँ भनिएका नेताको बोलीमा विश्वास खोज्ने अभ्यास गरिएन भने रास्वपा पनि त्यही बाटोमा पुग्नेछ, जुन बाटोमा पुराना दल समय क्रममा पुगे। रास्वपाले दलितसँग माफी त मागेको छ तर त्यो व्यवहारमा कसरी देखिएला ? त्यो रास्वपाले व्यवहारमा लागू गर्ला ? रास्वपाको जारी महाधिवेशनले यो विषयको छनक कसरी दिन्छ ? हेर्नै बाँकी छ। किनकि रास्वपाले दलितका लागि जे बोल्दै आएको छ, त्यो कुरा तिनका दलीय र सांगठनिक व्यवहारमा मेल खाँदैन।

अहिले पनि उही प्रश्न छ। राज्य चलाउनेहरू को छन् ? व्यापार गर्ने को छन् ? अनि कानुन निर्माण गर्ने ठाउँमा को छन् ? राज्यका शक्ति र स्रोतको शैली फेरिएको छैन। सांसदको समानुपातिक सूचीको जुन कानुनी मर्म हो, के त्यसको पालना भएको छ ? अनि सत्तामा रहेको रास्वपासँग यसको जवाफ छ ?

रास्वपाले आफूलाई 'देश विकास गर्ने पार्टी' भन्दै आएको छ। तर, त्यो 'देश विकास' के हो ? देशको विकास कसका लागि गर्ने ? अनि विगतझैं विकासको लाभ सबैभन्दा पहिले कसले पाउने ?

विगतमा दलित समुदायका व्यक्ति मन्त्री नभएका होइनन्। राज्यको केन्द्रमा नपुगेका पनि होइनन्। तर, उनीहरू नाम मात्रैका थिए। उनीहरूको प्रतिनिधित्व नाम मात्रैको थियो। स्थानीय तहमा पनि करिब-करिब यस्तै अवस्था छ। अहिले रास्वपा संगठन निर्माणका क्रममा छ। विगतमा भएको यही गल्ती रास्वपामा पनि दोहोरिने त होइन ? यही चिन्ता छ। किनकि रास्वपाले पनि समानुपातिक-समावेशिताको अभ्यास पार्टीभित्र लागू हुने व्यवस्था गर्न खोजेको देखिएन।

के दलित र समावेशीकरणको मुद्दामा रास्वपा विगतका दलभन्दा फरक छ ? के ऊ आफ्ना वाचाप्रति इमान्दार छ ? दलितलाई मात्रै नभई यौनिक अल्पसंख्यक, मुस्लिम महिलासमेतको नेतृत्व स्विकारोक्तिमा रास्वपाले सद्भावपूर्ण व्यवहार देखाएको छ ? यो प्रश्नको उत्तर खोज्नैपर्ने भएको छ।

रास्वपाले बुझाउन सक्नुपर्छ- ऊ राइटिस्ट दल हो कि लेफ्टिस्ट वा सेन्टरिस्ट ? उसले आफूलाई देश विकास गर्ने पार्टी भन्दै आएको छ। तर, उसले भनेको 'देश विकास' के हो ? देशको विकास कसका लागि गर्ने ? अनि विगतमा जस्तै त्यो विकासको लाभ सबैभन्दा पहिले कसले पाउने ? रास्वपाले विकास गर्छु त भनेको छ तर उसले के कुराको विकास गर्ने ? उसको विकासको प्राथमिकता के ? उसले यस्ता प्रश्नको जवाफ दिनैपर्छ। ताकि के थाहा होस्, रास्वपाले गर्ने विकासको लाभ सीमान्तकृत र अल्पसंख्यक समुदायले कसरी पाउँछ ? कहिले पाउँछ ?

रास्वपाले विकास हार्डवेयरले गर्ने हो कि सफ्टवेयरले ? त्यो भनेको छैन। विकास पूर्वाधारले गर्छ कि सामाजिक चेतनाको जागृतिले ? त्यो पनि स्पष्ट पारेको छैन। यो देशमा ठूलो जनसंख्या अहिले पनि जात व्यवस्थाकै कारण मानव हुन पाएको छैन। छुवाछूतको डर बोकेर बाँचिरहेको छ। के यस्तो सामाजिक अभ्यासले हाम्रो समाजको शिर दुनियाँसामु नुहेको छैन ?

'आफैंले मात्रै देश बनाउँछु' वा 'रास्वपाले मात्रै देश बनाउँछ' भन्ने धारणा रास्वपाले नबेच्नु। अरूको पनि अस्तित्व स्विकार्नु ताकि देश विकासमा सबैले अपनत्व महसुस गरून्।

# महँगो मूल्यमा 'मन्द विष' : स्वास्थ्य सपार्दै कि बिगार्दै ?



उषा थपलिया

(थपलिया अधिवक्ता हुन्)

**हाम्रा फलफूल**

एक साताअघि २ सय पचास रुपैयाँ दर्जनमा गाउँको झपरीझैं देखिने केरा किनेको थिएँ। खाँदा लोकल स्वाद त परैको कुरा, केराको जात जनिने न्यूनतम स्वादसमेत थिएन। कलिलो केरालाई कुनै रसायनको माध्यमबाट जबरजस्ती पाकेजस्तो बनाई बजार ल्याइएको प्रस्टै बुझिन्थ्यो। केही दिनअघि 'विषादीरहित' लेखिएको प्रतिष्ठित स्टोरबाटै किनेको मालदह आँप भेट्नुबाट फतक्कै कुहिएर अधिकांश खेर गयो।

साताभित्रैका यी दुई अनुभवले बजारमा उपलब्ध हाम्रा फलफूल कति गुणस्तरीय छन् ? सोच्न बाध्य बनायो। आयुर्वेद होस् या आधुनिक स्वास्थ्य विज्ञान, दुवैले मानव स्वास्थ्यका लागि फलफूलको अपरिहार्यता जनाएका छन्। त्यसैले मूल्य महँगो हुँदाहुँदै पनि आमनेपालीको फलफूलप्रतिको लगाव पछिल्लो समय बढ्दै गएको छ। तर, नेपाली बजारमा पाइने धेरै किसिमका फलफूल विषादी मिसिएर उपभोक्ताका घर भित्रिने अवस्था विद्यमान छ।

सामान्यतया आकर्षक, चम्किला र बेमौसममा बजार भित्रिने फलफूल विषादी, रसायन अनि अन्य कृत्रिम तत्त्वका कारण बढी अस्वस्थकर हुने विषयमा विज्ञहरूले सजग गराएका छन्। तर, मौसमभित्रकै फलफूल पनि विषादीरहित नभएको माथि उल्लेखित केरा र आँपको प्रसंगबाट प्रस्ट हुन्छ। बाह्रै महिना मौसमी फलफूलझैं बजारमा उपलब्ध हुने स्याउको अवस्था झन् नाजुक छ। बाहिरी सतहमा टल्किने लेपन, स्टिकर टाँसिएको भागमा इन्जेक्सनको खत, अस्वाभाविक गुलियो स्वाद, किनेको केही दिनमै फतक्कै कुहिने अवस्था आँखैले देखिने कैफियत हुन्। अन्य रसायनको प्रयोग केवल प्रयोगशालाबाट पत्ता लाग्ने विषय भए। 'प्रोगेसिभ सस्टेनेबल डिभलपर्स नेपाल' ले काठमाडौंलगायत अन्य स्थानका बजारबाट स्याउ र केराका नमुना भारतको प्रयोगशालामा परीक्षण गर्दा सबै केरामा अत्यधिक मात्रामा विषादी र एउटै स्याउमा ७ प्रकारसम्मका अलग-अलग विषादी प्रयोग भएको निष्कर्ष निकालेको थियो। प्रश्न उब्जिन्छ- स्वास्थ्य सपार्न महँगो मूल्य तिरेर फलफूल खाएको आत्मरतिमा रमाइरहेका हामीले वास्तवमा स्वास्थ्य सपारिरहेका छौं या बिगारिरहेका छौं ?

**सन्तोषजनक छैनन् तरकारी**

नेपाली भान्सामा भित्रिने तरकारी पनि पूर्ण स्वस्थकर नहुने परीक्षणले देखाएका छन्। गत हिउँदकै कुरा गरौं- रायोको सागमै ९९.०८ प्रतिशत 'अर्गानोफस्फेट' नामक विषादी भेटिएको र त्यसले कलेजोमा प्रत्यक्ष असर पुर्‍याउने भन्दै केन्द्रीय कृषि प्रयोगशालाको परीक्षणले खान अयोग्य ठहर्‍याएको थियो। अन्नबाली, तरकारी तथा फलफूलमा विशेषज्ञले निर्धारण गरेबमोजिम विषादी प्रयोग गर्नुपर्ने किसानको बाध्यता नकार्न सकिँदैन। विषादी प्रयोग ३५ प्रतिशतभन्दा कम भए खानयोग्य, ४५ प्रतिशतसम्मको प्रयोगमा केही दिन राखेर खान सकिने र त्योभन्दा माथि भए खान नमिल्ने भनी सीमा निर्धारण गरिएको छ। तर, विषादी प्रयोगमा सिफारिस गरिएको निर्धारित समय, मात्रा र तरिकालाई बेवास्ता गर्दा बजारमा समस्याग्रस्त तरकारी तथा कृषि उपज आपूर्ति भइरहेका छन्।

**दुग्ध पदार्थको गुणस्तर**

नेपालमा पोषणसम्बन्धी विभिन्न निकायले प्रतिव्यक्ति वार्षिक ९१ देखि ९२ लिटर दूध तथा दुग्ध पदार्थ सेवन गर्न सिफारिस गरेको छ। सिफारिसको तुलनामा प्रतिव्यक्ति औसत उपभोग वार्षिक ७२-७८ लिटर मात्रै रहेको भन्दै सरकारी निकायबाट दुग्ध सेवन बढाउन प्रचारात्मक सन्देश प्रवाह भइरहेको छ। तर, उपभोक्ताको घरघरमा आपूर्ति हुने दूध स्वस्थकर छैन। दुग्ध पदार्थको गुणस्तरलाई लिएर सरकारी स्वामित्वको दुग्ध विकास संस्थानदेखि कैयौं निजी डेरी पटक-पटक दोषी देखिएका छन्। विशेषतः दूधमा मानव स्वास्थ्यलाई हानि पुर्‍याउने हानिकारक रसायन मिसाइएका तथ्य सरकारी प्रयोगशालाबाटै पुष्टि भएका छन्। दुग्ध उद्योगको प्रदूषित वातावरणदेखि दुध ओसारपसार गर्ने ट्यांकर, क्यान, पाउचलगायत सामानको उचित सरसफाइ अभाव, दूषित पानी प्रयोग, कृत्रिम दूध उत्पादन र आपूर्तिसम्मका कैफियतमा डेरी दोषी पाइएको छ। प्रदूषित पानी, दूषित वातावरण र राम्ररी सफा नगरिएका भाँडाकुँडाका कारण दिसामा पाइने कोलिफर्म जीवाणुसमेत दूधमा पाइएको धेरै पटक पुष्टि भएको छ। साथै दूध फाट्नबाट जोगाउन, चिल्लो र बाक्लो देखाउन, लामो समय टिकाउन अखाद्य तत्त्व (जस्तै कास्टिक सोडा, युरिया मल, लुगा धुने डिटरजेन्ट पाउडर, पाम आयल) मिसाएर डेरी उद्योगहरूले मानव स्वास्थ्यविरुद्ध आपराधिक कार्यसमेत गर्ने गरेको अनुसन्धानबाट देखिएको छ। केहीअघि मात्रै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको अनुगमनमा भक्तपुर, काभ्रे, रूपन्देही र मकवानपुरका कतिपय डेरी उद्योगमा यस्तै कार्य भएको पाइनु आमउपभोक्ताका लागि चिन्ता र राज्यका लागि गम्भीर चुनौतीको विषय हो।



तस्बिर : कान्तिपुर

स्वास्थ्य सपार्न महँगो मूल्य तिरेर फलफूल खाएको आत्मरतिमा रमाइरहेका हामीले स्वास्थ्य सपारिरहेका छौं या बिगारिरहेका ? फलफूल होस् वा अनाज, तरकारी, दूध वा जुनै खाद्य सामग्री- उद्योगीले जानीजानी मानव स्वास्थ्यमा हानिकारक रसायन/विषादी मिसाएको पुष्टि हुन्छ भने त्यो जनस्वास्थ्यविरुद्धको गम्भीर अपराध हो।

**खाद्य शुद्धतामा नेपालको कानुनी व्यवस्था**

नेपालको संविधान- २०७२ मा खाद्य शुद्धता भनी प्रत्यक्ष उल्लेख नगरे पनि खाद्य सुरक्षा र गुणस्तरीय खाद्य प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ। धारा ३५ (स्वास्थ्यको हक), धारा ३६ (खाद्यसम्बन्धी हक) र धारा ४४ (उपभोक्ताको हक) ले नागरिकको खाद्य शुद्धताको हकलाई संवैधानिक आधार प्रदान गर्छन्। यसअन्तर्गत पनि धारा ४४ ले 'प्रत्येक व्यक्तिलाई गुणस्तरीय वस्तु र सेवा पाउने तथा गुणस्तरहीन वस्तु र सेवाबाट क्षति पुगेमा क्षतिपूर्ति पाउने हक' व्यवस्था गरी कार्यान्वयनका लागि खाद्य स्वच्छता तथा गुणस्तर ऐन- २०८१ र उपभोक्ता संरक्षण ऐन-२०७५ लगायत कानुन लागू भएका छन्। उपभोक्ता संरक्षण ऐन-२०७५ को दफा ३ मा 'प्रत्येक उपभोक्ताले गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुन्छ' भनिएको छ। उपदफा २ को खण्ड 'ङ' ले 'मानव जीउ-ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार' सुनिश्चित गरेको छ। खाद्य स्वच्छता तथा गुणस्तर ऐन- २०८१ अनुसार, दूषित मिसावटयुक्त वा मानव स्वास्थ्यमाथि हानि पुर्‍याउने खाद्य पदार्थ उत्पादन, भण्डारण, वितरण वा बिक्रीमा निषेध गरिएको छ। यी कानुनमा उपभोक्ताको गुणस्तरीय र शुद्ध खाद्य प्राप्त गर्ने अधिकार कतैबाट कुण्ठित नहुने यदि भइहाले कानुनी प्रक्रियामार्फत दोषीलाई जरिवानादेखि कैद सजाय तथा उपभोक्ताले क्षतिपूर्ति पाउने क्रममा आवश्यक पर्ने सबै प्रावधान समेटिएका छन्। तर, कानुनको अर्थपूर्ण कार्यान्वयन हुन नसक्दा समस्या अन्त्य हुँदैन।

**जनस्वास्थ्यविरुद्ध अपराध**

दुग्ध होस् वा अनाज, तरकारी, फलफूल वा जुनै खाद्य सामग्री- उद्योगीले जानीजानी मानव स्वास्थ्यमा हानिकारक रसायन/विषादी मिसाएको पुष्टि हुन्छ भने त्यो जनस्वास्थ्यविरुद्धको गम्भीर अपराध हो। खाद्यवस्तुको गुणस्तरबारे अनुगमन गर्ने आधिकारिक निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग आफूले बजार अनुगमन गरिरहेको, तर समस्याको तुलनामा पर्याप्त विशेषज्ञ, प्रयोगशाला तथा कर्मचारी अभावमा सफलता हासिल गर्न नसकेको स्वीकार गरिरहेको छ।

मुलुकभित्र प्रत्येक व्यक्तिलाई गुणस्तरीय खाद्यवस्तुको अधिकार सुनिश्चित गर्ने जिम्मेवारी राज्यको हो। बजारमा नियमित अनुगमन/मूल्यांकन, विशेषज्ञ उत्पादनमा वृद्धि, गुणस्तरीय प्रयोगशाला विस्तार, प्रभावकारी उजुरी सुनुवाइ प्रक्रिया, दोषीलाई कानुनबमोजिम दण्डमा सुधार गर्नैपर्छ। हाम्रो देशमा आधुनिक प्रयोगशालाको अभाव छ, विशेषज्ञ सीमित छन्, भौगोलिक विकटताले प्रविधिगत सेवा देशैभरि छिटो विस्तार गर्न कठिन छ- त्यस्तोमा स्रोतमै खाद्य शुद्धता कायमका लागि स्थानीय सरकारलाई अधिकारसहित बढी जिम्मेवार र जवाफदेही बनाउनु उत्तम हुन सक्छ। आफ्ना क्षेत्रका उद्योग, कृषि फार्म, डेरी, मिल, गोदाममा स्थानीय सरकारले जिम्मेवारीसाथ निगरानी बढाउने हो र देखिएका समस्या त्यहीँ समाधान गर्ने अधिकार प्रत्यायोजित हुने हो भने देशमा उत्पादित खाद्यवस्तुमा विषादीको समस्या स्रोतमै टुंगिन्छ।

# ‘प्यालेस्टिनी बालबालिकाहरू दुर्व्यवहारको उच्च जोखिममा’

काठमाडौं (एजेन्सी)– गाजा र पश्चिमी किनारालगायत क्षेत्रमा मानवअधिकारवादी तथा मानवीय संस्थाहरूको उपस्थिति सहज नभएका कारण प्यालेस्टिनी बालबालिका असुरक्षित र दुर्व्यवहारको उच्च जोखिममा रहेको बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले चेतावनी दिएको छ ।

समितिले एक विज्ञप्ति जारी गर्दै मानवअधिकार रक्षकहरू र अन्य नागरिक समाजलगायतका संगठनहरूलाई आतंककारीको आरोप लगाउने इजरायलको दमनकारी रणनीतिको कडा शब्दमा निन्दासमेत गरेको छ । सैन्य छापा, यात्रा प्रतिबन्ध, व्यक्तिगत वित्तीय प्रतिबन्ध, गिरफ्तारीको धम्की र उनीहरूको कामलाई समर्थन गर्ने साझेदारविरुद्ध प्रतिबन्धको धम्कीलगायतका कारणहरूले मानवअधिकारवादी संस्थाहरूलाई सुरक्षित रूपमा मानवीय सेवा सञ्चालन गर्न असम्भव बनाएको जनाइएको छ ।

### मानवअधिकार र नागरिक समाजका संस्था र संगठनहरूलाई आतंककारीको आरोप लगाउने इजरायलको दमनकारी रणनीतिको कडा शब्दमा निन्दा

समितिले चलिरहेको उत्पीडन, धम्की, प्रतिबन्ध र उनीहरूको प्रतिष्ठामा आक्रमणका कारण बालबच्चाहरूलाई समर्थन गर्ने संस्थाहरूले आफ्नो सेवासुविधा रोक्न वा घटाउन बाध्य भएकोमा गहिरो चिन्ता व्यक्त गर्दै तीन दशकभन्दा बढी समयदेखि यी संस्थाहरूले प्यालेस्टिनी बालबालिकाको रक्षा गर्न भूमिका खेलेको बताएको छ ।

ती संस्थाहरूको सक्रियताबिना प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित हुनुका साथै उनीहरूको अधिकारको उल्लंघन दण्डहीनताका साथ जारी रहने जोखिम उच्च हुने कुरामा समितिले जोड दिएको छ ।

यसले इजरायललाई गाजा र पश्चिमी किनारालगायत कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूमा बाल अधिकार रक्षकहरू र मानवीय संस्थाहरूले सामना गर्ने सबै प्रतिबन्धहरू र अवरोधहरू तुरुन्तै हटाउन र उनीहरूलाई सुरक्षित र स्वतन्त्र रूपमा आफ्नो काम गर्न अनुमति दिन आह्वानसमेत गरेको छ ।

प्यालेस्टिनी मानवअधिकार रक्षकहरूलाई लक्षित गरी गरिएका आक्रमण र दमनका लागि इजरायली अधिकारीहरूलाई जवाफदेही बनाउन र प्यालेस्टिनी बालबालिकाको जीवन र अधिकारलाई प्राथमिकता दिन अन्तर्राष्ट्रिय समुदायलाई सबै उपलब्ध माध्यमहरू प्रयोग गर्न पनि समितिले आग्रह गरेको छ ।

गम्भीर जोखिम र सीमित स्रोतका बाबजुद, बाल अधिकार रक्षकहरूले असाधारण खतरनाक अवस्थामा प्यालेस्टिनी बालबालिका र परिवारहरूसँग उभिएर उनीहरूलाई संरक्षण गर्नुपर्ने जनाउँदै थप सजाय दिन नहुने बताइएको छ ।

# भारतमा गर्मीको कहर: स्वास्थ्य, शिक्षादेखि रोजगारीमा असर

## अनौपचारिक क्षेत्रका कामदार र महिला बढी प्रभावित, दिल्लीसहित भारतका २८ राज्यमा १५ मेदेखि जुनको अन्त्यसम्मका लागि विद्यालय बन्द

**एजेन्सी** (नयाँदिल्ली)

भारतको मध्यप्रदेशमा मध्याह्नको समयमा तापक्रम प्रायः ४५ डिग्रीभन्दा माथि पुगिरहेको हुन्छ । शम्शेदवादमा काम गरिरहेकी अनमी पूजा साहुका लागि नियमित काम गर्न पनि कठिन भइरहेको छ । ‘मैले आफ्नो धेरैजसो समय बाहिर बिताउनुपर्छ । गर्मीको समय मानिसहरूका ढोका-ढोकासम्म पुगेर खोप लगाउनु निकै चुनौतीपूर्ण हुन्छ,’ उनले भनिन्, ‘त्यही कारण यी दिनहरूमा हामी सबेरै काम सुरु गर्छौं । मध्यदिनमा चर्को घाम लाग्नुअघि नै काम सक्छौं । तर, घरबाहिर निस्कनु आफैंमा यी दिनहरूमा चुनौती हो ।’

मध्यप्रदेशका अधिकांश सामुदायिक बाल शिशु स्याहार केन्द्र र पोषण केन्द्रहरूमा विद्युत् आपूर्ति नियमित छैन । ‘जब हावा चल्न छोड्छ । तब मलाई काम सकेर हिँड्न पाए हुन्थ्यो जस्तो हुन्छ,’ साहुले भनिन् ।

साहुले आफ्नो आइस र चिसो पानीको बोतल आफूसँगै बोक्छिन् । गर्मीको समयमा खोप लगाउनका लागि कतिपय अभिभावकहरू पनि धेरै इच्छुक नदेखिएको उनको अनुभव छ । ‘धेरैले खोप केन्द्रमा आफ्ना बच्चाहरूलाई ल्याउनै चाहँदैनन् । केहीले गर्मी घटेपछि खोप लगाउन आउने भन्छन्,’ साहुले भनिन्, ‘यसले खोप कार्यक्रममै अवरोध सिर्जना गरेको छ ।’

साहुजस्ता स्वास्थ्यकर्मीहरू झोलामा खोपको विवरण, बच्चा र गर्भवती महिलाको विवरण, खोप कार्ड, दैनिक डायरी, पानीको बोतल, औषधिलगायत सामग्री बोकेका हुन्छन् । झन्डै १२ देखि १३ किलोसम्मको झोला बोक्नुपर्छ । यसबाहेक खोपलाई तापक्रमबाट जोगाउन कुलर बक्स पनि बोक्नुपर्छ ।

लाटेरी ब्लकस्थित बिजुखेदी स्वास्थ्य केन्द्रले ११ वटा गाउँका झन्डै ९ हजार ३ सय ४५ जनालाई स्वास्थ्य सेवा दिन्छ । यहाँ कार्यरत अनमी सुमित्रा देशमुखले झन्डै ९ सय ५० बालबालिकालाई खोप लगाउनुपर्नेछ । तर, अत्यधिक गर्मीले उनलाई बाहिर निस्कनमात्रै कठिन बनाएको छैन, काममा पनि असर परेको छ । ‘मानिसहरू मध्याह्नमा घर बाहिर निस्कन मान्दैनन् । बच्चालाई खोप केन्द्र ल्याउन चाहँदैनन्,’ उनले भनिन्, ‘धेरै हिँडेर घर-घरसम्म पुग्नुपर्छ । धेरै कठिन हुन्छ ।’

भारतीय अनुसन्धान संस्था हिटवाचले हरियाणामा रहेका जनस्वास्थ्यकर्मीहरूको अवस्थाबारे अध्ययन गरेको थियो । त्यसक्रममा धेरैजसो जनस्वास्थ्यकर्मीले ६ देखि १० घण्टासम्म घरबाहिर बिताउनुपरेको बताएका थिए । उनीहरूमध्ये ८३ दशमलव ७ प्रतिशतले अत्यधिक गर्मीको समयमा बाहिर निस्किएर काम गरेको अनुभव सुनाए । यसमध्ये ३७.२ प्रतिशतले मात्रै निरन्तर पानी पिउन पाएको बताए । थकान, डिहाइड्रेसन, टाउको दुखाइ, रिंगटालगायत गर्मीसँग सम्बन्धित समस्याहरू सामना गर्नुपरेको अनुभव उनीहरूले सुनाएका थिए ।

‘सरकारले जनस्वास्थ्यकर्मी र अनमीहरूलाई हिट स्ट्रेस र सुरक्षित काम गर्ने तरिकाबारे तालिम दिन जरुरी छ । उनीहरूलाई राम्रो आयको प्रबन्ध हुनुपर्छ । अत्यधिक गर्मीको समयमा काम घटाउनुपर्छ । ठाउँ-ठाउँमा पानी, छहारी, कुलिङ स्टेसन र सुरक्षित यातायतको प्रबन्ध गर्न आवश्यक छ’, हिटवाचका संस्थापक तथा अनुसन्धानकर्ता अपेक्षित वार्ष्णेयले भने ।



भारतको राजधानी नयाँदिल्लीमा गर्मी बढेसँगै निःशुल्क बाँडिएको पानी पिउँदै रिक्सा चालक । **तस्बिर** : रोयटर्स

### युरोपमा पनि तातो हावा

गर्मीको कहरबाट भारत मात्र नभएर युरोपसमेत आक्रान्त छ । युरोपका धेरै देशमा गर्मी अति बढेपछि सतर्क रहन रेड वार्निङ (चेतावनी) जारी गरिएको छ । अनिश्चित समयसम्म अति गर्मीले स्वास्थ्यमा नकारात्मक प्रभावहरू निम्तन सक्ने अवस्थामा रेड वार्निङ जारी गर्ने गरिन्छ ।

युरोपका कतिपय देशमा गर्मी ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । फ्रान्सका कतिपय स्थानमा मंगलबार ४३ डिग्री सेल्सियसभन्दा बढी थियो । बेलायत सरकारले बुधबार र बिहीबार गर्मी उच्च हुने भएकाले सतर्क रहन नागरिकहरूलाई आग्रह गरेको छ । यसै साता मध्याह्नको तापक्रम ३९ डिग्रीभन्दा माथि पुग्न सक्ने चेतावनी दिइएको छ । पछिल्ला केही रात तापक्रम लगातार २० डिग्री सेल्सियसभन्दा माथि छ ।

फ्रान्स, स्पेन र इटालीमा पनि रेड हिट अलर्ट जारी भएको छ । जर्मनी र स्विट्जरल्यान्डले पनि आफ्ना नागरिकलाई सतर्क रहन आग्रह गरेका छन् । फ्रान्समा पछिल्ला दिनहरूमा गर्मी छल्नका लागि पौडी खेल्न गएकामध्ये कम्तीमा ४० जना व्यक्तिको डुबेर मृत्यु भएको प्रधानमन्त्री सेवास्टियन लिकोर्नुले जनाएका छन् । उनीहरूमध्ये अधिकांश युवा रहेको लिकोर्नुले बताए ।

युरोपभर फैलिएको असाधारण गर्मी लहरका कारण जनजीवन, ऊर्जा प्रणाली र स्वास्थ्य क्षेत्रमा गम्भीर असर देखिन थालेको छ । वैज्ञानिकहरूले यो अवस्थालाई जलवायु परिवर्तनको स्पष्ट संकेत भन्दै यस्ता गर्मीका लहरहरू अझ बारम्बार, लामो र तीव्र हुने चेतावनी दिएका छन् ।

अत्यधिक तापक्रमका कारण फ्रान्स सरकारले संकट व्यवस्थापन बैठकसमेत आयोजना गरेको छ । देशका एक हजार ३ सय ५० भन्दा बढी विद्यालय बन्द भएका छन् भने औसत तापक्रम जुन महिनाकै रेकर्ड तोड्दै २९.२ डिग्री सेल्सियस पुगेको छ । गर्मीको प्रभाव तीव्र बनेपछि ५४ विभागमा रेड अलर्ट जारी गरिएको छ र यसले करोडौं नागरिकलाई प्रभावित गरेको छ ।

दक्षिणपूर्वी फ्रान्समा दुई बालबालिका कारभित्र मृत भेटिएको घटनाले थप चिन्ता बढाएको छ । अधिकारीहरूले अत्यधिक गर्मीका कारण यस्तो घटना निम्तिएको हुन सक्ने भन्दै अनुसन्धान गरिरहेका छन् ।

बेल्जियममा मौसम विभागले आगामी दिनहरूमा अहिलेसम्मकै उच्च तापक्रम पुग्ने चेतावनी दिएको छ । केही विद्यालयले कक्षाहरू छोट्याएका छन् भने नागरिकलाई सतर्क रहन आग्रह गरिएको छ । जर्मनीमा गर्मीका कारण पौडी खेल्न गएका पाँच जनाको मृत्यु भएको छ । यात्रा तथा यातायात क्षेत्रमा पनि असर देखिएको छ ।

केही दिनयता भारतका अधिकांश भागमा गर्मी अत्यधिक बढेको छ । राजधानी नयाँदिल्लीमा केही दिनयता तापक्रम ४१ डिग्रीभन्दा माथि छ । दिल्लीसहितका भारतका २८ वटा राज्यमा १५ मेदेखि जुनको अन्त्यसम्मका लागि अत्यधिक गर्मीले विद्यालय बन्द गरिएको छ । गर्मीका कारण एकातर्फ बालबालिकाको पढाइ प्रभावित गराएको छ, अर्कोतर्फ महिलाहरूको रोजगारीमा अवरोध सिर्जना भएको छ ।

साक्षी कट्याल गतवर्ष डिसेम्बरदेखि दिल्ली महानगर क्षेत्रको नोयडामा एक अपार्टमेन्टमा परिवारसँगै बस्दै आएकी छन् । छोरीको स्कुल नजिक पर्ने ठाउँ खोजेर साक्षीको परिवार यहाँ सरेको हो । ‘गतवर्ष सबै राम्रो भएजस्तै थियो । तर अचानक छोरीको विद्यालय बन्द भयो । त्यसपछि उसको स्याहारमा खटिनका लागि मैले कर्पोरेट क्षेत्रमा गरिरहेको जागिर छाड्नुपर्‍यो ।’ आफ्ना श्रीमान्को आयकै भरमा बच्चाको पढाइ, अतिरिक्त खर्च र अपार्टमेन्टको चर्को किस्ता तिर्नुपर्ने अवस्था रहेको साक्षीले बताइन् ।

त्यस्तै उत्तर प्रदेशको सहर नोयडाबाट १५ किलोमिटर टाढाको नई बस्तीमा २४ वर्षीया जिनत खातुन एउटा कोठा भाडामा लिएर आफ्ना दुई बच्चासँगै बस्दै आएकी छन् । यही कोठामा खाना पकाउनुपर्ने र कपडा झुन्ड्याउनुपर्ने बाध्यता छ । राति खाना पकाउनका लागि स्टोभ बाल्नुपर्दा वातावरण अझै तातो हुन्छ । ‘मसँग बेग्लै भान्सा छैन,’ उनले भनिन् । खातुन साहिनबागस्थित दुई वटा घरहरूमा घरेलु कामदारका रूपमा काम गर्छिन् र प्रतिमहिना ८ हजार भारु कमाउँछिन् । झन्डै ५ हजार भारु भाडा तिर्दैमा जान्छ । उनकी ७ वर्षीया छोरी नजिककै सरकारी स्कुलमा पढ्छिन् । छोरालाई पनि आगामी वर्षदेखि त्यहीं भर्ना गर्ने योजना छ । तर, अहिले स्कुल बन्द भएकाले छोरी घरमै छिन् ।

यो वर्ष प्रदूषण र उच्च गर्मीका कारण झन्डै ७ महिना जति छोरी घरमै बसेको उनले बताइन् । ‘गर्मीका कारण कक्षा अनलाइन हुन्छ । तर, मेरी छोरीले राम्रोसँग पढे-नपढेको मलाई थाहा हुँदैन,’ उनले भनिन्, ‘म घरमा बसेर उसलाई निगरानी गर्न पनि सक्दिनँ । मैले काम गर्न छाडें भने स्कुलको शुल्क, खाद्यान्न र भाडाको जोहो कसले गर्छ ?’

उनले स्कुल बन्द हुँदा छोरीको रेखदेख गर्ने जिम्मा एक जना स्थानीय महिलालाई दिएकी छन् । त्यसका लागि मासिक झन्डै ६ सय भारु खर्च हुन्छ । ‘यो पैसा जुटाउनका लागि मैले तरकारीमा खर्च कटौती गर्नुपर्छ,’ उनले भनिन्, ‘म चाहन्नँ मेरा छोराछोरीले पनि आफ्नो जीवन भाँडा माझेर वा मैलेजस्तै भुइँ सफा गरेर बिताऊन् ।’

दिल्लीकै ४२ वर्षीया सुर्बी देवी साकेतमा आफ्नो अपांगता भएका बच्चासँगै बस्छिन् । गतवर्ष विद्यालय बन्द हुँदा आफूले झन्डै एक महिनाको तलब गुमाउनुपरेको उनले बताइन् । ‘यो कस्तो नीति हो ?’ उनले भनिन् ।

भारतको सरकारी थिंक ट्यांक नीति आयोगकी पूर्वनिर्देशक उर्वशी प्रसादले भारतको वातावरण अनुकूलन नीतिले महिलाको समस्यालाई ख्याल नगरेको बताइन् । ‘भारतमा अत्यधिक गर्मीसँग जुध्न प्रतिकार्य योजना बनाउँदा लैंगिक पक्षलाई विरलै ख्याल गरिन्छ । लैंगिक रूपमा तथ्याङ्कलाई छुट्याएर हेर्ने, अनि कसरी जलवायु नीतिले महिलालाई फरक रूपमा प्रभावित गरिरहेको छ भनेर हामीले विश्लेषण गरेका छैनौं ।’

गर्मी र त्यससम्बन्धी सरकारी नीतिहरूले अनौपचारिक क्षेत्रका कामदारहरू धेरै मारमा परेको उनले बताइन् । ‘हरेक वर्ष गर्मी र प्रदूषण आउँछ भन्ने पहिल्यै थाहा हुन्छ । तर, किन हामी अन्तिम क्षणमा विद्यालय बन्द गर्छौं ?’ उनले भनिन् । यस्ता निर्णयले घरेलु कामदार, फुटपाथ व्यापारी, कृषि मजदुर र उनीहरूका बालबालिका सबैभन्दा धेरै समस्यामा रहने गरेको उनले बताइन् ।

अनलाइन कक्षा प्रभावकारी नहुने निष्कर्ष विगतको अनुभवले दिइसकेको भारतको शिक्षा मन्त्रालयका एक वरिष्ठ अधिकारीले बताए । तर, भारतका अधिकांश विद्यालयमा गर्मी प्रतिरोधी पूर्वाधार नभएकाले विद्यार्थीहरूलाई अनलाइन कक्षामा जोड्नुपर्ने बाध्यता रहेको बताए ।


**Lumbini Medical College and Teaching Hospital Ltd.**
Tansen-7, Prabhas, Palpa, Nepal

**WE ARE HIRING**

(Published Date: 2083-3-10)

With new management and ownership of young minds, our Lumbini Medical College & Teaching Hospital Limited (LMC) is entering an exciting phase of growth, innovation, and quality patient care. We, LMC are building a dynamic team of passionate professionals who are ready to make a real difference in healthcare and medical education.

**Come and join our new journey in healthcare excellence!**

| DEPARTMENT | | POSITION | QUALIFICATION / REQUIREMENTS |
|---|---|---|---|
| • MS Anatomy<br>• MD Physiology<br>• MD Biochemistry<br>• MD Microbiology<br>• MD Pathology<br>• MD Pharmacology<br>• MD Community Medicine<br>• MD Forensic Medicine<br>• MD Internal Medicine<br>• MS General Surgery | • MS Orthopedics<br>• MS Obstetrics & Gynecology<br>• MS Ophthalmology<br>• MD Pediatrics<br>• MD Radiology<br>• MD Psychiatry<br>• MD Dermatology<br>• MD Anesthesiology<br>• MDGP (General Practice & Emergency Medicine) | • Professor<br>• Associate Professor<br>• Assistant Professor<br>• Lecturer | MD/MS with NMC Registration |
| • M.Sc. Pharmacology (Medical) | | • Assistant Professor<br>• Lecturer | NHPC registration |
| • MN/ M.Sc. Nursing (Medical Surgical/ Community Health/ Obstetrics and Gynaecology | | • Assistant Professor<br>• Lecturer | NNC Specialty Registration |
| • Bachelor in Physiotherapy (BPT) | | • Officer Level | • NHPC Registration |
| • Dental Hygiene | | • Certificate Level | • NHPC Registration |

Interested and qualified candidates are requested to submit their **updated Resume/ CV, Council Certificate and Cover Letter to hr.lmcpalpa@gmail.com on or before 2083/03/24.**
**Only Shortlisted candidates will be contacted and invited for an interview.**
**Be a part of our new beginning. Grow your career while shaping the future of healthcare.**

*Human Resource Department*
Lumbini Medical College, Tansen, Palpa


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: कतै जाने काम आइलाग्न सक्छ । मनपर्दो कामकुरामा समय दिन पाइनेछ । मिष्ठान्न भोजनको योग रहेको छ ।

**वृष**: समय आफू अनुकूल बन्दै जानेछ । मनमा भएको तनाव हटेर जानेछ । कुनै कुराले गर्दा मन प्रसन्न रहला ।

**मिथुन**: कुनै कुराले मनमा कुरा खेल्न सक्छ । समयलाई आफू अनुरूप तह लगाइनेछ । घरमा कुनै कुरामा हेरफेर हुन सक्छ ।

**कर्कट**: कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ । नयाँ काम गर्दा सजग रहनुपर्ला । जे कुरा जोसित सम्बन्धित छ उसैसित गर्नु ठीक रहला ।

**सिंह**: सबै कुरा सोचेअनुरूप मिल्दै जानेछन् । व्यक्तिगत खुसीका कुरामा जोड दिइनेछ । समयलाई आफूअनुरूप तह लगाउन खोजिनेछ ।

**कन्या**: कसैको कुराले मनमा हौसला बढ्नेछ । कुनै कुराको किनमेल हुन सक्छ । तपाईंको सहजता विचारेर काम गर्ने प्रयास गरिनेछ ।

**तुला**: विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । मनमा भएको चिन्ता हटेर जानेछ । प्रायः सबै काम आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन् ।

**वृश्चिक**: कसैको कुनै कुराले मन विचलित हुन सक्छ । आफ्नो काम कर्तव्यमा जोड दिन खोजिनेछ । झिनामसिना कुरालाई वास्ता नगर्नु नै उत्तम रहला ।

**धनु**: साथीहरूसित कतै जमघट हुन सक्छ । कुनै कुराको आकस्मिक लाभ हुनेछ । मनले प्रसन्नताको अनुभूति गर्नेछ ।

**मकर**: आत्मीयजनसितको भेटले मन खुसी हुनेछ । रोकिएको काम अघि बढ्न थाल्नेछ । आफूले आफैंलाई समय दिन पाउँदा मन खुसी हुनेछ ।

**कुम्भ**: कुनै कुराले नजानिंदो गरी व्यस्त बनाउला । समयावस्था बुझेर आफूलाई काममा लगाइनेछ । आफू असम्बद्ध कुरामा तर्किनु नै बुद्धिमानी हुनेछ ।

**मीन**: कुनै कुराले मन दोमन हुन सक्छ । सकेसम्म आफ्नो अनुकूलता विचार गरिनेछ । नगरी नहुने कुरालाई प्राथमिकतामा राखिनेछ ।


## वर्गीकृत डिस्प्ले

**TEACHERS/ STAFF WANTED**
1. Sec Level Maths Teacher-1 (B.Sc. or equivalent) 2 Years Exp.
2. Pre-primary Teacher-1 (+2 or equivalent) 1 year Exp.
3. Canteen Head Cook-1 (Literate) 2 Years Exp.
4. Canteen Helper-2 (Literate) 1 year Exp.
**AMBASSADOR ACADEMY**
Jorpati, Kathmandu
Tel: 014911929/014910280
Mobile: 9841303789, 9851026169, 9841753907

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*



घर बिक्रिमा





गाडि बिक्रिमा





जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

## वैदेशिक रोजगारीमा संकुचन

# नयाँ श्रम स्वीकृति लिने १९ प्रतिशतले घटे

### कतिपय गन्तव्य मुलुकमा रोजगारीको अवसर खुम्चिँदा, कतै नियममा कडाइ गरिँदा, पश्चिम एसियाको तनाव जस्ता कारणले पछिल्लो समय वैदेशिक रोजगारीमा नेपाली युवा जाने क्रम घट्दो

**होम कार्की** (काठमाडौं)

सिरहाको वरियापट्टी-५ का इन्द्रदेव यादव दुई महिनादेखि म्यानपावर कम्पनीका ढोका-ढोकामा धाइरहेका छन् । उनी संयुक्त अरब इमिरेट्स (यूएई) जान भन्दै चैत पहिलो साता काठमाडौं आइपुगेका हुन् । यस बीचमा उनले चार वटा रोजगारदाता कम्पनीमा अन्तर्वार्ता दिइसके तर कुनैमा पनि उनको नाम निस्किएन ।

काठमाडौंको बसुन्धरास्थित एक म्यानपावर कम्पनीमा अन्तर्वार्ता दिने लाइनमा शुक्रबार भेटिएका उनले भने, 'पैसा बुझाएपछि विदेश जान पाइन्छ भन्ने लागेको थियो तर होइन रहेछ । अन्तर्वार्तामा पनि नाम निस्किँदैन । यो मेरो पाँचौं अन्तर्वार्ता हो ।' उनी म्यानपावर कम्पनीको मागपत्रको सूचना हेरेर अन्तर्वार्तामा सहभागी हुने गरेका छन् । उनले दिएको पाँचौं अन्तर्वार्ता मलेसिया जानका लागि हो ।

यादव जस्तै वैदेशिक रोजगारीका लागि भौंतारिरहेका बेरोजगार युवा काठमाडौंमा थुप्रै देखिन्छन् । तर कतिपय गन्तव्य मुलुकमा रोजगारीको अवसर खुम्चिँदा, कतिपय मुलुकमा नियममा कडाइ गरिँदा, पश्चिम एसियाको तनाव जस्ता कारणले पछिल्लो समय वैदेशिक रोजगारीमा नेपाली युवा जानेक्रम घटेको छ । विश्व बैंकको तथ्यांकअनुसार नेपालको युवा बेरोजगारी दर २०.६ प्रतिशत छ, जुन दक्षिण र दक्षिण-पूर्वी एसियामा सबैभन्दा उच्च हो ।

गत आर्थिक वर्षको १० महिना (साउनदेखि जेठ) को तुलनामा चालु आवको त्यही अवधिमा वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने संख्या झन्डै १९ प्रतिशतले घटेको छ । आव ०८१/८२ को साउनदेखि जेठसम्म ४ लाख ५२ हजार ३ सय ११ जनाले नयाँ श्रमस्वीकृति लिएका थिए । पछिल्ला १० महिनामा भने नयाँ श्रम स्वीकृति लिनेको संख्या तीन लाख ६७ हजार १ सय छ ।

नेपाली श्रमिकका लागि प्रमुख १० गन्तव्यमा यूएई, साउदी अरब, कतार, कुवेत, रोमानिया, जापान, दक्षिण कोरिया, मलेसिया, क्रोएसिया र बहराइन पर्छन् । वैदेशिक रोजगार विभागको अभिलेखअनुसार आर्थिक वर्ष ०८१/८२ को मंसिरदेखि असारसम्म नयाँ श्रम स्वीकृति लिनेको संख्या बढिरहेको थियो । असार एक महिनामा मात्रै सबैभन्दा ५३ हजार ६ सय ४६ जनाले श्रम स्वीकृति लिएका थिए । त्यो संख्या पछिल्लो आर्थिक वर्षको कुनै महिनामा पनि नाघेन । उल्टो झन् कम-कम हुँदै गएको छ । चालु आवका साउन, भदौ र वैशाखमा ४० हजारभन्दा बढीले श्रम स्वीकृति लिए तर त्यसबाहेकका ७ महिनामा २२ हजारदेखि ३१ हजारको बीचमा श्रम स्वीकृति वितरण भएको तथ्यांक छ ।

जेठमा नयाँ श्रम स्वीकृति लिएर विदेश जाने युवाको संख्या ३१ हजार ७ सय १ थियो, यो संख्या वैशाखमा जानेको तुलनामा ९ हजार ६ सय २३ ले कम हो । पछिल्लो समय विदेश जाने युवाको संख्या हरेक महिना घटिरहेको छ । रोजगारीको सबैभन्दा बढी असर पश्चिम एसियामा परेको छ । जेठमा गएकामध्ये ९ हजारको गन्तव्य मलेसिया थियो । बाँकी भने सयभन्दा बढी मुलुकमा छरिएका छन् ।

वैदेशिक रोजगार व्यवसायीहरू जेन-जी आन्दोलनपछि प्रमुख गन्तव्य मुलुकबाट आउने रोजगारीको माग निरन्तर घटिरहेको बताउँछन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र भण्डारी भन्छन्, 'जेन-जी आन्दोलनपछि धेरै कठिन समयको सामना गरिराख्नुपरेको छ । सबैभन्दा प्रमुख गन्तव्य मानिएको यूएई केही महिना बन्द नै भयो । त्यसपछि प्रहरी प्रतिवेदन यूएईको दूतावासबाट प्रमाणीकरण गर्नुपर्ने नियमले असर गर्‍यो । यसबीचमा पश्चिम एसियामा तनाव चर्कियो ।'

अदक्ष, दक्ष र उच्च दक्ष श्रमिकका लागि पछिल्ला वर्षहरूमा यूएई नेपालीको प्रमुख गन्तव्य बन्दै आएको थियो । गत आर्थिक वर्षमा नयाँ श्रम स्वीकृति लिएका ५ लाखमध्ये दुई लाख अर्थात् ३९.७६ प्रतिशतलाई यूएईले नै रोजगारी दिएको थियो । अहिले घटेर २५ प्रतिशतमा झरेको छ ।

जेन-जी आन्दोलनपछि यूएईले नेपालीका लागि भिसा नीतिमा कडाइ गर्‍यो । उसले भदौदेखि झन्डै तीन महिना श्रम र भिजिट भिसामा रोक नै लगायो । ४ डिसेम्बरमा यूएई दूतावासबाटै प्रहरी प्रतिवेदन अनिवार्य प्रमाणीकरण गर्नुपर्ने नीति ल्यायो । यसले श्रमिकमाथि थप १४ हजार रुपैयाँ भार थपियो । अर्कातर्फ यूएईले निजी क्षेत्रमा आफ्ना नागरिकको रोजगारी बढाउन 'इमिराटाइजेसन' कोटा कडाइसाथ लागू गरिरहेको छ ।

सन् २०२६ को अन्त्यसम्ममा ५० वा सोभन्दा बढी कामदार भएका कम्पनीमा दक्ष जनशक्तिको १० प्रतिशत आफ्ना नागरिक रहनुपर्ने भनिएको छ । यो नियम पालना नगर्ने कम्पनीलाई ठूलो जरिवाना हुने भएकाले विदेशी कामदारको संख्या घटाउन थालिएको छ । झन् अमेरिका-इरान युद्धले यूएईको अर्थतन्त्रलाई प्रभाव पार्दा पनि श्रमिक कटौती गरिँदै छ । 'अधिकांश होटलमा अहिले २० प्रतिशत पनि बुक छैन । यसले होटल क्षेत्रमा काम गर्ने हामीजस्ता कामदारलाई दुई वटा मात्रै विकल्प दिएको छ । कि तलब र सेवासुविधा नलिई यूएईमा बस्नुपर्‍यो, कि बेतलबी बिदामा नेपाल जानुपर्‍यो,' यूएईको एक प्रतिष्ठित होटलमा कार्यरत बागलुङका सुरेश शर्माले भने ।

नेपाली श्रमिक साउदी अरब जानेक्रम पनि घटेको छ । साउदीको सबैभन्दा ठूलो नियोम परियोजनाका प्रमुख आयोजनाहरू बन्द भइसकेका छन् । ती आयोजनामा कार्यरत नेपालीलाई अन्य ठूला परियोजनामा पठाइएको छ । काम दिन नसकिएकालाई घर फर्काइएको छ । नियोममा मात्रै झन्डै ८० हजार नेपाली कार्यरत थिए ।

साउदी अरबले ३ असारदेखि सीप प्रमाणीकरण कार्यक्रम (एसभीपी) लागू गरेपछि यो गन्तव्य झन् अन्योलमा परेको छ । साउदीले ५ पेसाका लागि सीप परीक्षणमा पास भएपछि मात्रै भिसा जारी गर्ने नीति लिएको छ । नेपाल सरकारको सहमतिबिना यो नीति तय गरिएको र सीप परीक्षणका नाममा प्रमाणपत्र बिक्री गरेर श्रमिकसँग थप १५ हजार रकम लिने योजना बनाइएको भन्दै वैदेशिक रोजगार व्यवसायीले विरोध गर्दा ३ असारमा तय एसभीपीको उद्घाटन हुन सकेन । त्यसपछि सीप परीक्षण गर्ने भनिएको कम्पनीले स्थगन गरिएको सूचना टाँसेको छ ।

कतारको श्रम बजार सुस्त बनेको छ । फिफा विश्वकप अगाडिसम्म कतार सबैभन्दा बढी नेपाली श्रमिकको गन्तव्य देश थियो । हरेक वर्ष झन्डै एक लाख नेपाली कतार गइरहेका हुन्थे । महिनामा ३० हजारसम्म विदेशी श्रमिक लिने गरेको कतारले अहिले दुई-तीन हजारमा झारेको छ । कतारमा नयाँभन्दा पुराना श्रमिक नै बढी देखिन्छन् । विश्वकपपछि निर्माणसँग सम्बन्धित नयाँ परियोजनाहरू नआउँदा पुराना श्रमिकले पनि सहज रूपमा काम पाइरहेका छैनन् । 'अहिले अधिकांश रोजगारदाताले श्रमिकको संख्या कटौती गरिरहेको छ,' दोहास्थित नेपाली दूतावासका एक अधिकारीले भने ।

मलेसियाले विदेशी श्रमिकका लागि छुट्याइएको कोटा १५ प्रतिशतबाट घटाएर १० प्रतिशतमा झारेको छ । त्यसमाथि पाँच वर्षयता मलेसियाको श्रम बजार अस्थिर छ । दुई वर्षसम्म बन्द गरेर मलेसियाले गत मंसिरदेखि मात्रै नेपालबाट उत्पादन क्षेत्रमा श्रमिक लैजान थालेको छ । वैशाखमा सबैभन्दा बढी श्रमिक मलेसियामा ९ हजार जना गएका छन्, जुन विगतका वर्षका तुलनामा कम हो । तर खाडीको रोजगारी कटौती भइरहेका बेला मलेसियाले भरथेग गर्ने देखिएको छ ।

मलेसियाका मानव संसाधन मन्त्री आर. रामाननका अनुसार विश्वव्यापी भूराजनीतिक संकटका कारण ऊर्जा क्षेत्र र अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा असर गर्दा श्रम बजारमा रोजगारी गुमिरहेको छ । स्थानीय सञ्चारमाध्यम बर्नाले मन्त्री रामाननलाई उद्धृत गर्दै लेखेको छ, 'यस वर्ष (२०२६) को पहिलो पाँच महिनामा विभिन्न आर्थिक क्षेत्रमा रोजगारी गुमाउने मलेसियाली नागरिकको संख्या मात्रै ३८ हजार ९ सय ५३ छ ।'

रामाननले रोजगारी गुमाउने मुख्य क्षेत्रहरूमा उत्पादन, थोक तथा खुद्रा व्यापार र मोटर गाडी मर्मत, प्रशासनिक र सहायक सेवा गतिविधि रहेको बताए । मलेसियाको बेरोजगार दर ३ प्रतिशत छ । मलेसियाले रोजगारी गुमाएका नागरिकलाई उच्च माग भएका क्षेत्रहरूमा लैजाने नीति लिएको छ । यसले नेपालसहित आप्रवासी श्रमिकको नयाँ भर्नामा असर पुग्नेछ । अहिले अदक्ष श्रमिकका लागि प्रमुख गन्तव्य देशमध्ये मलेसियाले सबैभन्दा बढी न्यूनतम तलब १७ सय रिंगेट (६३ हजार रुपैयाँ) दिइरहेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले खाडी क्षेत्रसहित पश्चिम क्षेत्रको रोजगार र सामाजिक अवस्थासम्बद्ध विषयमा गत १८ मेमा जारी गरेको प्रतिवेदनअनुसार इरान युद्धबाट निम्तिएको संकटले रोजगारीमा कोभिड महामारीको समयमा भन्दा दोब्बर प्रभावित भयो । खाडी मुलुकमा निर्माण, उत्पादन, यातायात, व्यापार र आतिथ्य जस्ता क्षेत्रमा करिब ४० प्रतिशत रोजगारी उच्च जोखिममा परेको आईएलओको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगार विभागले गत १७ फागुनदेखि पश्चिम एसियाली मुलुकमा श्रम स्वीकृतिमा रोक लगाएको थियो, जुन ७ वैशाखमा खुल्यो । श्रम स्वीकृतिमा रोक लाग्दा हजारौं श्रमिक जारी भइसकेको भिसा प्रयोगबाट वञ्चित भए । म्यानपावर व्यवसायीका अनुसार कतिपय रोजगारदाताले म्याद गुज्रेका भिसा नवीकरण गरेनन् ।

पश्चिम एसियामा चलेको युद्धले रोजगारदाता कम्पनीको उत्पादन घट्नुका साथै होटल, निर्माण, यातायात जस्ता क्षेत्र सुस्त हुन पुगेको आईएलओको प्रतिवेदनमा उल्लेख छ । यसले रोजगारी कटौती, नयाँ श्रमिक भर्नामा कमी र 'ओभरटाइम' बन्दको अवस्था आयो । वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये झन्डै ६० प्रतिशत खाडी मुलुकमा छन् । परराष्ट्र मन्त्रालयका अनुसार युद्ध सुरु हुनुअगाडिसम्म त्यस क्षेत्रमा १९ लाख नेपाली कार्यरत थिए ।

पश्चिम एसियाको संकट छोटो समयको अवरोध मात्र नभई दीर्घकालीन असर पार्न सक्ने झट्का भएको आईएलओका प्रमुख अर्थशास्त्री तथा प्रतिवेदनका लेखक साङहोन लीको प्रतिक्रिया छ । 'यस संकटले मर्यादित, सुरक्षित तथा संरक्षित कामका आधार कमजोर बनाउँदै गहिरो घाउ छोड्न सक्छ । यसको पूर्ण प्रभाव देखिन अझै समय लाग्नेछ,' उनले भनेका छन् । अमेरिका र इरानबीच ४ असारमा समझदारी बनेपछि युद्ध तत्काललाई भने रोकिएको छ ।

**बजार खोज्न हच्किए व्यवसायी**

सरकारले ल्याएको श्रमिक भर्नाको सेवा शुल्कसम्बन्धी नीतिका कारण रोजगारदाता कम्पनीको मागपत्र खोज्न रोजगार व्यवसायीले 'मार्केटिङ' गर्ने वातावरण नबनेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जनाएको छ । वालेन्द्र शाहको नेतृत्वमा सरकार बनेलगत्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सेवा शुल्कबापतको १० हजार रुपैयाँ बैंकिङ माध्यमबाट बुझाउनुपर्ने नीतिलाई कडाइ गरेको छ । त्यसभन्दा बढी सेवा शुल्क लिइएको उजुरीमा विभागले व्यवसायीमाथि कारबाही गर्न थालेको छ ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २६ जेठ २०७२ मा खाडी र मलेसियामा श्रमिक पठाउँदा सेवा शुल्कबापत १० हजार रुपैयाँ लिन पाउने निर्णय गरेका थिए । मलेसिया र यूएईसँग शून्य लागतमा श्रमिक पठाउने श्रम सम्झौता भएपछि श्रमिकसँग १० हजार पनि सेवा शुल्क लिन मिल्दैन अर्थात् शून्य खर्चमा श्रमिक पठाउनुपर्छ । दुई देशबीचको श्रम सम्झौताअनुसार नेपाली दूतावासले शून्य लागतको मागपत्र मात्रै प्रमाणीकरण गर्दै आएको छ ।

सम्झौताअनुसार श्रमिक भर्नासँग सम्बन्धित सबै खर्च रोजगारदाताले नै भुक्तानी गर्नुपर्छ । 'दूतावासबाट मागपत्र प्रमाणीकरण भएर आउने सबै फाइलमा श्रमिकको लागत खर्च शून्य हुन्छ । हामीले यही आधारमा श्रमिकलाई छनोट गर्न पूर्वस्वीकृति जारी गर्छौं,' वैदेशिक रोजगार विभागका महानिर्देशक मीरा आचार्यले भनिन्, 'जे सर्तमा पूर्वस्वीकृतिको अनुमति लिइन्छ । त्यही सर्तबमोजिम श्रमिकको भर्ना शुल्क, करारपत्र, भिसा भए/नभएको हेरिन्छ ।' विभागले श्रमिकसँग सेवा शुल्क लिने म्यानपावर वा एजेन्टमाथि कारबाही गर्छ । 'अनुगमनमा दोषी देखिए कानुनी कारबाही हुन्छ,' आचार्यले भनिन् ।


अनुगमन श्रममन्त्री रामजी यादवको सचिवालयबाट पनि भइरहेको छ । सचिवालय आफैंले उजुरी लिने गरेको छ । त्यस्तो उजुरीको छानबिन गर्न सम्बन्धित वैदेशिक रोजगार व्यवसायीलाई मन्त्रालयमा झिकाउने गरिएको छ । त्यसपछि सचिवालय, केही सांसद र मन्त्रालयका कर्मचारी बसेर 'छलफल' र आवश्यक कारबाही वा मिलापत्र गराउन विभाग पठाउने गरिएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाजका अध्यक्ष हरिबहादुर पाण्डे सरकारले लिएको नीति व्यावहारिक नहुँदा व्यवसाय गर्ने वातावरण नरहेको बताए । 'एकातर्फ विभागको निकायभन्दा बाहिरका मान्छे छापामार शैलीमा आइरहेका छन् । अर्कातर्फ हामीलाई अव्यावहारिक नीतिको भुमरीमा फसाइएको छ,' उनले भने, 'जुन दिन राज्यले १० हजारको घोषणा गर्दै थियो, त्यही दिन हामी ताहाचल (विभाग) मा आन्दोलनमा थियौं । त्योभन्दा बढी पैसा उठाउन हामी बाध्य छौं । सात समुद्रपारि श्रमिकलाई १० हजार रुपैयाँमा पठाउन सक्दैनौं ।'

वैज्ञानिक र पारदर्शीपूर्ण लागत शुल्क नभए 'मार्केटिङ' गर्ने अवस्था नरहेको पाण्डेको भनाइ छ । 'राज्यलाई एक पैसा कर तिर्न पाइएको छैन । कर तिरेर मर्यादित व्यवसाय गर्ने वातावरण बनाइदिनुपर्छ भनेर आवाज उठाउन थालेको ११ वर्ष भयो,' उनले भने, 'कागजमा लेखिएको जस्तो सबै ठाउँमा शून्य लागत छैन । अब हामी पारदर्शीपूर्ण सेवा शुल्क भए मात्रै काम गर्ने हो ।'

व्यवसायीको दाबीअनुसार वैशाखमा मागपत्र नलिँदा जेठमा जाने श्रमिकको संख्या घटेको हो । गत वैशाखमा मात्रै म्यानपावर कम्पनीले २६ हजार ४ सय ३३ जना पठाएका थिए । तर संस्थागत श्रमस्वीकृति लिई जेठमा १९ हजार ४ सय ५५ जना मात्रै गए थिए । 'हामी अब डरमा बाँच्न सक्दैनौं । व्यावहारिक नीति आए मात्रै काम गर्न सकिएला,' वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले भने, 'उचित लागत शुल्क तोकिए मात्रै व्यावसायिक वातावरण बन्छ । कोरिया र इजरायल जसरी कुन शीर्षकमा श्रमिकले कति पैसा तिर्ने भनेर निर्धारण गर्नुपर्छ । यो व्यवसाय भावनामा चल्दैन ।'

श्रम मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकसँग लिन पाइने सेवा शुल्क निर्धारण गर्न गठन गरेको उच्चस्तरीय कार्यदलसँग मंगलबार आयोजित बैठकमा वैदेशिक रोजगार व्यवसायीले श्रमिक भर्ना गर्न लाग्ने खर्चको सूची पेस गरेका थिए । भर्ना र त्यससँग सम्बन्धित लागत शुल्क नै करिब ९० हजार रुपैयाँ रहेको उनीहरूको भनाइ छ ।




स्रोत : वैदेशिक रोजगार विभाग

## वैदेशिक रोजगारी खुम्चिँदा के असर पर्छ ?

राष्ट्र बैंकका अनुसार रेमिट्यान्स आप्रवाह बढिरहेको छ । चालु आर्थिक वर्षका १० महिना (साउनदेखि वैशाखसम्म) मा १९ खर्ब १६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो रकम अहिलेको बजेटको आकार हारहारी हो । आर्थिक वर्ष २०८१/८२ मा १७ खर्ब २ अर्ब रेमिट्यान्स भित्रिएको थियो ।

गएको आर्थिक वर्षमा भित्रिएको रेमिट्यान्समा खाडी मुलुकको हिस्सा करिब ३९ प्रतिशत थियो । यसबाहेक गत चैतसम्म नेपाल आएको कुल रेमिट्यान्समा भारतबाट आउनेको हिस्सा १० प्रतिशत, बेलायत, अस्ट्रेलिया र मलेसियाको करिब ६-६ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

नेपाल मुद्रा विप्रेषक संघका पूर्वअध्यक्ष चन्द्र टन्डनका अनुसार डलरको भाउ बढ्दा र युरोप क्षेत्रबाट धेरै रेमिट्यान्स आउन थाल्दा पछिल्ला महिनामा निरन्तर रेमिट्यान्स बढिरहेको छ । पछिल्लो समय खाडीमा कार्यरत नेपाली श्रमिक युरोपतर्फ आकर्षित भइरहेका छन् ।

श्रम रोजगारीका लागि खाडी मुलुकको विकल्पका रूपमा हेरिएको युरोप क्षेत्रमा नेपाली श्रमिकलाई सहज प्रवेश छैन । लागत उच्च छ । रोजगारीमा जान कम्तीमा ७ महिना लाग्ने गरेको छ । युरोपमा म्यानपावर कम्पनीमार्फत जान दिइएको छैन ।

वैदेशिक रोजगारीमा रहेका नेपाल बिदामा आई फर्किने हुनाले पनि रेमिट्यान्स नघटेको जानकारहरू बताउँछन् । उनीहरूका अनुसार हरेक महिना ३० हजारले आफ्नो रोजगारीलाई विदेशमा निरन्तरता दिइरहेका छन् । 'हरेक दुई वर्षमा बिदामा आएर पुनः त्यही देशमा रोजगारीमा जाने बेला श्रम नवीकरण गरिन्छ । अहिले बिदामा आएर फर्किएका नेपालीको संख्यामा कमी आएको छैन । त्यसैले झट्ट हेर्दा रेमिट्यान्स घटेको छैन,' श्रम प्रशासन विज्ञ पूर्णचन्द्र भट्टराईले भने, 'यसको प्रभाव दुई वर्षपछि मात्रै देखिन्छ ।'

राष्ट्रिय योजना आयोगका पूर्वसदस्यसमेत रहेका श्रमविज्ञ गणेश गुरुङका अनुसार वैदेशिक रोजगारीले घरेलु बेरोजगारी घटाउने मुख्य विकल्पका रूपमा काम गरिरहेको छ । 'विशेषगरी ग्रामीण युवाको आर्थिक निर्भरता विदेशबाट आउने आम्दानीमा आधारित छ । विदेशमा काम गर्ने नेपाली नयाँ सीप, प्रविधि र कार्यसंस्कृति सिकेर फर्किन्छन् । यसले दीर्घकालमा देशका लागि मानव पुँजी विकासमा योगदान पुर्‍याइरहेको छ,' उनले भने, 'नेपालमा रोजगारीका लागि विकल्प नभएसम्म वैदेशिक रोजगारी अपरिहार्य छ ।'

# सेयर बजारमा निरन्तर गिरावट, नेप्से २७ सयमुनि

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पछिल्ला केही दिनदेखि सुस्ताएको सेयर बजारमा मंगलबार पनि सोही प्रवृत्ति दोहोरिएको छ । सोमबार साढे १ अंकले घटेको नेप्से मंगलबार २६.१६ अंकले घटेको छ । यससँगै समग्र नेप्से २ हजार ६ सय ७४.४८ अंकमा ओर्लेको छ ।

मंगलबारको गिरावटपछि नेप्से २ हजार ७ सय अंकभन्दा तल ओर्लेको छ । यो पछिल्लो साढे दुई महिनायताकै न्यून हो । यसअघि २२ चैत २०८२ मा नेप्से २ हजार ६ सय ७६.६८ अंकमा थियो । त्यसयता नेप्से बढेर २ हजार ८ सय ६६ अंकमा पुगे पनि पुनः घटेर २७ देखि २८ सयको बीचमा रहिरहेको थियो । नेप्से निरन्तर घट्न थालेपछि मंगलबार फेरि २ हजार ७ सयभन्दा तल ओर्लेको हो ।

मंगलबार कारोबारमा आएकामध्ये २५ कम्पनीको सेयर मूल्य बढ्दा २३९ कम्पनीको घट्यो र १० वटाको स्थिर रह्यो । घटेको बजारमा पनि टक्सार पिखुवाखोला हाइड्रोपावर र याम्बालिङ हाइड्रोपावरको सेयर मूल्य सबैभन्दा बढी १४.९९ प्रतिशतले बढ्यो । यस्तै, लक्ष्मी उन्नत कोषको सेयर मूल्य ५.९८ प्रतिशतले बढ्यो । उक्त दिन बुंगल हाइड्रोको सेयर मूल्य सबैभन्दा धेरै १५ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत् कम्पनी सबैभन्दा अघि छ ।

उक्त दिन कुल ७२ हजार ८ सय ५४ पटकको सेयर किनबेचमा १ करोड ४० हजार १ सय ६४ कित्ता सेयर खरिद-बिक्री भए । ती किनबेचमा ४ अर्ब ३६ करोड २१ लाख रुपैयाँ बराबर सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । सोमबार ४ अर्ब ४४ करोड ६५ लाख रुपैयाँको सेयर कारोबार भएको थियो ।

मंगलबार कारोबारमा आएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोषबाहेक सबैको परिसूचक घटेपछि समग्र नेप्से दोहोरो अंकले घटेको हो । उक्त दिन सामूहिक लगानी कोष उपसमूहको परिसूचक ०.४५ प्रतिशतले बढ्यो । तर, बैंकिङ उपसमूहको परिसूचक ०.२९, विकास बैंक ०.४३, वित्त कम्पनी १.२८, होटल तथा पर्यटन १.११, जलविद्युत् १.६३, लगानी १.०३, जीवन बिमा ०.८५, उत्पादन तथा प्रशोधन १.९२, लघुवित्त ०.६९, निर्जीवन बिमा १.०१, अन्य ०.६७ र व्यापार १.५७ प्रतिशतले घटे ।

# ११ जिल्लामा फैलियो बर्डफ्लु, झन्डै ६ लाख पन्छी नष्ट

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पन्छीमा लाग्ने बर्डफ्लु (एच फाइभ एन वान) ११ जिल्लामा फैलिएको छ । पशु सेवा विभागको तथ्यांकअनुसार पछिल्लो पटक काभ्रेमा पनि बर्डफ्लु पुष्टि भएको छ । काभ्रेको साँगा र पनौतीमा रहेका दुई फार्मका कुखुरा र हाँसमा बर्डफ्लु पुष्टि भएको हो ।

विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार अहिलेसम्म झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रे गरी ११ जिल्लाका कुल ८२ स्थानमा बर्डफ्लु पुष्टि भएको छ । अहिले काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेमा मात्र सक्रिय केस रहेको विभागले जनाएको छ । अहिलेसम्म बर्डफ्लुबाट प्रभावित ५ लाख ६९ हजार ८ सय ५८ वटा पन्छी नष्ट गरिएको विभागको तथ्यांक छ । त्यस्तै, ९ लाख ८९ हजार ३ सय १३ वटा अन्डा र १ लाख ९५ हजार ४ सय ८५ किलो दानासमेत नष्ट गरिएको छ ।

केही दिनअघि जावलाखेलस्थित सदर चिडियाखानामा रहेका पन्छीमा समेत बर्डफ्लु पुष्टि भएपछि अनिश्चितकालका लागि चिडियाखाना बन्द गरिएको छ । विभागका अनुसार ४ चैतमा मोरङको सुन्दरहरैंचा-४ र उर्लाबारी-८ बाट बर्डफ्लु देखिएको थियो । रोग नियन्त्रणका लागि पशु सेवा विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्डफ्लु रोग नियन्त्रण कक्ष स्थापना गरिएको छ ।


**छात्रवृत्ती सहित भर्ना खुल्यो**

१. मेडिकल ल्याव टेक्निसियन – (३ वर्षे डिप्लोमा तह)
२. भेटेरिनरी जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)
३. कृषि जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)

Staff Nurse को बैकल्पिक सूचीमा रहेकाहरुले समेत सम्पर्क गर्नुहोस् ।

तालिम पछि रोजगारीको अवसर

**कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस**
बालाजु -१६, गंगाहल नजिक, काठमाण्डौ
फोन: ०१-४९६०६०५, ९८४१३४०७४४



**Enhancing Access to Justice through Institutional Reform (A2J) Project**

**Request for Quotation (RFQ)**

Date: June 24, 2026

**A2J Project II** calls proposal (technical and financial) from qualified Firm/Company for **REFERENCE: A2J/RFP/2026/03: "Production of a Documentary Video Showcasing Project Results"**

**How to submit proposal:**

1. The proposal softcopies are available in below web link through **10:00 hrs on Wednesday, June 24, 2026** until **13:00 hrs., Wednesday 08, July 2026.**
   *Contact Address:*
   *Enhancing Access to Justice through Institutional Reform(A2J) Project*
   *Babarmahal, Kathmandu, Nepal Tel: 977-01-5338303, 01-5338309*
   *Web link: https://www.undp.org/nepal/procurement*
2. The technical and financial proposals must be submitted addressing the RFP reference number and title separately to respective email addresses **technicalproposal@a2jnepal.org; financialproposal@a2jnepal.org;** or **separately sealed hardcopies** to the above office address by **no later than 17:00 hrs., Wednesday, 08 July 2026.**

*Note: A2J Project reserves all rights to accept or reject the bids for whatsoever reason.*

U N D P

# मन्त्रीलाई सचिवस्तरका सल्लाहकार, सचिवालयमा ९ सदस्य

## मन्त्रिपरिषद्को निर्णयअनुसार १७ जना मन्त्रीले ५७ जना सल्लाहकार र १५३ स्वकीय नियुक्त गर्न पाउने

**सुदीप कैनी** (काठमाडौं)

मन्त्रालयको संख्या कटौती गरेको सरकारले राज्यलाई थप व्ययभार थपिने गरी मन्त्रीले सचिवस्तरका सल्लाहकारसहित ९ सदस्यीय स्वकीय सचिवालय नियुक्त गर्न पाउने व्यवस्था गरेको छ। मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार अब प्रत्येक मन्त्रीले ३ देखि ५ जनासम्म विशिष्ट श्रेणी (सचिवसरह) का सल्लाहकार नियुक्त गर्न पाउने छन् भने प्रमुख स्वकीय सचिवसहित ९ जनाको स्वकीय सचिवालय बनाउन पाउनेछन्।

२ वैशाखमा मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनका लागि मुख्यसचिव सुमनराज अर्यालले सम्बन्धित मन्त्रालयमा पठाउन थालेका छन्। सल्लाहकार र ठूलो आकारको स्वकीय सचिवालय बनाउने निर्णयमाथि आलोचना हुन सक्ने भन्दै ढिला गरी निर्णयहरू मन्त्रालयमा पठाइएको प्रधानमन्त्री कार्यालयका एक अधिकारीले कान्तिपुरसित बताए।

मन्त्रिपरिषद्को निर्णय प्राप्त भइनसकेका कारण मन्त्रीहरूले नयाँ व्यवस्थाअनुसार सचिवालय भने गठन गरिसकेका छैनन्। सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले गत साता वैशाख र जेठका मन्त्रिपरिषद्का सबै निर्णय सार्वजनिक गर्दा पनि २ वैशाखको उक्त निर्णय भने सार्वजनिक गरिएको छैन। निर्णयअनुसार १७ जना मन्त्रीले ५७ जना सल्लाहकार र १५३ जना स्वकीय सचिवालयमा नियुक्त गर्न पाउनेछन्। यसको अतिरिक्त ऐनले नै व्यवस्था गरेको निजी स्वकीयसहितको सचिवालय हुनेछ।

प्रधानमन्त्री कार्यालयबाट कान्तिपुरलाई प्राप्त मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ, 'ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपाल सरकारका विशिष्ट श्रेणीसरहका एक जना वैतनिक (पारिश्रमिक) सहित बढीमा ५ जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछ। अन्य मन्त्रालयले एक जना वैतनिकसहित बढीमा ३ जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछ।'

मन्त्रीको सल्लाहकार तथा स्वकीय सचिवालयमा मन्त्रिपरिषद्ले तोकेभन्दा बढी पदाधिकारी/कर्मचारी आवश्यक पर्ने भएमा कार्यबोझ तथा औचित्यका आधारमा अर्थ मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले थप गर्न सक्ने निर्णयमा उल्लेख छ।

प्रधानमन्त्री वालेन्द्र शाहले सम्हालेको रक्षासहित मन्त्रालयको संख्या १७ वटा छ। १७ मन्त्रीले ९ जनाका दरले सचिवालय सदस्य नियुक्त गर्दा १५३ जनाले नियुक्ति पाउनेछन्। त्यस्तै पूर्वाधार, ऊर्जा र कृषि मन्त्रालयले ५ जनाको दरले सल्लाहकार नियुक्त गर्दा १५ र बाँकी १४ मन्त्रीले ३ जनाको दरले सल्लाहकार राख्दा ५७ जनासम्मले मन्त्रालयहरूमा नियुक्ति पाउनेछन्।

जेन-जी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको सरकारले ५ असोज २०८२ मा मन्त्री, उपप्रधानमन्त्री तथा राज्यमन्त्रीको सल्लाहकार तथा स्वकीय सचिवालयको दरबन्दीमा कटौती गरेको थियो। संघीय प्रदेशका मन्त्री र सांसदका स्वकीय सचिवको दरबन्दी पनि कटौती गरिएको थियो। हालको कार्यचाप, समन्वय तथा प्रशासनिक आवश्यकतालाई मध्यनजर गरी मन्त्रीहरूको सल्लाहकार तथा स्वकीय सचिवालयको दरबन्दी र सुविधा परिमार्जन गर्न आवश्यक परेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

सबै मन्त्रालयको कार्यसम्पादनलाई थप प्रभावकारी, व्यवस्थित एवं नतिजामुखी बनाउन मन्त्रीको सल्लाहकार र स्वकीय सचिवालयको संख्या वृद्धि गरिएको प्रधानमन्त्री सचिवालयका एक सदस्यले बताए। मन्त्रीहरूको स्वकीय सचिवालय दरबन्दी र सुविधा कायम गर्न प्रधानमन्त्री कार्यालयलाई अर्थ मन्त्रालयले २४ चैत २०८२ मै सहमति दिएको थियो।

१३ चैत २०८२ मा शाह प्रधानमन्त्री नियुक्त भएसँगै मन्त्रिपरिषद् गठन भएको थियो। प्रधानमन्त्री कार्यालयले मन्त्रालयहरूको कार्य प्रकृति, कार्यबोझ तथा आवश्यकताका आधारमा मन्त्रीका सल्लाहकार र स्वकीय सचिवालयको संख्या बढाउन भन्दै अर्थ मन्त्रालयसँग राय सहमति माग गरेको थियो।

**मन्त्रीको सचिवालयमा को-को ?**

| पद | श्रेणी |
|---|---|
| सल्लाहकार | सचिव (३ देखि ५ जना) |
| प्रमुख स्वकीय सचिव | उपसचिव |
| स्वकीय सचिव | अधिकृत |
| समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत | अधिकृत |
| सञ्चार तथा जनसम्पर्क सहायक | नायब सुब्बा |
| सहायकस्तर | नायब सुब्बा |
| हलुका सवारी चालक श्रेणीविहीन | (२ जना) |
| कार्यालय सहयोगी श्रेणीविहीन | (२ जना) |

मन्त्रीको स्वकीय सचिवालयमा प्रमुख स्वकीय सचिव, स्वकीय सचिव, समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत, सञ्चार तथा जनसम्पर्क सहायक, सहायकस्तरका कर्मचारी, हलुका सवारी चालक र कार्यालय सहयोगी २/२ जना गरी ९ जना रहने व्यवस्था गरिएको छ। निर्णयअनुसार मन्त्रीको सचिवालयमा उपसचिवस्तरका १, अधिकृत २, नायब सुब्बा २ र श्रेणीविहीन सवारी चालक र कार्यालय सहयोगी ४ जना रहने उल्लेख छ।

'प्रमुख स्वकीय सचिव सम्बन्धित मन्त्रीले र अन्य कर्मचारी प्रमुख स्वकीय सचिवले नियुक्ति गर्नेछन्,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ। हालको सरकारमा उपप्रधानमन्त्रीको व्यवस्था नभए पनि सहसचिव प्रमुख सचिव रहने गरी ९ सदस्यीय सचिवालय रहने निर्णय मन्त्रिपरिषद्ले गरेको छ। उपप्रधानमन्त्रीले सल्लाहकार राख्न पाउने विषय भने निर्णयमा उल्लेख छैन।

विभिन्न मन्त्रालयका सचिव र सहसचिवस्तरका कर्मचारीहरू सल्लाहकार नियुक्त गर्ने सरकारको निर्णयले राज्यको खर्च बढ्ने तर केही पनि काम नहुने तर्क गर्छन्। सरकारको निर्णयले कर्मचारीतन्त्रलाई अविश्वास गरेको महसुस भएको उनीहरूको गुनासो छ। पूर्वसचिव गोपीनाथ मैनालीले मन्त्रीलाई सल्लाहकार र स्वकीय सचिवालय आवश्यक नहुने तर्क गर्छन्। 'मन्त्रालयमा मन्त्रीको सबैभन्दा ठूलो सल्लाहकार त्यही मन्त्रालयको सचिव हुन्छ, मन्त्रीले निजी सचिवमा उपसचिव पनि पाएका हुन्छन्,' उनले प्रश्न गरे, 'किन चाहियो अरू सल्लाहकार र स्वकीय सचिवालय ?'

विगतमा पनि सल्लाहकार र स्वकीय सचिवालय प्रभावकारी हुन नसकेको पूर्वसचिव मैनालीले टिप्पणी गरे। 'विगतका सरकारका मन्त्रीले सल्लाहकार र स्वकीय राख्दा उनीहरूको ध्यान अतिरिक्त कुरामा गएको पाइन्थ्यो। उनीहरू विशेष गरी कर्मचारी सरुवा र ठेक्कापट्टामा ध्यान दिन्थे,' उनले भने। सल्लाहकार र स्वकीय सचिवालय मन्त्रालयका हाबी हुँदा कर्मचारीहरूको मनोबल झनै गिर्ने र अविश्वास बढ्ने बहालवाला सचिव र सहसचिवहरू बताउँछन्। 'कर्मचारी स्थायी सरकार हुन्। मन्त्रालय, कानुनप्रति जवाफदेही नहुने, हस्ताक्षर नचल्ने, मन्त्रालयका कार्यकक्ष पनि नहुने सल्लाहकार र स्वकीय सचिवहरूका कारण समानान्तर सत्ताको जोखिम बढी हुन सक्छ,' एक सचिवले कान्तिपुरसँग भने।

पूर्वसचिव मैनाली पनि मन्त्रालयमा रहेका कर्मचारी र पदाधिकारीलाई नै मन्त्रीहरूले उपयोग गरेर प्रभावकारी बनाउनुपर्ने बताउँछन्। 'बहुमत जनमत प्राप्त सरकारले भइरहेकै संरचनालाई बढी विश्वास र भरोसा गर्नुपर्छ। अश्विास भयो भने संस्था र कर्मचारी झन् कमजोर हुन्छन्। कर्मचारीमा हीनताबोध हुन्छ। प्रणाली बन्नेभन्दा पनि मन्त्रालय र सरकार तदर्थमा चल्न थाल्छ,' उनले भने। विशेष काममा केही समयका लागि भने विज्ञ जनशक्ति नियुक्ति गरेर मन्त्रीहरूले काम गर्न सक्ने पूर्वसचिव मैनालीको सुझाव छ।

मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ मा निजी सचिवालयसम्बन्धी व्यवस्था छ। निजी सचिव र सचिवालयका लागि आवश्यक सामग्री सरकारले नै उपलब्ध गराउने व्यवस्था छ। मन्त्रिपरिषद्को निर्णयअनुसार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाका आधारमा मन्त्रीहरूले सल्लाहकार, स्वकीय सचिवालयको नियुक्ति गर्दै आएका छन्। निर्देशिकामा स्वकीय सचिवस्तरका कर्मचारीको पारिश्रमिक र अन्य सुविधा तोकिएको हुन्छ। २०६२/०६३ देखि नै पटक-पटक मन्त्रिपरिषद्ले आफूअनुकूल निर्णय गर्दै मन्त्रीका स्वकीय र सल्लाहकार नियुक्तिसँग संख्या थपघट हुँदै आएको छ।

# विशिष्ट प्रकृतिको पदमा 'छड्के प्रवेश' को प्रस्ताव

## आन्तरिक बढुवाको प्रतिशत घटाएर खुला प्रतिस्पर्धाको सिट बढाउने व्यवस्था निजामती सेवा विधेयकको मस्यौदामा

**राजेश मिश्र** (काठमाडौं)

निजामती सेवाको विशिष्ट प्रकृतिको कुनै कामका लागि छड्के प्रवेशको विशेष व्यवस्थाको प्रावधान प्रस्तावित निजामती सेवा विधेयकको मस्यौदामा राखिएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको निजामती सेवासम्बन्धी विधेयकको मस्यौदाको दफा १०(१४) मा त्यस्तो प्रावधान छ। मस्यौदाको दफा १० (१४) मा भनिएको छ- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवाको विशिष्ट प्रकृतिको कुनै कार्यकारी वा विशेषज्ञ पदमा निश्चित अवधिका लागि नेपाल सरकारले उम्मेदवारको उपयुक्तताको सम्बन्धमा लोक सेवा आयोगको परामर्शमा छड्के प्रवेशको विशेष व्यवस्था गर्न सक्नेछ। उपदफा १५ मा त्यस्तो उम्मेदवारको योग्यता, छनोटको विधि, कार्यसम्पादन करार, सेवाका सर्त तथा सुविधालगायतका विषय लोक सेवा आयोगको परामर्शमा नेपाल सरकारले तोकेको मापदण्डबमोजिम हुने उल्लेख छ।

मन्त्रालयका एक सहसचिवले कुनै खास प्रवृत्तिको कामका लागि निजामती सेवामा कायम रहेका कर्मचारीको अनुभव तथा विज्ञताभन्दा फरक दक्ष जनशक्ति तत्काल आवश्यक रहेको परिस्थितिका लागि त्यस्तो प्रावधान राखिएको बताउँछन्। कुनै विशिष्ट कार्यका लागि अर्थशास्त्री, प्राविधिक जनशक्ति जस्ता विज्ञ व्यक्तिको आवश्यकता परेमा निश्चित अवधि तोकेर भर्ना गर्न सकिने प्रस्ताव रहेको उनले बताए। 'त्यो पनि सरकार आफैंले गर्न पाउने होइन, लोक सेवाको संलग्नतामा हुने हो,' उनले भने, 'उनले निजामती कर्मचारी सरहका सेवा सुविधा पाउने छैनन्। त्यसको सेवाका सर्त र सुविधा छुट्टै हुनेछ।'

मस्यौदामा विशेषज्ञ पद मात्रै नभनेर कार्यकारी पदसमेत भनिएको छ। कार्यकारी पदको अर्थ कुनै पनि कार्यालयको प्रमुख भएर अन्तिम निर्णय दिने व्यक्ति मानिन्छन्। त्यसलाई लिएर कर्मचारी वर्ग संशकित पनि छन्। त्यसको स्पष्ट व्याख्या गरिएको छैन। 'जिल्लास्थित कार्यालय प्रमुखदेखि मन्त्रालयका सचिवसम्म कार्यकारी पद मानिन्छन्,' कानुन मन्त्रालयका एक अधिकारीले भने, 'विधेयक मस्यौदामा उक्त प्रावधान ल्याउने मन्त्रालयको उद्देश्य के हो ? त्यो स्पष्ट हुन आवश्यक छ।'

स्थापित विधि, प्रक्रियाअनुसार निजामती सेवाकै पदमा त्यसरी छड्के प्रक्रियाबाट प्रवेश नमिल्ने उनले बताए। 'सचिव वा सहसचिव बाहिरबाट फ्याट्टै छड्के प्रक्रियाबाट ल्याउन मिल्दैन,' कानुनका ती अधिकारीले भने, 'कुनै विशेष आयोजनाहरू छन्। त्यसका कार्यकारी प्रमुख तोक्ने कुरा हो भने त्यसका लागि निजामती सेवा ऐनमा प्रावधान ल्याउनै पर्दैन।' मस्यौदामा राखिएको प्रावधानबारे सम्बन्धित मन्त्रालयका अधिकारीहरूसँगको छलफल आवश्यक रहेको उनले बताए।

ती अधिकारीका अनुसार निजामती सेवाकै पदसोपानको पदमा छड्के प्रवेशको विषय हो भने यसबारे स्वाभाविक रूपमा निजामती कर्मचारीको चासो रहनेछ। विधेयकमा ल्याइएका कैयौं प्रावधानका संवैधानिक तथा कानुनी दृष्टिकोणले त्रुटिपूर्ण देखिएको उनले उल्लेख गरे। विधेयकको मस्यौदा छलफलका क्रममा रहेकाले यस विषयमा मस्यौदा तयार पार्ने संघीय मामिला वा त्यसको कानुनी परीक्षण गरिरहेको कानुन मन्त्रालयका अधिकारीहरूले औपचारिक प्रतिक्रिया दिन अस्वीकार गरेका छन्।

५५ वर्ष पूरा भएको वा सेवा अवधि ३० वर्ष पूरा भएकालाई अवकाश दिने प्रस्तावित प्रावधानले कर्मचारी वर्ग तरंगित भएका बेला कार्यकारी पदमा छड्के प्रवेशको प्रावधानले थप सशंकित बनाएको छ। अहिले विशेषज्ञ पदमा करारमा भर्ना लिन सकिने प्रावधान रहेको भन्दै संघीय मामिलाका एक अधिकारीले विशिष्ट प्रकृतिका पद तथा विशेषज्ञ भनिएकाले यो निजामती सेवाका नियमित पदसोपानभित्रको पदका लागि छड्के प्रवेशको प्रस्ताव नरहेको दाबी गरे।

मस्यौदाको दफा ५७ (१) मा निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने उल्लेख छ। तर, यो ऐन प्रारम्भ हुँदाका बखत उमेर ५५ वर्ष पूरा भएको वा सेवा अवधि ३० वर्ष पूरा भएका कर्मचारीले अवकाश पाउने उल्लेख छ।

अधिकृत चौधौं तह विशिष्ट श्रेणी मुख्यसचिवको पदावधि २ वर्ष तोकिएको छ। दफा २४ मा राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीको पदावधिसम्बन्धी प्रावधान छ। अधिकृत १३ औं तह विशिष्ट श्रेणी सचिवको पदावधि ३ वर्ष तोकिएको छ। विद्यमान ऐनमा मुख्यसचिव र सचिवको पदावधि क्रमशः ३ र ५ वर्ष छ।

निजामती सेवामा राजपत्र अनंकित वा सहायक तहको पदमा प्रवेशका लागि १८ वर्ष र अधिकृत तहको पदका लागि २१ वर्ष उमेर पूरा भएको हुनुपर्ने भनिएको छ। त्यस्तै, पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने पुरानै व्यवस्था राखिएको छ। भूतपूर्व सैनिक वा प्रहरी नियुक्त हुने भनी तोकिएको संघीय निजामती सेवाको पदमा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने विद्यमान ऐनमा रहेको प्रावधानलाई निरन्तरता दिइएको छ।

निजामती सेवा ऐन, २०४९ को दफा १०(ग) को (१) मा भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको निजामती सेवाको पदमा ४० वर्ष ननाघेका व्यक्ति उम्मेदवार हुन सक्ने उल्लेख छ। निजामती सेवामा केही पद सुरक्षा तालिम लिएका व्यक्तिका लागि रहेको र त्यस्तो पदमा पूर्वसुरक्षाकर्मी भर्ना गर्न मिल्ने भएकाले उनीहरूका लागि उमेर हद निर्धारण गरिएको मस्यौदा निर्माणमै संलग्न एक सहसचिवले बताएका छन्। मुद्रण विभाग जस्ता निकायमा सुरक्षाका लागि राखिने 'सेक्युरिटी गार्ड' मा सुरक्षा तालिम लिएकै मानिस आवश्यक पर्ने भएकाले यस्तो प्रावधान पहिलेदेखि राखिँदै आएको उनले उल्लेख गरे।

**संघीय निजामती सेवामा नेपाल सूचना प्रविधि सेवाको व्यवस्थाको प्रस्ताव, विविध सेवाको पदमा बहाल रहेका सूचना प्रविधिसँग सम्बन्धित निजामती कर्मचारी यसमा समूहीकृत हुने**

त्यस्तै, निजामती सेवामा माथिल्लो पदमा गरिने आन्तरिक बढुवाको प्रतिशतलाई घटाएर खुला प्रतिस्पर्धाबाट गरिने पदपूर्तिलाई बढाउने प्रस्ताव गरिएको छ। मस्यौदामा प्रदेश र स्थानीय तहमा समायोजन भएर कर्मचारीलाई पनि संघको माथिल्लो पदमा प्रतिस्पर्धा गर्ने बाटो खुलाइएको छ। अब उपसचिव तहमा ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट आउने बाटो खोलिएको छ। हाल खुला प्रतिस्पर्धाका लागि १० प्रतिशत सिट छुट्याइन्छ।

उपसचिवका रिक्त पदमा ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट, १० प्रतिशत अन्तरतह प्रतिस्पर्धाबाट र ५० प्रतिशत बढुवाबाट पदपूर्ति गरिने प्रस्ताव छ। सहसचिव एघारौं तहमा खुलाबाट १०, अन्तरतह प्रतिस्पर्धाबाट २० र बढुवाद्वारा ७० प्रतिशत पदपूर्ति गरिने प्रस्ताव छ। अहिले खुला प्रतिस्पर्धाबाट १०, आन्तरिक प्रतियोगात्मक परीक्षाद्वारा २०, ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा ३५ प्रतिशत बढुवा गरिन्छ।

अन्तरतह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भई गएकाले अवसर पाउनेछन्। राजपत्र अनंकित द्वितीय श्रेणी सहायक चौथो पदमा अब ८० प्रतिशत पद खुला प्रतिस्पर्धाबाट पूर्ति गरिनेछ। हाल ७० प्रतिशत खुला प्रतिस्पर्धाबाट हुँदै आएको छ। अन्तरतह प्रतियोगिताद्वारा १० र बढुवाद्वारा १० प्रतिशत पदपूर्ति गरिने भनिएको छ। राजपत्र अनंकित प्रथम श्रेणी सहायक पाँचौंका लागि ४० प्रतिशत खुला, २० प्रतिशत अन्तरतह प्रतिस्पर्धा र ४० प्रतिशत बढुवाबाट गरिनेछ। अधिकृत तृतीय सातौं तहमा ७० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह प्रतिस्पर्धा र २० प्रतिशत बढुवाद्वारा पदपूर्ति गरिने उल्लेख छ।

राजपत्र अनंकित प्रथम श्रेणीका कम्प्युटर अपरेटर तथा कम्प्युटर टेक्निसियन पद र राजपत्र अनंकित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति नगरिने भनिएको छ। नायब सुब्बा पदमा पनि स्थायी पदपूर्ति घटाउने उद्देश्य राखिएको छ। मस्यौदामा भनिएको छ- 'मुख्य कार्य गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको पदबाहेक राजपत्र अनंकित पाँचौं श्रेणीको रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन।'

संघीय निजामती सेवामा नेपाल सूचना प्रविधि सेवा समावेश गरिएको छ। यो नयाँ सेवा हो। विविध सेवाको पदमा बहाल रहेका सूचना प्रविधिसँग सम्बन्धित निजामती कर्मचारी नेपाल सूचना प्रविधि सेवामा समूहीकृत हुनेछन्। त्यस्तै, हाल सहायक कम्प्युटर अपरेटर तथा कम्प्युटर अपरेटरमा कार्यरत रहेका कर्मचारीलाई हालको शैक्षिक योग्यता र अनुभवका आधारमा सूचना प्रविधि सेवाअन्तर्गतको समूहमा तोकिएबमोजिम बढुवा तथा वृत्तिविकासको व्यवस्था गरिने विधेयक मस्यौदामा उल्लेख छ।

संघीय निजामती सेवाको दरबन्दी तथा पदपूर्तिका सन्दर्भमा समग्र आर्थिक अवस्था तथा प्रशासनिक खर्चको दायित्वसमेतको विश्लेषण गर्नुका साथै न्यूनतम जनशक्तिबाट अधिकतम प्रतिफल लिने कुरालाई आधार लिनुपर्ने भनिएको छ। संगठन संरचना र दरबन्दीको पुनरावलोकन हरेक पाँच वर्षमा गर्नुपर्ने उल्लेख छ।

दफा ११ मा निजामती सेवालाई समावेशी बनाउनेसम्बन्धी प्रावधान छ। खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाहरूबीच मात्र र बाँकी ५० प्रतिशतमा समावेशी समूहका उम्मेदवारबीच प्रतिस्पर्धा हुने भनिएको छ। हाल निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुनेमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी समावेशी समूहको प्रतिशत छुट्याइएको छ। समावेशी सिटमा महिलाका लागि ३३ प्रतिशत, आदिवासी जनजातिका लागि २७ प्रतिशत, मधेशीका लागि २२ प्रतिशत, दलितका लागि ९ प्रतिशत, अपांगका लागि ५ प्रतिशत र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत छुट्याइएको छ।

नयाँ प्रस्तावमा महिलाबीच मात्र प्रतिस्पर्धा गराइने पदलाई शतप्रतिशत मानी त्यसलाई पनि समावेशी समूहअनुसार सिट बाँडिएको छ। महिलाका लागि छुट्याइएको सिटमा खस आर्य २७.७, आदिवासी जनजाति २५, मधेशी १५, दलित १२.७, थारू ६.६, मुस्लिम ४, पिछडिएको क्षेत्र ४ अपांगता भएका व्यक्तिका लागि ४ प्रतिशत छुट्याउने प्रस्ताव छ। समावेशीका बाँकी ५० प्रतिशत पदलाई शतप्रतिशत मानी आदिवासी जनजाति ३२.५, मधेशी १९, दलित १५ विपन्न खस आर्य १०, थारू ९, मुस्लिम ५, पिछडिएको क्षेत्र ५, अपांगता भएको व्यक्तिका लागि ४ प्रतिशत सिट छुट्याइने मस्यौदामा प्रस्तावित छ।

# ५ दिनभित्र होल्डिङ सेन्टर खाली गर्न...

'हामीसँग जग्गा छैन, जाने ठाउँ छैन, सरकारले नै सुरक्षित बसोबासको व्यवस्था गर्छ भन्ने विश्वास थियो, अहिले आएर कोठा खोज्न भनिएको छ, अलपत्र परिने हो कि भन्ने चिन्ता थपिएको छ,' उनले भने। अर्का विस्थापित लालबहादुर लिम्बूले पनि राहत रकम प्राप्त नभइसकेको र कोठा खोज्दासमेत उपयुक्त स्थान फेला नपरेको बताए। 'पहिलेदेखि नै कोठा खोजिरहेका छौं, अहिलेसम्म भेटिएको छैन, तीन-चार दिनभित्रै सबैले कोठा पाउँछन् भन्ने अवस्था छैन,' उनले भने।

यहीं बसिरहेका सिंहबहादुर मोक्तानले पर्याप्त समय र वैकल्पिक बसोबासको स्पष्ट व्यवस्था नगरी होल्डिङ सेन्टर खाली गराउन खोजिएको भन्दै पुनर्विचार गर्न सरकारसँग आग्रह गरेका छन्। सरकारबाट राहत रकमभन्दा पनि बस्न मिल्ने सुरक्षित स्थानको सुनिश्चितता अहिलेको मुख्य आवश्यकता भएको उनले बताए।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष आनन्दसिंह भाटले विस्थापितलाई सधैंभरि होल्डिङ सेन्टरमा राखेर सम्भव नहुने बताए। 'उहाँहरूलाई सधैंभरि होल्डिङ सेन्टरमा राखेर सम्भव हुँदैन, जग्गाको उपयुक्त विकल्प नहुन्जेलसम्म खातामा राहत रकम सुरुमा २५ हजार र पछि जग्गा नहुनेका लागि १५ हजारका दरले ३ महिनाको भाडा पठाएर आफूलाई पायक पर्ने ठाउँमा बस्न आग्रह गरिएको हो,' उनले भने। पाँच दिनभित्र खाली गर्ने सूचना अचानक नगरिएको उनको दाबी छ। 'हामीले खाता खोल्नका लागि बैंकका कर्मचारीसमेत शिविरमा पठाएर डेढ महिनादेखि नै प्रयास गरेका थियौं, कतिपयले खाता खोल्न सहयोग नगरेका कारण अहिले असार मसान्तमा बजेट फ्रिज हुने अवस्था आएकाले छोटो समय दिनुपरेको हो,' उनले भने, 'यदि ५ दिनभित्र सम्भव भएन भने समझदारीमा २-३ दिन समय थप गर्न सकिन्छ।'

सरकारले तीन महिनाभित्र उनीहरूका लागि जग्गा व्यवस्थापन गर्ने योजनाअनुसार काम गरिरहेको उनको भनाइ छ। 'उक्त अवधिमा नसके सरकारको योजना र निर्णयमा आवश्यक परिवर्तन वा थप व्यवस्था गरिने छ,' उनले भने। वास्तविक सुकुमवासीको पहिचान गर्न र उनीहरूलाई राहत रकम उपलब्ध गराउन तथ्यांक संकलन भइरहेको पनि उनले बताए। समस्या समाधानका लागि 'भूमिहीन समस्या समाधान समिति' समेत बनेको उल्लेख गर्दै उनले अबको तीन महिनामा वास्तविक सुकुमवासीको पहिचान सकेर थप प्रक्रिया अघि बढाइने बताए।

सरकारले १२ वैशाखदेखि उपत्यकाका नदी किनारका जोखिमयुक्त बस्ती हटाएपछि विस्थापित भएका सुकुमवासीलाई काठमाडौं, भक्तपुर र काभ्रेका ७ ठाउँमा होल्डिङ सेन्टर तोकेको छ। समितिका अनुसार हालसम्म ३ सय ८८ घरका १ हजार ४ सय ८८ जना होल्डिङ सेन्टरमा आश्रित छन्। समितिले यसअघि विस्थापित २ हजार ६ सय ८ परिवारमध्ये होल्डिङ सेन्टरमा आश्रित ३ सय ८८ परिवारबाट १ हजार ४ सय ८८ जनाको डिजिटल प्रमाणीकरण लिएको थियो।

हाल बालाजुस्थित माछापोखरी लजमा ८७ घरका २ सय ९४, राधास्वामी आश्रम कीर्तिपुरस्थित ६५ घरमा २ सय ७७ र भक्तपुर खरिपाटीस्थित विद्युत् तालिम केन्द्रमा ९९ घरका ३ सय ५५ जना छन्। भक्तपुर बोडेस्थित कृषि तालिम केन्द्रमा २४ घरमा १ सय १५, नगरकोटस्थित खानेपानी तालिम केन्द्रमा २१ घरका ८०, बनेपास्थित रेडक्रसमा ४५ घरका १ सय ९५ र इचंगुनारायण अपार्टमेन्टमा ४७ घरका १ सय ७२ जना छन्।

त्यसबाहेक गत बुधबारदेखि होल्डिङ सेन्टरबाहिर बसेका सुकुमवासीको पनि डिजिटल प्रमाणीकरण थालिएको छ। 'यो कुनै नयाँ व्यक्तिको दर्ता नभई पहिले नै लगतमा रहेका तर होल्डिङ सेन्टरबाहिर बसिरहेकाको मात्र पुनः दर्ता भएको हो,' अध्यक्ष भाटले भने। सरकारले ३१ वैशाखमा वास्तविक सुकुमवासीलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण नगरेसम्म अस्थायी व्यवस्थापनका लागि मासिक १५ हजार रुपैयाँ घरभाडा उपलब्ध गराउने निर्णय गरेको थियो।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय न्यूरोड, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/१० गतेको कान्तिपुर राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१० गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०२/१३ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८३/०१/१० मा कारोबार राष्ट्रिय दैनिक पत्रिका र मिति २०८३/०२/१९ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकाले पुनः तेश्रो पटक यो ७ (सात) दिने सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. मान बहादुर थापाको नाति, गुप्त बहादुर थापाको छोरा, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **कमल थापा** (ना.प्र.नं. ९८३५, जारी मिति २०४२/०२/२४, जि.प्र.का. ललितपुर)।

२. मान बहादुर थापाको नाति, गुप्त बहादुर थापाको छोरा, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **कृष्ण थापा** (ना.प्र.नं. ४६०४८, जारी मिति २०४६/०६/१३, जि.प्र.का. ललितपुर)।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. गुप्त बहादुर थापाको बुहारी, कमल थापाको पत्नी, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **पबित्रा थापा** (ना.प्र.नं. ६३७९७, जारी मिति २०५०/०६/२९, जि.प्र.का. ललितपुर)। | २. गुप्त बहादुर थापाको बुहारी, कृष्ण थापाको पत्नी, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **निलु थापा** (ना.प्र.नं. ९०११८, जारी मिति २०५४/०९/२२, जि.प्र.का. ललितपुर)। |

**धितोको विवरण**

कृष्ण थापा (ना.प्र.नं. ४६०४८, जारी मिति २०४६/०६/१३, जि.प्र.का. ललितपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ स्थित कि.नं. १३९४ को क्षेत्रफल २-३-०-० (रोपनी) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०३/१६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय न्यूरोड, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/१७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय न्यूरोड, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय न्यूरोड, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : न्यूरोड, काठमाडौं
फोन नं. ०१-५३२४६१६
Website : www.siddharthabank.com




Digital Ticketing Partner eSewa | Celebration Partner KFC | Adhesive partner RATHICOL | Study Abroad Partner Ved International Education Consultancy | Partners DAV COLLEGE Affiliated to TU, YETI CARPET कार्पेटको शहंशाह




# एकै दिन चम्किए मेसी, एमबाप्पे र हालान्ड

## नर्वेका लागि इर्लिङ हालान्डले गरेको उच्च प्रदर्शनको केही घण्टाअगाडि मेसी र एमबाप्पेले दुई-दुई गोल गरेका थिए

इस्ट रडरफोर्ड (एपी)- विश्वकप फुटबलमा यो मीठो संयोग रह्यो, एकै दिन लियोनल मेसी, केलियन एमबाप्पे र इर्लिङ हालान्ड चम्किएका छन् । उनीहरूको प्रदर्शनले विश्वकप रोमाञ्चक बनेको छ । यिनै तीन खेलाडी सर्वाधिक गोलकर्ताको होडमा पनि सामेल छन् ।

हालान्डले नर्वेका लागि दोस्रो हाफमा १५ मिनेटको अन्तरमा सेनेगलविरुद्ध दुई गोल गरे । उनको एक प्रहार पोस्टमा लागेको थियो भने एक अर्को प्रहार बल्लतल्ल रोकिएको थियो । हालान्डको यो प्रदर्शनको केही घण्टाअगाडि मेसीले अर्जेन्टिना र एमबाप्पेले फ्रान्सका लागि यस्तै सुन्दर दुई गोलको प्रदर्शन गरेका थिए । विश्व फुटबलका यी तीन ठूला स्टारले संयुक्त रूपमा १३ गोल गरिसकेका छन् ।

दिनको सुरुआत मेसीको खेलबाट सुरु भएको थियो । यसक्रममा उनी विश्वकपमा सबैभन्दा बढी १८ गोल गर्ने खेलाडी बने । त्यसमै टिकेर अर्जेन्टिनाले एर्लिङ्टनमा अस्ट्रियालाई २-० ले हरायो । मेसीले दुई खेलमा गरेको गोलसंख्या अहिले नै ५ पुगिसकेको छ । फ्रान्सले इराकलाई ३-० ले हराउँदाको खेलपछि विश्वकपमा एमबाप्पेको गोलसंख्या १६ पुगेको छ । उनले यसक्रममा जर्मनीका मिरोस्लाभ क्लोजको नाममा रहेको कीर्तिमान बराबरी गरेका छन् ।

हालान्डको भने विश्वकपमा गरेको गोल संख्या भर्खर ४ पुगेको छ । खासमा उनी पहिलो पटक विश्वकप खेलिरहेका छन् । नर्वे आफैं सन् १९९८ यता पहिलो पटक विश्वकप खेलिरहेको छ । यो हालान्ड जन्मनुभन्दा दुई वर्षअगाडिको कुरा भयो । हालान्डसामु मेसी र एमबाप्पेलाई पछ्याउने अवसर हुनेछ । किनभने उनी अर्को महिना २६ वर्ष हुनेक्रममा छन् । यी हालान्ड ६ फिट ५ इन्च अग्ला छन् । उनले नर्वेका लागि लगातार १२ खेलमा गोल गरिसकेका छन् ।

मेसी भने अहिले छैटौं विश्वकप खेलिरहेका छन् । उनले सन् २००६ को आफ्नो डेब्यु विश्वकपमा एक गोल गरेका थिए । सन् २०१० मा उनी गोल गर्न चुके । सन् २०१४ मा उनले ४ गोल गरे भने २०१८ मा एक । सन् २०२२ मा अर्जेन्टिनाले विश्वकप जित्दा उनको ७ गोलको योगदान रहेको थियो ।







एपी

फ्रान्सेली स्टार एमबाप्पेको भने यो तेस्रो विश्वकप हो । यसअघिका दुवै विश्वकपमा उनले फाइनल खेल्ने सौभाग्य पाए । त्यसमध्ये सन् २०१८ मै उनले उपाधि चुम्ने अवसर पाएका थिए । त्यो विश्वकपमा उनले ४ गोल गरेका थिए । पछिल्लो विश्वकपमा भने उनले ८ गोल गरेर उपविजेतामै चित्त बुझाए । तय छ, एमबाप्पेसँग विश्वकपमा सबैभन्दा बढी गोल गर्ने खेलाडीको कीर्तिमान राख्ने मौका बढी हुनेछ ।

जर्मनीका क्लोजले भने चार विश्वकप खेलेर १६ गोलको कीर्तिमान बनाएका हुन् । यो लामो समयसम्म कायम रह्यो । उनले सन् २००२ को विश्वकपमा ५ गोल गरे । लगत्तै सन् २००६ को विश्वकपमा पनि ५ गोल गरे । यो क्रम सन् २०१० को विश्वकपमा ४ गोल रह्यो । सन् २०१४ मा उनले अन्तिम पटक विश्वकप खेले र त्यसमा २ गोल गरेका थिए ।

## प्लेयर्स टु वाच

### अचरफ हकिमी (मोरक्को)

अफ्रिकी टोलीलाई पहिलो पटक विश्वकपको सेमिफाइनलमा पुऱ्याउने कप्तान हुन्, अचरफ हकिमी । चार वर्षअघि कतारमा मोरक्कोले स्पेनलाई अन्तिम १६ मा पेनाल्टी शुटआउटमा पराजित गर्दा २७ वर्षे हकिमीले 'पानेन्का' शैलीमा विजयी गोल गरेका थिए । त्यसपछि पोर्चुगललाई पराजित गर्दै मोरक्को सेमिफाइनल पुगेको थियो । हकिमी विश्वकपमा तेस्रो पटक खेलिरहेका छन् । उनले अफ्रिकी कप अफ नेसन्स चार पटक खेलेका छन् । २०२४ को पेरिस ओलम्पिक उनले 'ओभर एज' खेलाडीको रूपमा खेलेका थिए । हकिमीले फ्रान्सको राष्ट्रिय टोलीबाट ९८ खेल खेल्दै ११ गोल गरेका छन् । फ्रान्सेली टोली पेरिस सेन्ट जर्मन (पीएसजी) लाई लगातार दुई पटक युरोपेली च्याम्पियन्स लिगको उपाधि जिताउँदाका उनी प्रमुख खेलाडी हुन् । सशक्त रूपमा राइट ब्याकको भूमिका निभाउने उनी आक्रामणमा पनि उत्तिकै सक्रिय हुन्छन् । स्पेनमा जन्मिएका उनले रियल म्याड्रिडको 'बी' टिमबाट खेल्न सुरु गरेका थिए । त्यसको अर्को वर्ष २०१७ मा उनले रियल म्याड्रिडको मुख्य टोलीको ढोका खोलेका थिए । तर एक वर्षपछि नै रियलले दुई वर्षका लागि उनलाई लोनमा बोरुसिया डर्टमन्ड पठायो । २०२० मा उनी इन्टर मिलान पुगे । उनले २०२१ मा इन्टरलाई इटालियन सिरी 'ए' को उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेले । त्यो इन्टरले ११ वर्षपछि जितेको पहिलो लिग उपाधि थियो । २०२१ मै उनी ६ करोड ८० लाख युरोमा पीएसजी पुगेका थिए ।



**विश्वकप २०२६ को विस्तृत समाचारका लागि स्क्यान गर्नुहोस् ।**




# लगानीले उकासिएको छैन साउदी

एटलान्टा (एपी)- जतिबेला विश्वकपमा स्पेनले साउदी अरेबियामाथि ४-० को अग्रता लिएको थियो । त्यो पनि दोस्रो हाफको सुरुमै हो । बेञ्चमा रहेका स्ट्राइकर सलेह अल-सेहरी टाउकोमा हात हालेर झुकिरहेका थिए । जति बेला साउदी टिमले युरोपेली प्रतिद्वन्द्वीको सामना गर्ने गर्छ, यो टिम प्रायः 'अन्डर डग' रहने गर्छ । अप्रत्याशित नतिजाको सम्भावना कायमै हुन्छ ।

आखिरमा साउदी अरेबिया त्यही टिम हो, जसले चार वर्षअघि कतारमा अर्जेन्टिनामाथि जित निकालेको थियो । यता स्पेनी त्यही टिम थियो, जसले केप भार्डेविरुद्धको खेलमा निराशाजनक गोलरहित बराबरी खेलेको थियो । त्यो पनि ६ दिन अगाडि मात्रै त्यही एउटै रंगशालामा हो । तर यही स्पेन र साउदी अरेबियाबीचको खेलको कथा बेग्लै रह्यो ।

स्पेनले साउदी अरेबियामाथि २२ आक्रमण बुनेको थियो, जबकि साउदीले तीनमै चित्त बुझाउनुपरेको थियो । अहिले नै यो हार साउदी अरेबियाका लागि असाध्यै महँगो साबित त भएको छैन । केप भार्डेविरुद्ध लिग चरणको आफ्नो अन्तिम खेलमा जित निकाल्ने हो भने साउदी टिम अझै नकआउट चरण पुग्न सक्छ । तर स्पेनविरुद्धको हारले धेरै प्रश्न भने उठाएको छ ।

सन् २०३४ को विश्वकप साउदी अरेबियामा हुँदै छ । अनि यो देशले आफ्नो फुटबल स्तर बढोस् भनेर पछिल्लो समय करोडौं होइन, अर्बौं डलर खर्चेको छ । अहिलेको साउदी टिम लगभग त्यहाँकै प्रो लिगका खेलाडीले भरिएको छन् । यी खेलाडीले प्रत्येक साता भिड्ने भनेको क्रिस्टियानो रोनाल्डो, करिम बेन्जेमा र साडियो माने जस्ता खेलाडीविरुद्ध हो ।

पछिल्लो समय साउदी अरेबियाले फुटबलमा विदेशी खेलाडीमाथिको लगानी केही घटाएको छ । तर प्रशिक्षक जर्जियोस डोनिस मान्छन्, ठूला स्टार खेलाडीको उपस्थितिले साउदी फुटबल स्तर बढेको छ । यसले स्थानीय साउदी प्रतिभालाई अगाडि आउन सहयोग गरेको छ । तर राष्ट्रिय टिमलाई विश्वस्तरमा सफल बनाउन अझै समय लाग्नेछ अनि यो उत्तिकै चुनौतीपूर्ण पनि छ ।



**साउदीका मुख्य प्रशिक्षक जर्जियोस डोनिस ।** **तस्बिर** : एपी

उनी भन्छन्, 'जति स्तरीय प्रतियोगिता हुनेछ, त्यति राम्रा खेलाडी उत्पादन हुन्छन् ।' साउदी अरेबियाली मूलका खेलाडीले साउदी लिगमा खेल्ने अवसर कमै मात्र पाइरहेका छन् । जस्तो, गोलरक्षक मोहम्मद अल-ओवासिस । गत वर्ष मैदानमा बढी समय बिताउन उनले साउदी दोस्रो डिभिजनको क्लबसँग अनुबन्ध गर्नुपरेको थियो ।

साउदी टिममै पनि पछिल्ला दुई वर्षमा तीन प्रशिक्षकलाई जिम्मेवारी दिइएको छ । विश्वकप सुरु हुन दुई महिनाअगाडि मात्रै डोनिसलाई नियुक्त गरिएको थियो । अहिलेको विश्वकपमा उरुग्वेविरुद्ध साउदी अरेबियाको १-१ बराबरी सुखद जस्तै रह्यो । तर स्पेनविरुद्ध सुरुआती २५ मिनेटमै तीन गोल सामना गर्नुले साउदी टिममा रहेको कमजोरी प्रस्ट भएको थियो ।

डोनिसले त्यस नतिजाबारे भनेका थिए, एउटा असाध्यै बलियो टिमविरुद्ध उत्तिकै खराब नतिजा । केप भार्डेविरुद्धको खेललाई लिएर पनि प्रशिक्षक डोनिस उत्साही छन् र त्यसमा आफ्नो टिमले राम्रो प्रदर्शन गर्नेमा विश्वास देखाइरहेका छन् । उनी भन्छन्, 'त्यो खेलमा हामीले पक्कै पनि लयमा देखिन्छौं र माथिल्लो स्तरको फुटबल खेल्नेछौं । हामीले प्रस्तुत गर्ने चुनौती बलियो रहनेछ ।'

# अझै छ 'ह्यान्ड अफ गड' को चर्चा

एरिङ्टन (एएफपी)- विश्व फुटबल इतिहासको यो एउटा यस्तो घटना हो, जसलाई सबैभन्दा बढी विवादास्पद मान्न सकिन्छ ।

घटना भएको ४० वर्ष पुगेको छ । तर अर्जेन्टिनी समर्थक अझै पनि डिएगो म्याराडोनाको 'ह्यान्ड अफ गड' लाई लिएर माफी माग्ने पक्षमा छैनन् । बरू, यसलाई केही चलाखी मान्छन् अनि केही फुटबलमा जित नै सबथोक हो भन्छन् ।

दिन थियो, सन् १९८६ को जुन २२ । मेक्सिकोको प्रसिद्ध स्टाडियो एज्टेका स्टेडियम । त्यस विश्वकपको क्वाटरफाइनलमा अर्जेन्टिना र इंग्ल्यान्डबीच खेल भएको थियो । खेलको पृष्ठभूमिमा व्यापक राजनीतिक तनाव थियो । किनभने यी दुई देशले सन् १९८२ मै मात्र फकल्यान्ड युद्ध लडेका थिए । यही खेलमा म्याराडोना दुई गोल गरे । ती एक आपसमा नितान्त विपरीत शैलीका गोल थिए ।

यिनै म्याराडोनाको सन् २०२० को नोभेम्बर २० मा निधन भइसकेको छ । पहिलो गोलका लागि म्याराडोनाले इंग्ल्यान्डले बक्समा दौडिए, इंग्लिस गोलरक्षक पिटर सिल्टनसँगै उफ्रे र बललाई हातको मदतमा पोस्टको दिशा दिए । इंग्लिस खेलाडीको विरोध र आश्चर्यका बावजुत त्यो गोल कायम रह्यो । विश्वभर टेलिभिजनबाट खेल हेलिरहेका करोडौंले त्यो गोलले मान्यता पाएकामा विश्वास गर्न सकेनन् ।

त्यसैको चार मिनेटपछि म्याराडोनाले मैदानको आधा भाग दौडिएर एक्लै बल अगाडि लगे अनि इंग्ल्यान्डका ६ खेलाडीलाई एकपछि अर्को छलाएर गोल गरे । यसलाई शताब्दीकै गोल पनि भनिन्छ । पछि म्याराडोनाले सेमिफाइनलमा बेल्जियमविरुद्ध थप दुई गोल गरेका थिए । फाइनलमा भने अर्जेन्टिनाले तत्कालीन पश्चिम जर्मनीलाई ३-२ ले हराएर उपाधि जितेको थियो ।

खेलपछि आयोजित पोस्टम्याच कन्फ्रेन्समा म्याराडोनाले यो गोललाई 'ह्यान्ड अफ गड' को संज्ञा दिएका थिए । पछि यही शब्द विश्व फुटबलको दन्त्यकथाको एउटा अंग बन्यो । न म्याराडोना न त अर्जेन्टिनाले यस गोललाई लिएर माफी मागेका छन् । यसै कारण अहिलेसम्म पनि इंग्लिस खेलाडी र समर्थकको रिस सेलाएको छैन । ४० वर्ष बितिसक्दा पनि अर्जेन्टिनी समर्थक भने माफी माग्नुपर्ने पक्षमा छैनन् ।

टेक्सासमा अस्ट्रियाविरुद्धको खेलका क्रममा एक समर्थकले भने, 'मलाई त्यो ह्यान्ड अफ गडबारे कुरा गर्नु नै छैन । मेरो ध्यान त दोस्रो गोलमै मात्र छ । यो नै विश्वकपको अहिलेसम्मकै उत्कृष्ट गोल हो ।'

एक्लेस नामका ती समर्थक के मान्छन् भने म्याराडोनाको पहिलो गोल बेइमानीले गरिएको मान्छन् । ५२ वर्षीय ती समर्थकले थपे, 'म्याराडोना यस्तै खेलाडी हुन्, उनको गोल बेइमानी नै थियो ।'

ती समर्थकले त्यो खेल घरमा टेलिभिजनबाट हेरेका थिए । उनले अगाडि भने, 'यो गोलको मिडियाले व्यापक चर्चा गरिरह्यो, त्यसैले यसबारे सबैलाई थाहा छ । मलाई लाग्छ, हामी सबैको ध्यान दोस्रो गोलमै मात्र हुनुपर्छ ।'

ओजिल आर्नन्ड नामका अर्का समर्थक पनि अस्ट्रियाविरुद्धको खेलमा उपस्थित थिए । उनले पनि त्यो बेला म्याराडोनाको खेल टेलिभिजनमा हेरेका थिए । उनी भन्छन्, 'सबैले भन्छन्, युद्ध र प्रेममा सबथोक जायज हुन्छ । खेलमा पनि त्यस्तै हो । त्यो खेलमा पक्कै पनि बेइमानी थियो । तर जित भनेको जित नै हुन्छ ।'

यस्तै २० वर्षीय रोमन कास्टेल्स नामका समर्थक त्यो गोलका बेला जन्मेकै थिएनन् । तर उनलाई यसबारे सबै जानकारी छ । उनी यो गोललाई विवादास्पद नै मान्छन् । उनी भन्छन्, 'अब त फुटबलमा भार आइसक्यो, यस्तो घटना फेरि कहिल्यै दोहोरिने छैन ।'

उनले थपे, 'त्यो गोल वास्तवमै अद्वितीय थियो पनि भन्न सकिन्छ । अहिले त भारको प्रयोग आइसकेको छ, त्यसैले समय बलवान हुन्छ भनेको । मलाई लाग्छ, म्याराडोनाका दुवै गोल आफैंमा उत्कृष्ट छन् । हामी म्याराडोनालाई देउता जत्तिकै मान्छौं । उनी जहिल्यै हाम्रो लागि देउता जस्तै रहनेछन् । त्यसैले त्यो गोल देउताको हातकै हो ।'




| | | |
|---|---|---|
| अर्जेन्टिना | २-० | अस्ट्रिया |
| फ्रान्स | ३-० | इराक |
| नर्वे | ३-२ | सेनेगल |
| अल्जेरिया | २-१ | जोर्डन |




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी